# अध्याय - एक

## परिचय

### १.१ पृष्ठभूमि

शिक्षा समाजको सामाजिकीकरणको महत्त्वपूर्ण माध्यम पनि हो । शिक्षाका माध्यमबाट समाजमा विकसित ज्ञान, संस्कृति, मूल्य मान्यता, भाषा, कला, साहित्य, प्रविधि आदि मानव समुदायमा हस्तान्तरित हुन्छन् । यस्ता पक्षहरू शिक्षाकै माध्यमबाट एक व्यक्तिवाट अर्को व्यक्ति र एक पुस्तावाट अर्को पुस्तासम्म हस्तान्तरित हुने गर्दछन् । यो प्रक्रिया निरन्तर चलिरहन्छ । यसैले शिक्षालाई  एउटा महत्त्वपूर्ण सामाजिक संस्थाका रूपमा लिन सकिन्छ । यसै गरी शिक्षा सामाजिक जागरण, चेतना र एकताको माध्यम पनि हो । तर शिक्षामा रहेको असमान पहुँच र ब्यावहारिक शिक्षाको अभाव आजको समाजमा चुनौतीका रूपमा रहेको छ । महिलाको शिक्षामा न्यून पहुँच रहेकाले स्रोत, अधिकार र स्वतन्त्रताका सवालमा उनीहरूको प्रभाव र प्रभुत्व रहन सकेको छैन ।

नेपाल बहुजाति, बहुभाषिक, बहुधार्मिक र बहु-संस्कृतिमा आस्थावान् व्यक्तिहरूको साझा घर हो, यी सम्पूर्ण सामूहिक विकासबाट नै नेपालको विकास सम्भव छ । तसर्थ, नेपालको शैक्षिक विकास तबमात्र सम्भव हुन्छ । जब सबै जातजाति, भाषा, धर्म संस्कृति र सम्प्रदायका व्यक्तिहरू लाई शिक्षामा समान रूपले पहुँचको अवसर प्रदान गरिन्छ । नेपालको वर्तमान अवस्थालाई विश्लेषण गर्दा दलित, जनजाति तथा महिलाहरूको सहभागिता न्यून देखिन्छ । साथै विद्यालय छाड्ने दर र कक्षा दोहोऱ्याउने दर पनि तुलनात्मक रूपमा उच्च देखिन्छ । अत : सकारात्मक विभेदीकरणको नीति अपनाई यी वर्गहरूलाई शिक्षाका मूल धार समान सहभागिता नगराएसम्म शिक्षामा अपेक्षित उपलब्धि हासिल गर्न असम्भव हुने देखिन्छ । (शर्मा २०६५)

मानिसको सभ्यताको विकास क्रमसँगै शिक्षाको विकास पनि जोडिएको हुन्छ । मानिसको जीवन सार्थक बनाउन शिक्षा अनिवार्य छ । शिक्षाविना मानिसको जीवन अन्धकारमय हुन्छ, त्यसैले उपयुक्त शिक्षा प्रदान गर्नाका लागि शिक्षा लिने दिने प्रक्रियाहरूमा व्यापक सुधार भएको पाइन्छ । विद्यालय विद्यार्थीहरूको औपचारिक शिक्षा आर्जन गर्ने स्थल हो । विद्यालय शिक्षाको प्रमुख उद्देश्य विद्यार्थीहरूको ज्ञान, सीप, दक्षतामा

अभिवृद्धि गरी व्यावहारिक परिवर्तन ल्याउनु हो । पाठ्यक्रमका निर्दिष्ट उद्देश्य प्राप्त गर्ने स्थल विद्यालय हो । शिक्षा नै ज्ञानको प्रमुख स्रोत भएकाले शिक्षा व्यक्तिको आफ्नो दैनिक क्रियाकलापहरू सु-व्यवस्थित हुन नसक्नुका साथै उसको सर्वागीण विकास हुन सक्दैन । नेपालमा शिक्षाको विकासलाई हेर्दा प्राचीनकाल, गुरुकुल, पितृकुल, राजकुल, ऋषिकुल पद्धतिबाट शिक्षा सञ्चालन भएको पाइन्छ । प्रथम शिक्षिका आमा हुन्थिन् । उनैबाट दुई तीन वर्षसम्मका केटाकेटीहरू समाजमा शिष्टाचारको पाठ पढ्थे । शिक्षाको पहिलो खुड्किलो घर हो । त्यस पछि बावूले छोरालाई, छोराले नातिलाई आफ्ना-आफ्ना कुल धर्म आचरणमा चलिआएको धार्मिक तथा सामाजिक व्यवहार पेशा तथा व्यवसायमा परिचित गराउँथे । छोरा नातिलाई कम उमेरदेखि नै आफ्नो पेशामा संलग्न् गराएर शिक्षा दीक्षा दीदै जान्थे । त्यो शिक्षा व्यवसायमूलक हुन्थ्यो । आमा र सासूहरू तथा छोरी तथा बुहारीहरूलाई घर व्यवहारमा गर्नु पर्ने घर गृहस्थीका आवश्यक कुराहरू, कुलाचार, सामाजिक रीतिहरू तथा कर्तव्यका विषयमा तालिम दिदै जाने गर्दथे । त्यो परम्परा नै पछिसम्म चलिआएको थियो भन्ने कुरा भानुभक्तको वधू शिक्षाबाट पनि बुझिन्छ । (रायमाझी २०६१ )

सामाजिक, ऐतिहासिक, सांस्कृतिक र मनोवैज्ञानिक तरिका र प्रक्रियाबाट लोग्ने र स्वास्नी बनाइन्छ त्यसैलाई हामी लैङ्गिक भन्दछौं । यू.यन.डि.पि ले सन् १९९५ मा विकासलाई नारी/पुरुष दुवैमुखी बनाउनु पर्छ भन्ने अवधारणा ल्याएको थियो । तर जे-जति अवधारणा ल्याए पनि महिला र पुरुष बीचको खाडल अझ पनि मेटिन सकेको छैन । समाजमा महिला र पुरुषलाई हेर्ने हेराइ र व्यवहार विभेदपूर्ण छ । पुरुषको तुलनामा महिलालाई कामको भार बढी छ , तर पनि यस कामको समाजले मूल्य र मान्यता दिदैंन । आधा भन्दा बढी जनसङ्ख्या भएका महिलाहरूको पछौटेपनले सन्तुलित विकासमा बाधा पुग्दछ । त्यसैले महिलाहरूलाई शिक्षामा अवसर, न्यायोचित कानुनी व्यवस्था, सांस्कृतिक मूल्य मान्यतामा परिवर्तन, घरायसी कामको व्यवस्था केही पढे/लेखेका महिलाहरूको शैक्षिक वरोजगार छ । योजना तर्जुमादेखि कार्यान्वयनको चरणसम्म महिलाको सहभागिता, राजनैतिक क्षेत्रमा अवसर आदि समावेशीकरण गर्ने खालका नीति बनाउनु जरुरी छ । (शैक्षिक अभियान २०६५)

सायद यी सवै कुराबाट प्रभावित हुनुका प्रमुख कारणका रूपमा शिक्षा नै होला । शिक्षाविनाको जीवन अन्धकार नै छ । शिक्षाले नै मानव जीवनलाई अध्याँरोबाट उज्यालो

तर्फ लाग्न निर्देशित एवम् पथ प्रर्दशन गर्दछ । शिक्षाले मानवीय व्यवहारमा परिवर्तन ल्याउछँ, त्यसैले उचित शिक्षाविना मानवीय जीवन असफल वा अपूर्ण जस्तै हुन्छ । शिक्षाले समाजमा विद्यमान अज्ञानता, अन्धविश्वास एवम् कुरीतिहरूलाई हटाएर मानिसलाई चेतना प्रदान गर्ने गर्दछ । मानिस सभ्य एवम् सुशिक्षित बन्दछ । जसको फलस्वरूप शिक्षित मानिसले गरीबी र आर्थिक पछौटेपनबाट छुट्कारा प्राप्त गर्दछ । त्यति मात्र नभई शिक्षाका कारण परम्परागत रुढिवादी धारणा, मूल्य-मान्यता, अन्धविस्वास र कुरीतिहरूलाई त्यागदै आधुनिक, वैज्ञानिक र व्यावहारिक चिन्तनतर्फ उन्मुख भई सहज, सरल र सभ्य जीवन जीउनाका लागिसमेत सक्षम बन्दछ । (काफ्ले, २०६४)

यसरी समाजमा हुने गरेका लैङ्गिक विभेदमा महिला नै पिछडिएका छन् । जहाँ विभिन्न नीति नियम कानुनहरू निर्माण र सञ्चालन भए तापनि यसको उपयोगिता पूर्ण रूपमा पाएको छैन । किनकि वर्तमान समयमा महिलाको निमित्त धेरै अवसरहरू दिए पनि सम्पूर्ण महिलाले यो अवसर पाएका छैनन् । आंशिक मात्रामा मात्र भएकाले गर्दा शिक्षा क्षेत्र लगायत धेरै पक्षबाट महिला र पुरुषको वीचमा अन्तर पाइन्छ ।

समाजको विकासलाई अघि वढाउन शिक्षाको आवश्यकता हुन्छ । समाजको परिवर्तन र विकासलाई अघि बढाउन शिक्षा अपरिहार्य छ । देशको आर्थिक अवस्थामा सुधार ल्याउन, स्रोत र साधनको उपयोग गर्न तथा समाजमा भातृत्व र भाइचाराको विकास गर्न पनि शिक्षाको त्यति नै महत्त्व छ । आज विश्वमा नै महिला शिक्षाको स्थिति न्यून छ । त्यतिमात्र नभई जनजाति, आदिवासी तथा सुदूर पहाडी र ग्रामीण क्षेत्रका मानिसहरूको शिक्षामा कम पहुँच रहेको देखिएको छ । विकासको महत्त्वपूर्ण सूचकका रूपमा शिक्षालाई लिइएको छ । लैङ्गिक विकासको अवधारणा संगै महिला शिक्षामा लगानी बढ्न थालेको छ । वर्तमान अवस्थाको शिक्षा प्रणालीले आमूल रूपमा समाजको आवस्यकता र चाहनालाई प्रतिविम्ब गर्न सकेका छैनन् । यसका साथै वर्तमान अवस्थामा शिक्षामा देखिएको निजीकरणको प्रक्रियाले तमाम गरीबीको रेखामुनि रहेका नेपालीहरूलाई एक्काइसौं शताब्दीको शिक्षाको उज्यालाबाट वञ्चित पार्ने हो कि भन्ने संकेत देखिन थालेको छ । शिक्षामा वैज्ञानिकताका साथै व्यावहारिक शिक्षालाई देशको आवश्याकताअनुरूप विकसित गर्दै सबै वर्ग र समुदायको पहुँच रहन सक्ने गरी शिक्षाको विकास गर्नु पर्ने आजको आवश्याकता हो । जसले पुरुष तथा महिलालाई समान अवसर प्रदान गर्न सकोस् ।

## १.२ समस्याको कथन

समाजमा रहेको महिला पुरुषप्रतिको धारणा र विश्वासले गर्दा महिला र पुरुषलाई छुट्टा छुट्टै तह वा प्रकृतिको शिक्षा उपलब्ध गराउने कि नगराउने, कुन कुन विषयमा सहभागी गराउने ,कुन तहको शिक्षा उपलब्ध गराउने भन्ने तथ्यको निर्क्योल गरिन्छ । परम्परागत रूपमा नै महिलाहरू घरभित्रका कार्यमा सम्लग्न हूदै आइरहेको मा उनीहरूलाई उच्च शिक्षाको आवश्यकता छैन । यो अवस्था पुरुषहरूमा तुलनात्मक रूपमा न्यून छ । समाजमा सामाजिक लिङ्ग निर्माणको प्रक्रिया नै पूर्वाग्रही तथा विभेदपूर्ण भएका कारण यस प्रकारका अवस्था सिर्जना भएको हो । बढी आकर्षक क्षेत्र तथा निर्णय प्रक्रियामा महत्त्वपूर्ण मानिने स्थानमा महिलाहरूको उपस्थिति न्यून छ । यो सबै अवस्थाको महत्त्वपूर्ण कारक तत्त्व भनेको विभेदपूर्ण लिङ्ग निर्माणको प्रक्रिया नै हो ।

कानुनअनुसार महिला र पुरुष समान भए पनि सामाजिक, आर्थिक, धार्मिक,एवं राजनीतिक रूपमा महिला र पुरुषप्रति गरिने व्यवहार भने विभेदपूर्ण छ । महिलालाई पुरुष सरह ल्याउनको लागि राष्ट्रिय नीति नियम पनि तय भएका छन् । नीति नियमको नीर्माण भए पनि महिलामाथिको शोषण र दमन कायमै छ । यसले गर्दा उनीहरू अझै राज्यको मूलधारमा आउन सकेका छैनन् । परम्परावादी पितृसत्तात्मक सोचको कारण विशेष गरी ग्रामीण महिला घरकी लक्ष्मी हुन्, जुन घरभित्र नै सीमित रहनुपर्छ र घरभित्रका हरेक कामहरू खाना पकाउनेदेखि लिएर बालबच्चा बूढाबूढीको स्याहारसुसार, गाईवस्तुको रेखदेख संगै खेतीपातीसम्मका सबै कामहरू उनीहरूले नै गर्नुपर्दछ र यो काम पुरुषले गर्नुपर्दछ र यो काम पुरुषले गर्नु हुँदैन भन्ने जस्ता सोचका कारण पनि महिलाहरू पारिवारिक सञ्जालबाट मुक्त हुन सकेका छैनन् । त्यतिमात्र नभएर हाम्रो समाजमा महिलाहरूले घरायसी हिंसा, सामाजिक विकृति पनि चुपचाप सहेर बस्नुपर्ने बाध्यात्मक अवस्था रहेको छ ।

कानुनी रूपमा रहेको छोरा र छोरी दुवै बराबरी भन्ने मान्यतालाई सामाजिक रूपमा स्थापित गरी कार्यान्वयन गर्न सकिएको छैन । यसैलाई आधार मानी स्याङजा जिल्लाको कोल्मा गा.वि.स मा सञ्चालित उच्च मा.वी मा अध्ययनरत छात्रा-छात्रमा छात्राहरूले शिक्षामा कतिको समान अवसर पाएका छन् त ? शिक्षाको अवसरमा छात्राको सहभागिता

कति छ ? कक्षामा पुरुष साथीको व्यवहार के कस्तो छ ? शैक्षिक वातावरण विभेदमुक्त छ कि छैन ? महिला विद्यार्थी सुरक्षित महशूस गर्छन् कि गर्दैनन् ? र सहभागितामा लैङ्गिकताको प्रभाव कस्तो रहेको छ भन्ने कुरालाई मुख्य समस्या मानिएको छ । जसका लागि यस अनुसन्धानमा निम्न प्रश्नको उत्तर खोज्ने प्रयास गरिएको छ ।

१. यस उच्च मा.वि.मा वर्तमान अवस्थामा महिलाको शैक्षिक स्तर कस्तो छ ?

२. परिवारको आर्थिक र सामाजिक अवस्थाले छात्राको शिक्षामा पारेको प्रभाव कस्तो छ ?

## १.३. अध्ययनको उद्देश्य

### मूल उद्देश्य

कोल्मा उच्च मा.वि मा अध्ययनरत छात्राहरूको शैक्षिक अवस्थामा लैङ्गिकताले पारेको प्रभाव पत्ता लगाउनु ।

### विशिष्ट उद्देश्यहरू

१. उच्च मा.वि. मा अध्ययनरत छात्राहरूको शैक्षिक अवस्थाबारे खोजी गर्नु ।

२. छात्राहरूको अध्ययन स्तरमा परिवारको भूमिका पत्ता लगाउनु ।

## १.४ अध्ययनको महत्त्व

विशिष्ट रूपमा यो अध्ययन समाजशास्त्र विषयमा स्नातकोत्तर उपाधि प्राप्त गर्ने उद्देश्यले गरिएको हुनाले यसको प्रमुख महत्त्व यसैमा केन्द्रित रहेको छ । यो अध्ययन महिला शिक्षामा चासो राख्ने हुनाले केही मात्रामा अन्यलाई पनि उपयोगी हुनसक्ने अपेक्षा गरिएको छ । महिला र पुरुष समाजका महत्त्वपूर्ण दुई पाटाका रूपमा रहेको भए पनि प्रत्येक वर्षका तथ्याङ्कहरूले नेपालमा के देखाउँछ भने नेपाली महिलाहरूको सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक, औसत आयु पुरुषको तुलनामा अत्यन्तै न्यून स्थितिमा रहेको पाइन्छ । महिलाहरूलाई विभिन्न घरायसी काममा कृषि कार्यमा सहभागी हुनुपर्ने विभिन्न धार्मिक, सामाजिक, सांस्कृतिक बन्धनका कारण बाहिरी स्वतन्त्र त्यति नहुनाले घरभित्र नै सीमित रहनु पर्ने अवस्था छ । यस्ता समस्यालाई समाधान गर्न र स्वास्थ्य, पोषण, सम्पत्तिबारे ख्याल गर्न पनि शिक्षा अनि सीप विकास र ज्ञानको आवश्यक पर्दछ । यसको महत्त्वलाई तल प्रस्तुत गरिएको छ ।

१	यो छात्रा शिक्षामा चासो राख्ने समाजशास्त्र मानवशास्त्र अध्ययन गर्ने सम्पूर्ण विद्यार्थीहरूका लागि उपयोगी हुने छ ।

२	यो अध्ययन शैक्षिक स्तर वृद्धि गर्नमा पारिवारिक, सामाजिक, वातावरण कस्तो हुनुपर्छ भन्ने कुराको जानकारी लिन सहयोगी हुनेछ ।

३	उच्च मा.वि.का छात्राहरूको शैक्षिक अध्ययनमा भविष्यका अनुसन्धान कर्ताहरूका लागि उपयोगी सिद्ध हुनेछ ।

## १.५ अध्ययनका सीमाहरू

सामान्यतया विशुद्ध शैक्षिक प्रयोजनका लागि निश्चित समय, बजेट र स्रोत साधानको प्रयोग गरिएको छ । यो अनुसन्धान स्याङजा जिल्लाको सदरमुकाम पुतली बजार देखि १३ कि.मि. पूर्वी उच्च पहाडी भेगमा अवस्थित कोल्मा गा.वि.स मा रहेको कोल्मा उच्च मा.वि मा अध्ययनरत कक्षा ११ र १२ का छात्राहरू मा मात्र सीमित रहने छ । यस उच्च मा.वि.मा अध्ययनरत जम्मा विद्यार्थी सङ्ख्या ८९ र छात्राको सङ्ख्या ५६  रहेको  छ । यस अध्ययनले अन्य क्षेत्रलाई समेट्न भने सक्दैन ।

## १.६ शब्दावलीको परिभाषा

लैङ्गिकता : महिला र पुरुष बीच सम्बन्धलाई व्याख्या विश्लेषण र अध्ययन गर्ने बिषयलाई लैङ्गिकता भनिन्छ । यसले महिला र पुरुषको समान तरिकाले अध्ययन गर्दछ । तर पुरुषको तुलनामा महिलाको अवस्था ज्यादै पिछडिएको हुनाले महिलाहरूलाई पुरुषको स्थिती सम्म पुऱ्याई समान गतिमा अगाडि बढ्नुपर्छ भन्ने धारणामा आधारित रही तयार पारिएको दृष्टिकोण हो ।

साक्षरता : कुनै पनि व्यक्तिले लेख्न र पढ्न सक्ने क्षमता छ भने त्यसलाई साक्षरता भन्ने बुझिन्छ ।

निरक्षरता : निरक्षता भन्नाले लेखपढ गर्न नजान्ने अवस्थाको व्यक्तिलाई निरक्षर भनिन्छ ।

विभेद : एउटै काममा पनि फरक-फरक व्यवहार गर्नुलाई विभेद भनिन्छ ।

समानता : महिला र पुरुष बीच समान व्यवहार हुनुलाई समानता भनिन्छ ।

असमनता : महिला र पुरुष बिच एउटै व्यावहार नभएको अवस्थालाई असमानता भन्ने बुझिन्छ ।

सामाजिक रोक : मानिस जन्मेपछि समाजमा बाँधिएको हुन्छ । किनभने समाजमा विभिन्न मूल्य मान्यता रहेको हुन्छ । यही समाजको सामाजिक बन्धनमा बाँधिएर समाजले स्वतन्त्रता नदिएको अवस्थालाई सामाजिक रोक भनिन्छ ।

स्वतन्त्रता : स्वतन्त्रता भन्नाले खुला भन्नु हो । हाम्रो समाजमा महिला र पुरुषले स्वतन्त्रता रूपमा काम गर्न पाउनुलाई बुझिन्छ ।

## १.७ अध्ययनको सङ्गठनात्मक ढाँचा

प्रस्तुत शोधपत्रलाई मुख्यतया सात अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अनुसन्धानको उद्देश्य, शब्दावलीको परिचय, अध्ययनको महत्त्व तथा सीमाहरूलाई समावेश गरिएको छ । दोस्रो अध्ययनमा अध्ययनसँग सम्बन्धित पूर्वसाहित्यको समिक्षा अवधारणात्मक खाका राखिएको छ । तेस्रो अध्यायमा अध्ययन क्षेत्रको परिचय, अध्ययन क्षेत्र छनोट गर्नुको औचित्य अनुसन्धान ढाँचा, तथ्यांङ्को प्रकृति र स्रोत, समग्र नमुना छनोट विधि, तथ्यांङ्का सङ्कलनका विधि, पूर्व परीक्षण, अध्ययनका कठिनाइहरू, तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरणलाई समेटिएको हुन्छ । यसै गरि अध्याय चारमा विद्यालयको वस्तुगत विवरण, अध्याय पाँचमा उत्तरदाताको शैक्षिक अवस्था राखिएको छ । अध्याय छ मा शैक्षिक प्रभावमा परिवारले गर्ने विभेदले शिक्षामा परेको प्रभाव र विभेदलाई दर्शाएको छ । भने सातौं अध्यायमा अध्ययनको सारांश, निस्कर्ष र सुझावहरू प्रस्तुत गरिएको छ । अन्त्यमा अन्तर्वार्ता सूची तस्विरहरू राखिएको छ ।

# अध्याय-दुई

## साहित्यिक पुनरावलोकन

### २.१ सैद्धान्तिक पुनरावलोकन

शिक्षा (Education) भन्ने शब्द ल्याटिन भाषाको Educare बाट आएको हो । जसको अर्थ बाहिर निकाल्नु (Bring up) र क्रमश : विकसित गर्नु भन्ने हुन्छ । शिक्षाको महत्त्व दिनानुदिन बढ्दै गइरहेको छ । किनभने शिक्षित तथा सिपयुक्त जनशक्ति प्रतिव्यक्ति आय तथा जीवन स्तरमा वृद्धि गर्ने गतिविधिका लागि मात्र महत्वपूर्ण तत्व नभई ज्ञानको अनुसरण आफैमा एक साध्यसमेत हो । यो व्यक्ति परिवार समुदाय, राष्ट्र तथा राष्ट्रिय सीमा भन्दा बाहिरसम्मको जगत्का लागि अपार रूपमा छल्किएको लाभयुक्त स्वयम साध्य हो । समाजले तयार पार्ने नेतृत्वको गुणस्तरसगँ पनि शिक्षाको प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ । (सुवेदी २०५९)

शिक्षालाई समाजशास्त्रको रूपमा बुझ्नु पर्दा दर्शनशास्त्र साथै समाजशास्त्रीय अवधारणा, शैक्षिक क्रियाकलाप र बालबच्चाहरूको व्यक्तित्व र संस्कृतिहरूलाई सामाजिक रूपमा पुनरूपादन गरी ज्ञानको व्यवस्थापन गर्नु भन्ने बुझिन्छ । यो बढी मात्रामा आधुनिक, औद्योगिक समाजको सार्वजानिक स्कूलिङमा सम्बन्धित रहेको छ । शिक्षा केही मात्रामा आम्दानीसम्बन्धी आशावादी रही मानव शिक्षाको क्षेत्रमा प्रगति र सुधार गर्ने प्रयत्न गर्नु यसको विशेषता हो । द्वितीय विश्वयुद्धपछि विश्वमा शिक्षाप्रति नयाँ विचारको आवश्यकता ठानियो । समाजशास्त्रीय अध्ययनले स्कूलिङको पद्धतिमा कस्तो असर पार्छ साथै प्रतिस्पर्धा, वर्ग स्तरीकरण, रङ्गविभेद र यौनिकतामा अध्ययनले विशेष जोड दिन्छ । (dictionary of sociology 1994)

समाजले महिलालाई अहिले पनि दोस्रो दर्जाको नागरिकका रूपमा हेर्नु र रहनु पर्ने बाध्यता कतिपय समाजमा रहेको पाइन्छ । यसरी महिला सीमित रूपमा घरायसी कामकाजमा मात्र व्यस्त रहनुपर्ने पाइन्छ । यसकारण समाजमा रहेको लैङ्गिक असमानताको कारणबाट महिलाहरू शिक्षाको क्षेत्रमा पछाडि परेको छन् । जसरी लिङ्ग शब्दले महिला र

पुरुष शरीरको भिन्नता जनाउँछ र लैङ्गिक (जेण्डर) शब्दले मनोवैज्ञानिक, सामाजिक, सांस्कृतिक भिन्नतालाई बुझाउँछ। (गिडेन्स २००१ : १०७)

लिङ्ग एक जैविकीय परिभाषिक शब्द हो भने जेण्डर सामाजिक र सांस्कृतिक हो । सामन्य ज्ञानबाट हेर्दा यी दुबै विभाजन देख्ने केवल दुई अलग तरिका हुन्। कुनै पनि व्यक्ति एक खास लिङ्गको हुन्छ। एक पुरुष पेशा र व्यक्तित्वको पनि उत्तिकै हात हुन्छ जति एक खास किसिमको नारीत्व हुन्छ। (ओकली, १९८५)

लिङ्गले खास गरी व्यक्तिको जैविक पुरुषत्व र नारीत्वलाई जनाउने गर्दछ। जेण्डरले पुरुषत्व र नारीत्वको समाजिक, सांस्कृतिक, मानसिक पक्षहरूलाई बुझाउँछ। (ज्वाँटिभिन, १९९३ )

## २.२ लैङ्गिक अध्ययन

मानव समाजको वास्ताविकतालाई केलाएर बुझ्नाका लागि महिला र पुरुषलाई बुझ्ना अति आवश्यक छ। जैविक दृष्टिकोणको आधारमा पुरुषले यो काम गर्ने र महिलाले यो काम गर्ने भनी विभाजन गर्दछ , भने त्यसलाई जेण्डर भनिन्छ। हरेक समाजमा महिला र पुरुष हुँदैबाट समाजले केही अपेक्षा गरेको हुन्छ। वास्तवमा त्यही अपेक्षाकृत भूमिका गर्ने जेण्डर हो । जेण्डरले महिला र पुरुषको सामाजिक, सांस्कृतिक अतिरिक्त आर्थिक विशेषतालाई पनि जनाउँछ। प्रत्येक व्यक्तिमा स्त्रीत्व र पुरुषत्वको गुण हुन्छ। तर समाजले केटी भित्र लुकेको पुरुषत्व र केटाभित्र लुकेको स्त्रीत्वलाई बाहिर ल्याउन अर्थात् मौलाउन दिँदैन ( भासिन, १९९३ )।

## २.३ महिला शिक्षामा लैङ्गिक अवधारणा

जैविक दृष्टिकोणको आधारमा पुरुष र महिलाको कार्य विभाजन भएको हुन्छ। जसले गर्दा लिङ्गका आधारमा महिला पुरुषको लैङ्गिक स्तरीकरण, सम्पति, प्रतिष्ठा शक्तिको असमान वितरणका आधारमा हुने गर्दछ। प्राकृतिक रूपमा रहेको विभेदलाई आधार लिएर महिलालाई सामाजिक रूपमा विभेद गरिएको छ। यसै कारण महिला हरेक क्षेत्रमा पछाडि परिरहेको छ। यस्तो अवस्थालाई समाधान गर्नाका निम्ति र महिलाको स्तर वृद्धिका लागि समाजले अवसर दिएरमात्र नपुग्ने देखिन्छ । त्यसको लागि समान अवसरको संरक्षण कोटाको

आवश्यकता पनि देखिन्छ । महिलालाई महिलाभित्रै प्रतिस्पर्धा गराउने गर्नु पर्दछ । महिला पछाडि पर्नुमा शिक्षालाई लिन सक्छौं भने शिक्षामा कमी हुनुमा सामाजिक, सांस्कृतिक, आर्थिक र लैङ्गिक कारण नै रहेको हुन्छ त्यसकारण महिलाको स्तर विकास नगर्दासम्म पूर्णरूपमा सामाजिक विकास हुन सक्दैन । महिला समाजको एउटा पाटो हुनाले महिला शिक्षित भए परिवार पूर्ण रूपमा शिक्षित हुन्छ भने महिलाहरू अशिक्षित भए परिवार र समाज पूर्णरूपमा अशिक्षित हुन्छ । (आचार्य, २०६१)

प्रकृतिले सृष्टिका सम्पूर्ण प्राणीहरूमा पुलिङ्ग तथा स्त्री लिङ्ग भनी छुट्याएकोले नै समान दायित्व प्रदान गरेर महिला र पुरुष जीवनका धेरै आयाम तथा परिस्थितिहरूमा सहयोगात्मक साझेदारी गर्दछन् । महिलाहरू प्रतिकूल वातवरणमा पनि जटिल र व्यापक रूपले सहयोग गर्दछन् । (दास, २०५७)

यसरी असन्तुलित महिला र पुरुष बीचको सम्बन्धलाई सन्तुलित ल्याउनाका लागि कमजोर पक्षहरूमध्ये अझ शिक्षालाई बढी ध्यानमा राखेर अगाडि बढ्यो भने सायद महिला र पुरुष बीचको खाडल मेटिन पुग्दछ भन्ने कुरामा जोड दिनु पर्छ भन्ने धारणा रहेको छ ।

विश्वभरि नै शैक्षिक स्थितिलाई अवलोकन गर्ने हो भने प्राय : धेरै देशहरूमा शुरुको वालशिक्षा नर्सरी र किन्डर गार्डेनको व्यवस्था शिक्षाको शुरुबाट गर्ने प्रचलनहरू रहेका पाइन्छन् । प्रायः औद्योगिक देशहरूमा जस्तै जापान, अष्टेलिया र पश्चिमी यूरोपपियन मुलुकहरूमा ९-११ वर्ष सम्मका सबै बालवालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय उपस्थितिका लागि वातवरण तयार पारिएको हुन्छ । जहाँ राज्यले प्राथमिकदेखि माध्यमिक शिक्षासम्म निःशुल्क गरेको पाइन्छ । प्रजातन्त्रको जननी भनिने वेलायतमा ९३ प्रतिशत बालवालिकाहरू सरकारी विद्यालयमा पढ्छन् । बाँकी ७ प्रतिशत मात्र निजी स्कूलमा अध्ययन गर्दछन् । प्राय : विश्वमा प्राथमिक, माध्यमिक र उच्च तहको अध्ययनपद्धति लागू भएको पाइन्छ । वेलायतमा पनि प्राथमिक र माध्यमिक तहमा ५-१६ वर्षका विद्यार्थीहरू पूर्णकालीन रूपमा अनिवार्य शिक्षा प्राप्त गर्दछन् । जबसम्म उच्च शिक्षामा पुग्दैनन् । त्यस वेलासम्म बेलायतमा व्यावसायिक शिक्षा प्रदान गरिदैन । त्यहाँ प्राथमिक, द्बितीय र थप गरी तीन तहमा शिक्षा प्रदान गरिने प्रचलन रहेको छ । उच्च शिक्षामा खुला विश्वविद्यालयका अवधारणाअनुसार पनि धेरै बसेर उच्च शिक्षा अध्ययन गर्ने व्यवस्था बेलायतमा रहेको छ ।

नेपालको छिमेकी देश भारतका १२ राज्यमा मात्र ११-१४ वर्षसम्मका बालवालिकाहरू निःशुल्क शिक्षाबाट लाभान्वित भएका छन् । उच्च शिक्षाको १८-२३ वर्षसम्मका विद्यार्थीहरू २५ प्रतिशत मात्र नियमित उपस्थित हुन पुग्छन् । भन्डै ५ हजार (४८५०) को सङ्ख्यामा रहेका कलेज तथा विश्व विद्यालयहरूले भारतीयहरूलाई उच्च शिक्षाको अवसर प्रदान गरेका छन् । (जोशी, २०६२)

## २.४ नारीवाद आन्दोलन

नारीवाद समाजको आधुनिक ढङ्गबाट विश्लेषण गर्ने एक सिद्धान्तको रूपमा आएको छ । परम्परागत रूपमा विकसित हुँदै आएका जति पनि सिद्धान्तहरू छन् ती सबै पुरुष केन्द्रित रहेको जसमा केवल पुरुषलाई मात्र उच्च र फाइदा हुने ढङ्गबाट व्याख्या गरिएको पाइन्छ भन्दै नारीवाद सर्वप्रथम सन् १८३० मा संयुक्त राज्य अमेरिकामा देखा परेको हो ।

सन् १८३० मा दासताविरुद्ध सङ्घर्ष गर्नाका लागि सङ्गठित समूहसँगै नारीवादको उत्पत्ति हुन पुगेको हो । नारीवादमा पहिलो धारको उत्पत्ति सन् १९४८ मा Elizabeth Cady santon र Lucretia Mott ले न्यूर्योकमा महिलाहरूको मुद्दामा आवाज उठाउनाका लागि आयोजना गरेका सम्मेलनबाट भएको हो । सन् १९६३ मा Betty Friend को "The Feminine Mystique" प्रकाशित भयो । तत्कालीन समाजमा व्याप्त रहेको महिला अधीनतालाई यस पुस्तकले राम्रोसँग चित्रण गरेको छ । प्रस्तुत पुस्तक नारीवादी आन्दोलनमा दोस्रो धारको महत्त्वपूर्ण जग मानिन्छ । सन् १९८० को दशक पछाडि विकसित भएको नारीवादको तेस्रो धारले महिलाहरू बीचमै हुने भिन्नताहरूमाथि आफ्नो ध्यान केन्द्रित गरेको छ । नारीवादमा तेस्रो धारले महिला अनुभवहरूको विविधताको चित्रण गरेको पाइन्छ (पौडेल २०५९)

### २.४.१ नारीवादी सिद्धान्तहरू

महिलावादको विकास १९९० को समयपछि व्यापक भएको पाए पनि शुरुवात भने निकै अगाडि देखि भएको पाइन्छ । महिलावाद एक यस्तो दृष्टिकोण हो । यसले महिलाको सामाजिक, आर्थिक, राजनैतिक आदि पक्षलाई बुझ्ने प्रयास गर्छ ।

महिलावादको कुनै यस्तो व्यापक र सवै मान्य परिभाषा छैन । महिलावादको परिभाषा र यसको समाज अथवा समयअनुसार वदलिरहन्छ । यसका रूप समाजको आर्थिक, सामाजिक स्थिति, समझदारी र चेतनामा निर्भर गर्दछ । सत्रौं शताब्दीमा महिलावादको पहिलो प्रयोग भएको थियो । त्यसवेला यसको विशेष अर्थ थियो । पछि आएर यसको अर्थमा परिवर्तन हुदै गइरहेको छ । महिलाको वर्ग पृष्ठभूमि, शिक्षा र चेतनाको स्तर आदिका अनुसार विभिन्न महिलाहरूले भिन्न भिन्न तरिकाबाट आ-आफ्ना अभिव्यक्ति प्रकट गर्न सक्दछन् । यहाँ सम्म कि एकै किसिमका महिलाहरूका वीचमा पनि अलग अलग धारणाहरू छन् । महिलावाद सम्बन्धमा एउटा परिभाषा यसरी गर्न सकिन्छ । "समाजमा काम गर्ने ठाउँमा परिवारमा हुने महिलाको दमन दुवैद्वारा यो अन्यायपूर्ण अवस्था वद्लने दिशामा जागरूप सक्रियता नै महिलावाद हो" । (भासिन, २०००)

### क) आमूल महिलावाद

आमूल महिलावाद समाजका प्रत्येक तहका महिलाहरूमा देखिएका छन् । त्यसैले सामाजिक, सांस्कृतिक तथा आर्थिक सन्दर्भमा महिलाको विश्वव्यापी अवमूल्यनलाई निर्मूल पार्न महिलाको सामाजिक मूल्यको खोजी गर्नुपर्ने तथ्यमा जोड दिन्छ । यो आमूल महिलावाद सन् १९६० को दशकको अन्त्यतिरबाट बढी प्रभावशाली बन्यो । यसले समाजको प्रत्येक जात, वर्ण, संरचना संस्थामा दमन, विभेद र असमानता रहे पनि लैङ्गिक विभेदको जटिलतालाई जोड दिन्छ । यस्ता लैङ्गिक विभेदको महत्त्वपूर्ण कारकतत्व भने पितृसत्ता अन्तरगतको सामाजिक सम्बन्ध हो भन्ने बुझाई आमूल महिलावादीहरूको रहेको छ । यिनीहरूका अनुसार महिला विभेद र दमनको प्रारम्भिक थलो परिवार हो । जहाँ प्राकृतिक लिङ्गका आधारमा श्रम विभाजन र यसै अनुरूपका सामाजिकीकरण तथा भूमिका हस्तान्तरण हुने गर्दछ । (आचार्य : २०६२)

### ख) मार्क्सवादी महिलावाद

मार्क्सवादीहरूले तर्क गर्छन् कि पूँजीवादी प्रथालाई नहटाएसम्म महिलाहरूले समान समाजवादी महिलावादीहरू महिलाको भूमिकाको व्याख्या गर्दा लिङ्गका आधारमा रहेको श्रम विभाजनको अवस्थाको विश्लेषण गदर्छ । समाजवादी महिलावादी सम्प्रदायले उत्पादन व्यवस्थाको पुन संरचनाबाट सामाजिक समानता कायम गर्न सकिने धारणा उनीहरूको

रहेको छ । महिलालाई असमान ज्याला दिइएको छ बढी समय काम गर्छन्, कमसल कम उत्पादनशील कार्यमा उनीहरू संलग्न छन्, जुन व्याख्या समुदायसापेक्ष गरिनु आवश्यक छ । (रिटजर, १९९६)

मार्क्सका लागि मानिसका सबैभन्दा आधारभूत आवश्यकता भनेको भोजन, कपडा र आवास हुन् । यी आवश्यकता परिपूर्ति गर्ने सिलसिलामा उनले २ वटा कुरामा जोड दिए । कसरी वस्तु उत्पादन प्रक्रियाले सामाजिक सम्बन्धमा असर पार्छ ? मानिसमा सामाजिक जीवन बुझ्न हामीले मानिसका उत्पादन प्रक्रियामा उसको भूमिकाको विचार गर्नु पर्ने हुन्छ । जसले उत्पादन प्रक्रियालाई नियन्त्रण गर्दछ । उसले नोकरीमा पनि नियन्त्रण गर्छ । भने पूँजीपतिहरूले मजदूरहरूलाई शोषण गर्छन् र प्रतिष्ठा तथा सम्पति आर्जन गर्छन् । मार्क्सवादी महिलाहरू र पुरुषवीचको सम्बन्ध वैज्ञानिक आधारमा विश्लेषण गर्दछन् । जसमा महिलाहरू माथि रहेका सामाजिक, आर्थिक तथा सांस्कृतिक विभेदहरूको अन्त्य गरी उत्पादन शक्ति माथिको पहुँच बढी मजबूत गर्नु पर्ने तथ्यमा जोड दिन्छन् । महिलाहरूमा भएको ज्ञान, सीप र क्षमताको प्रयोग गर्नुपर्दछ । मार्क्सवादी महिलावादका अनुसार समाजको विश्लेषण जसरी वर्गीय आधारमा गर्नु जरुरी छ, त्यसरी नै लैङ्गिक आधारमा गर्नु आवश्यक छ -आचार्य, २०५९) ।

**ग) समाजवादी महिलावाद**

समाजवादी महिलावादले लैङ्गिक दमनलाई वुझ्न सामाजिक कारक तत्वको खोजीलाई जोड दिदै महिलाप्रतिका विभेद पुरुष र महिला स्वयंबाटै भएको ठान्दछ । जसका पछाडि पितृसत्तात्मक ढाँचाले निकै ठूलो भूमिका निर्वाह गर्न सक्छ । समाजवादी महिलालाई मार्क्सवादी तथा उदार महिलावादको संश्लेषणको रूपमा लिइन्छ । जसमा महिला स्वतन्त्रताका साथै वर्गीय आधारमा लैङ्गिक विभेदका अवस्थालाई उठाइएको छ । यस समाजवादी महिलावाद सम्प्रदायले समाजमा रहेका सबै प्रकारका अन्यायको खारेजीलाई जोड दिन्छ । जसमा बुर्जुवा परिवारको पुनर्संरचना गरी घरायसी दासताबाट महिलाको मुक्तिलाई निकै महत्त्वका साथ उठाइएको छ । यिनीहरूले सबै प्रकारका विभेदको अन्त्यका लागि राज्य नियन्त्रित राजनैतिक अर्थव्यवस्थाको आवश्यकता ठान्दछन्, तर काममा व्यक्तिगत स्वतन्त्रतालाई पनि त्यत्तिकै जोड दिएका छन् । समाजवादी महिलावादले

सामाजिक दमन र लैङ्गिक दमन र वर्ग दमनलाई दमनको खोज गर्ने आधारका रूपमा लिई महिलामाथि हुने गरेका विभिन्न प्रकारका विभिन्नताहरूलाई पूजीवादी पितृसत्ताले भन्दा बढी सामाजिक दमनले प्रभाव पारेको ठान्दछन् । यस धारणाले एउटा दमित महिलाले अर्को महिलालाई दमन गर्न पुग्छन् भन्ने कुरामा जोड दिन्छन् । समाजवादी महिलावाद सिद्धान्तले आर्थिक कारणले मात्र महिला र पुरुष बीचको असमानता भएको हो भन्ने कुरा मान्दैन (रिटजर, १९९६) ।

समाजवादी महिलावादीहरू पितृसत्तालाई अपरिवर्तनीय र सार्वभौम मान्दैन । उत्पादनको तरीकामा परिवर्तन हूदा पुरुष र महिलाको पारस्परिक सम्बन्धमा पनि परिवर्तन हुन्छ भन्ने मान्दछन् । समाजवादी महिलावादी जिलाहा आईन्सटाइनका भनाई अनुसार महिला दमनको मूल कारण पुरुषको प्रभुत्व र पूजीँवादी व्यवस्थाको गठबन्धन हो । उनका भनाई अनुसार समाजमा एकातिर पूजीवादी श्रम प्रक्रिया छ, जसमा श्रमिकको शोषण हुन्छ अर्कातिर पितृसत्तात्मक लिङ्गमा आधारित पदानुक्रम छ जसमा आमा घरेलु श्रमिक र उपभोक्ताको रूपमा महिलाको दमन गरिन्छ । पितृसत्ता सीधै पुरुष र महिला वीचको जैविक फरकको नतिजा होइन तर यसमा के कस्तो किसिमको विचारधारा र राजनैतिक स्तरमा त्यस भिन्नताको व्याख्या गरिन्छ । यसलाई नै प्रजननको सामाजिक सम्बन्ध अथवा लिङ्ग जेन्डर व्यवस्था भनिन्छ । प्रजनन सम्वन्ध खास गरेर पूजीँवादी सम्बन्ध नभई सांस्कृतिक सम्वन्ध हो जुन एक ऐतिहासिक युगदेखि वर्तमान समयसम्म चल्दै आएको छ । समाजको आर्थिक ढाँचा बदलेर जाला तर पितृसत्तालाई बदल्न त्यति सजिलो छैन । प्रजननको सामाजिक सम्बन्ध एउटा उचनिच प्रणालीका रूपमा स्थापित हुन्छ र अनेक सामाजिक व्यवस्थामा प्रयोग गरिन्छ यसमा पूजीँवादी पनि व्यवस्था पनि पर्न जान्छ । (भाषिन, १९९३)

**घ) उदारवादी महिलावाद**

उदार महिलावादीहरूले महिलालाई स्वतन्त्रता उपलब्ध गराउन सकिएमा समान अवसरहरू प्रदान गर्न सकिएमा महिलाप्रतिका गलत मान्यता र सामाजिकीकरणको प्रक्रियाबाट समाजलाई मुक्ति दिलाउन् सकिएमा मात्र महिला विकासको अवस्था सफल हुन सक्छ भन्ने व्याख्या र विश्लेषण गर्दछ, तर यिनीहरूले पितृसत्तात्मक शक्ति सम्बन्धका बारेमा चर्चा गरेका छैनन् । यसैगरी उदार महिलावादी महिलालाई प्रजनन् अधिकारका

सवालमा स्वतन्त्र अधिकार हुनुपर्नेमा जोड दिन्छन् । जब कि आफ्नो शरीरको प्रयोग गर्ने सम्बन्धमा पनि पुरुषको नियन्त्रण रहनुलाई निकै नकारात्मक रूपमा लिएका हुन्छन् (रिटजर, १९९६) । उदारवादी महिलावादीहरू महिलाप्रति पूर्वाग्रही सामाजिक, साँस्कृतिक र कानूनी रूपले स्थापित संस्थागत बन्धनहरूको उन्मूलन गर्ने कार्यमा संलग्न भएको देखिन्छ साथै विकल्पहरूमा उनीहरूले उपयुक्त कानुन निर्माण गर्ने र कार्यान्वयन गर्ने कुरामा जोड दिन्छन् । जस्तो अमेरिकामा उदारवादी महिलाहरूले ऐतिहासिक रूपमा पुरुष सरह महिला अधिकारका लागि काम गरिरहेका छन् । नेपालमा पनि यौन स्वतन्त्रता र महिलाको व्यक्तिगत अधिकारको माग गर्ने महिला विरुद्धका सबै खाले कानूनको खारेजी गर्न र उपयुक्त कानूनको निर्माण गर्नाका लागि दवावमा कार्यहरू भइरहेका छन् । उदारवादी नारीवादीहरूले उठाएका प्रमुख मुद्दाहरू सन्तान उत्पादन र गर्भपतन सम्बन्धी अधिकार, यौन दुरुत्साहन, मताधिकार र शिक्षा, समान कामका लागि समान ज्याला, सर्वसुलभ बाल हेरचाह, स्वास्थ्य सेवा र सुविधा महिलाविरुद्ध हुने घरेलु हिंसा हुन् ।

असमान श्रमविभाजनले गर्दा महिला र पुरुष दुवै समान रूपमा पीडित छन् । महिलाहरूलाई गरिने विभेदको कारण उनीहरूले समान अवसर प्राप्त गर्दैनन् जसले गर्दा लाभमा पनि असमान हुन्छ । उदारवादी महिलाहरूले कान्तिकारी परिवर्तनमा भन्दा प्रजातान्त्रिक प्रकियाले समाज सुधार गर्नमा जोड दिन्छन् । जसले महिलालाई उच्च तहको पदमा रहेर काम गर्ने स्थितिको सृजना गर्दछ । (आचार्य २०६१)

### २.४.२ जेन्डर (लैङ्गिक) विकासको मुद्दाका रूपमा

विकास प्रकियामा जेन्डर विकासको अवधारणा एउटा प्रभावकारी रणनीतिको रूपमा लिइएको छ । दोस्रो विश्वयुद्धपछि नवस्वतन्त्र राष्ट्रहरूलाई गरीबी र अविकासको स्थितिबाट मुक्त गर्नका लागि संयुक्त राष्ट्रसंघले विभिन्न योजना तर्जुमा समेत गऱ्यो । Trickle down अवधारणामा कार्यान्वयन गरिएका विकास योजना र रणनीतिले गरीबीको दुश्चकबाट खास गरी तेस्रो विश्वका गरीब जनतालाई मुक्त गर्न सकेन । यस्तो पृष्ठभूमिमा विकासका नयाँ रणनीति र दृष्टिकोणहरूको खोजी हुन थाल्यो । विकास कार्यमा महिलाको सहभागिता हुनु पर्ने मान्यताको विकास भयो । सन् १९७५ लाई संयुक्त राष्ट्रसंघले अन्तराष्ट्रिय नारी वर्षका रूपका मनाउने निर्णय ग-यो । सन् १९७५ देखि १९८५ को  दशक भनेर संयुक्त राष्ट्रसघले

घोषणा गऱ्यो । सन् १९७५ मा मेक्सिको सिटी, १९९५ मा चीनको राजधानी बेइजिङमा क्रमश : पहिलो, दोस्रो, तेस्रो र चौथो विश्व महिला र पुरुषबीचको सम्बन्धलाई सन्तुलनमा ल्याउने र कमजोर पक्षलाई सशक्तीकरण गर्नुपर्नेमा जोड दिएका छन् ।

**अ) विकासमा महिला** ( Women In Development – WID )

सन् १९५० देखि ७० को दशकसम्म प्रचलित आधुनिकीकरण सिद्धान्तमा आधारित विकास प्रक्रियाले महिलाहरूलाई समेट्न सकेन । आधुनिकीकरणलाई महिलाहरूले आत्मसात गर्न सकेनन्/पाएनन् । विकास योजनामा महिलाहरूलाई खासै महत्त्व दिइएन । यसै पृष्ठभूमिमा विकासमा महिला अवधारणा देखा परेको हो । विकासमा महिला अवधारणामा मुख्य समस्या भनेको आधा आकाश ओगटेका महिलाहरूलाई विकास प्रक्रियामा सहभागी बनाउन नसक्नु हो । त्यसैले विकास प्रक्रियामा महिलाहरूलाई पनि एकीकृत गर्नुपर्दछ । यसका लागि महिलाको उत्पादकत्व, स्वास्थ्य, शिक्षा र आयको स्तरमा सुधार हुनुपर्दछ भन्ने मान्यता विकासमा महिला भन्ने अवधारणाले राख्दछ ।

**आ) महिला र विकास** ( Women and Development – WAD )

विकासमा महिला अवधारणाले प्रस्तुत गरेका रणनीतिहरूबाट मात्रै वास्तविक अर्थमा महिलाको विकास नहुने चर्चा गर्दै सन् १९७० को दशको उत्तरार्द्धमा महिला र विकास अवधारणाको प्रारम्भ हुन गएको हो । यस परनिर्भरताको सिद्धान्तको पृष्ठभूमिमा आएको अवधारणा हो । महिला र विकास अवधारणाले महिलाको उत्पादक भूमिकालाई मात्रै नभएर पुनरुत्पादक भूमिकामा समेत आफ्नो ध्यान केन्द्रित गरेको छ । यस अवधारणाले महिलाहरू विकास प्रक्रियाको एउटा अशं भएकाले केवल लाभान्वित समूहको रूपमा मात्रै नलिएर महिला र विकासलाई सँगसँगै लैजानुपर्दछ भन्ने मान्यता राख्दछ ।

**इ) जेन्डर र विकास** (Gender and Development - GAD )

विकास प्रक्रियामा महिलाहरूलाई समेटेर तथा महिला र विकास प्रक्रिया बीचको सम्बन्धलाई व्यवस्थित गरेर मात्र साँचो अर्थमा महिलाको विकास हुन नसक्ने र महिलाको विकासमा पुरुषलाई पनि सहभागि गराउनुपर्ने कुरामा जोड दिदैं सन् १९८० को दशकपछि जेन्डर र विकास भन्ने अवधारणा देखा परेको हो ।

नारी र पुरुषको सम्बन्धमा सधैँ महिलाहरू मात्रै तल छन् कमजोर छन् भन्ने कुरा संसारका सबै समाज, संस्कृति र धर्ममा लागू हुँदैन । परिस्थितिअनुसार महिलाभन्दा पुरुष तल परेका पनि हुन सक्छन् । त्यसैले लैङ्गिक विकासले नारी र पुरुषका बीचको सम्बन्धमा कमजोर पक्षलाई सशक्तीकरण गरेर समान हैसियतमा पुऱ्याउनुपर्दछ भन्ने मान्यता राखेको पाइन्छ ।

नेपालको सन्दर्भमा वर्तमान २१ औ शताब्दीमा पनि शिक्षाको उज्यालो घामबाट थुप्रै नेपाली वञ्चित छन् । नेपालमा सन् १९९० को जनगणनाअनुसार कुल ४० प्रतिशत साक्षरमा पनि लैङ्गिक जात जातिगत र क्षेत्रगत आधारमा निकै विभेद तथा असमानता देखिएको छ । सिङ्गो राष्ट्रिय विकासमा शिक्षाको ठूलो महत्त्व हुदाँहुदै जनताको न्यून पहुँच रहनुले राष्ट्रिय विकासमा बाधा सिर्जना गरेको छ । (आचार्य, २०५७ )

## २.५ नेपालको सन्दर्भमा नारीवादी आन्दोलन

नेपालको सन्दर्भमा नारिवादी आन्दोलनलाई हेर्दा नालापानीको युद्ध १८१४ को *सिभील राइट मुभमेन्ट*देखी महिलाहरू पुरुष सँगसँगै अगाडि बढेको पाइन्छ । यसभन्दा पहिलाको आन्दोलनले वि.स. १९५१ को प्रजातान्त्रिक आन्दोलन (जसले १०४ वर्ष लामो जहानिया राणा शासनको अन्त्य गरेको थियो) लाई पनि असर गरेको पाइन्छ । राजनीतिक परिवर्तनपछि विभिन्न समूह गठन गरेका थिए । जसमा पहिले आदर्श महिला समाजको गठन भयो । यसपछि  वि.सं. १९५८ मा नेपाल महिला संगठन उस्तै उद्देश्य लिएर स्थापना भयो । यस संङ्ठनले महिला हक हितका लागि र मताधिकार प्राप्त गर्नाका लागि दवाव दियो । यी दवावका कारणले गर्दा नै वि.सं. १९७७ मा चन्द्र शम्शेरको पालामा सती प्रथाको अन्त्य भयो । (दक्षिण एशियाली महिला संजाल, २०१०) ।

निरंकुश राणा शासनको विरोध गर्ने क्रममा भोजपुर मजुवा बेंसीकी योगमाया न्यौपानेले आध्यात्मिक धारावाट राणा शाहीको विरोध गर्दै महिलाहरूको हितको नीम्त कल्याणकारी सामाजिक सुधार होस्, राणाशाही अत्याचारको अन्त्य होस्, पुरोहितवादको अमानवीय चलनको खारेजी गरियोस् जस्ता २६८ वटा मागहरू अघि सार्दै राणाशाहीको विरोध गरिन् । योगमायाले सत्यधर्म भिक्षाको नाममा तत्कालीन सरकारलाई २६८ वटा माग सहितको विन्ती पत्र चढाए पनि बेवास्ता गरियो । उनका मागहरू समाज सुधार र

सामाजिक न्यायको पक्षमा, महिला विधवाको अधिकारको पक्षमा, सामाजिक विसङ्गगति विकृतिका रूपमा रहेका प्रचलन एवं अन्धविश्वास, घुसखोरीको विरुद्धमा, वनजङ्गल र चरनको सुरक्षाका सम्वन्धमा, जातपात र छुवाछूत, साना-ठूलो, माना-पाथिको र चर्को ब्याज आदिको नियन्त्रणका सम्वन्धमा केन्द्रित थिए । यी मागहरूको कार्यान्वयन पक्षको कुनै सङ्केत नपाएपछि वि.सं. १९९५ मङ्सिरको पूर्णिमाको दिन मजुवामा ठूलो यज्ञको तयारी गरियो । उक्त यज्ञमा योगमाया र उनका २६८ अनुयायीहरूले अग्नी प्रवेश गरी प्राण त्याग्ने निर्णय गरे । तर सरकारले उक्त यज्ञ रोक्ने आदेश दियो । आदेशमा भनिएको थियो भक्ति भनाउँदालाई पार्टीमा राखी कैद परेको भनि सुनाइदिनु र अरुलाई धनकुटा जेलमा थुन्नू । यसरी नेपालको महिला आन्दोलनमा पहिलो जेल पर्ने महिला योगमाया न्यौपाने हुन् सत्य धर्म भिक्षाको बदलामा जेलनेल भोग्नु परेपछि योगमायाले झनै अन्याय अत्याचार बढेको महसुस गरी धर्म रक्षा नहुने देख्न थालिन् । जुन राज्यमा धर्म र न्याय पाइँदैन र आफूले केही गर्न पाइँदैन भने पनि सरकारलाई चेताउनु पर्छ, आफू पछिका सन्ततिले धर्म र न्याय पाएछन् भन्ने योगमायालाई लाग्यो । त्यसैले उनी र उनका अनुयायीहरूले वि.सं. १९९८ साल असार ३१ गते शनिवार विहान उज्यालो नहुँदै हरिशयनी एकादशीका दिन अरुण नदीको उर्लदो भेलमा हाम फाली देह त्याग गरेका थिए (**तुम्बाहाङ्फे, २०५९**) ।

नेपालको महिला आन्दोलनलाई विशेष गरी तीन चरणमा विभाजन गरेर हेर्न सकिन्छ ।

### क) दलविहीन पञ्चायती व्यवस्था पूर्व (सन् १९६०) सम्म

नेपालको महिला आन्दोलनको संस्थागत विकास गर्ने प्रयासस्वरूप २००४ सालमा काठमाडौंमा मंगलादेवी सिंहको अध्यक्षतामा नेपाल महिला संघको गठन भयो । यसको प्रमुख लक्ष्य सामाजिक र राजनीतिक रूपमा महिलामा चेतना ल्याउनु थियो । त्यसपछि २००४ सालमा काठमाण्डौंमा रेवन्तकुमारी र मंगलादेवी दुवैको संयुक्त रूपमा नेपाल महिला संघको गठन भयो । यी दुवैका संगठनले राणा शासन विरुद्ध दवाव दिने वाल विवाह र महिलामा भएको अशिक्षाका विरुद्ध दवाव दिने कार्य गरे । यसको साथै नेपाल महिला संङ्ले मताधिकार प्राप्त गर्न सफल भयो । यस पछि विभिन्न संगठनहरू खोले जसले महिलाको

चेतनाको विकास गराउन, साना घरेलु उद्योगको स्थापना गर्ने, बहुविवाहको विरोध गर्न र वालविवाहको बारेमा चेतना जगाउने जस्ता कार्य गरे, (**चौलागाईं, श्रेष्ठ र सापकोटा २०६६**)

**ख) पञ्चायती व्यवस्थाकालअवधि (सन् १९६० देखि १९९०)**

पञ्चायती व्यवस्थाको स्थापना भएपछि यस अघिका जति पनि क्रियाशील राजनीतिक संङ्गठनलाई प्रतिबन्ध लगाइयो । कतिपय संगठन भूमिगत हुन पुगेर १९५२ मा पञ्चायतको विभिन्न जनवर्गीय संगठन बनाउने क्रममा महिला संङ्गठनको रूपमा नेपाल महिला संगठनको गठन भयो । यसको प्रथम अध्यक्ष विमला मास्के थिइन् । यस संङ्गठनको प्रमुख लक्ष्य महिला सुरक्षा, महिला साक्षरता, आय आर्जन एवं कानूनी सल्लाह दिनु थियो । यसै संगठनको अध्यक्षतामा संयुक्त राष्ट्रसंङघको प्रशान्त तथा एशिया महासागरिय क्षत्रिय भेलाको सम्मेलन नेपालमा प्रथम पटक भयो र यसको भूमिका बढी प्रभावकारी बनेर गयो र सन् १९७५ मा संयुक्त राष्ट्रसंङघको महिला दशकका रूपमा मनाउने निर्णय गरेपछि नेपालमा पनि मनाइयो । त्यसपछि महिलाको लागि विशेष कार्यक्रमहरू सञ्चालित हुन लागे । यस समयमा तत्कालीन रानी ऐश्वर्या राज्य लक्ष्मी देवी शाहको प्रमुख आतिथ्यबाट नेपाली महिलाको कानुनी अवस्थामा केही सुधारपनि आए । सन् १९७७ मा नारी सेवा समितिको गठन पछि महिलाहरूका सबै संगठनलाई एउटै छातामुनि राख्ने प्रयास गरियो । १९८२ मा पञ्चायत तथा स्थानीय विकास मन्त्रालयको मातहतमा महिला विकास शाखाहरूको स्थापना गरियो । सन् १९८७ मा महिला विकास शाखा श्रम तथा समाज कल्याण मन्त्रालय स्थापना गरियो (**चौलागाईं, श्रेष्ठ, सापकोटा, २०६६**) ।

**ग) पञ्चायती व्यवस्था पछिको समय वर्तमानसम्म (सन् १९९० पछि वर्तमान सम्म)**

नेपालमा सम्पन्न ऐतिहासिक जनआन्दोलनको सफलता पछि बहुदलीय व्यवस्थाको स्थापना भयो र अन्तरिम सरकारको गठन भयो । त्यसपछिको नेपालमा खुल्ला वातावरण भइसकेपछि महिलाको हक हितको लागि विभिन्न सरकारी तथा गैह्र सरकारी संस्थाहरू खोलिएका छन् भने अन्तराष्ट्रिय गैह्र सरकारी संस्थाहरूले ठूलो मात्रामा पैसाको खोला बगाएका भए तापनि यसबाट सिमित महिलाले फाइदा लिए भने आम नेपाली महिला शोषित पीडित देखिन्छन् । महिलाको स्थितिमा पनि खासै सुधार आउन सकेको छैन ।

नेपाली गैह्रसरकारी संस्थाहरूले केही मात्र महिलालाई सशक्तिकरण गर्ने कार्यक्रमहरू ल्याए पनि सम्पूर्ण महिलालाई समेट्न सकेको छैन (**चौलागाईं, श्रेष्ठ र सापकोटा, २०६६**) ।

## २.६ पूर्व साहित्य समीक्षा

शिक्षा भनेको सामन्य अर्थमा ज्ञान आर्जन गर्नु हो । ज्ञान आर्जन गर्नु मोक्षप्राप्ति वा मुक्तिका लागि हुन्छ भन्ने विचार प्राचीनकालीन युगको हो । शिक्षा आज सर्वव्यापी, जीवनपर्यन्त र मानवीय अधिकारको रूपमा स्थापित भएको छ । पहिलेको गुरुकुल प्रणालीबाट विकसित हुँदै व्यक्ति, समाज, राष्ट्र र अन्तर्राष्ट्रिय जगत्का जिम्मेवारीहरू शिक्षालाई सुम्पिएको छ । शिक्षा, शिक्षण विधि, शैक्षिक सामग्री, मूल्याङ्कन सबै कुराहरूमा नयाँ-नयाँ आविष्कारहरू भई कार्यान्यवन भइरहेको छ । र सर्वश्रेष्ठ पेशाको रूपमा विकसित गर्ने कार्यहरू भइरहेका छन् । सामाजिक र राष्ट्रिय आवश्यकताहरू पूरा गर्ने गराउने एक मात्र शक्तिशाली र प्रभावकारी माध्यम शिक्षा बनेको छ । शिक्षाले नै विभिन्न जनशक्तिहरूको सन्तुलित उत्पादन गरी राष्ट्रिय विकास कार्य गरिरहेको छ । मेडिसिन, इन्जिनियरिङ, समाजशास्त्र, मनोविज्ञान, भौतिक विज्ञान, ज्योतिष विज्ञान, जुनसुकै क्षेत्रमा पनि आवश्यक ज्ञान र सीप शिक्षाले नै दिन्छ । एउटा विशिष्ट विधामा हुनुपर्ने सम्पूर्ण गुणहरू, विशेषताहरू शिक्षाको क्षेत्रमा भइरहेका हुनाले आजको विश्वले शिक्षालाई विशिष्ट विधाका रूपमा स्वीकारेको छ । (शर्मा एण्ड शर्मा २०६६)

हाम्रो समाजको बनोट र आर्थिक अवस्थाको ढाँचा हेर्दा साढे चार दशक अघिसम्म सम्पूर्ण क्रियाकलाप कृषिमुखी थिए । २००७ सालको कान्तिले प्रजातन्त्रको विहानी ल्याएपछि कृषिका अतिरिक्त अन्य क्षेत्रको पनि विकासको तड्कारो आवश्यकता अनुभव भयो । यी सबै कुराको मेरुदण्डका रूपमा शिक्षाको विकास देखियो । जनस्तरको चाहना पनि पहिले चेतना र क्षमताकै वृद्धि गर्ने गर्नुपदर्छ भन्ने र सरकारी क्षेत्रको अठोट पनि त्यही क्षेत्रको विकासमा जोड दिनमा उन्मुख भएको देखिन थाल्यो । शिक्षाको वास्तविक उद्देश्य नै शिक्षा आर्जन गर्नको क्षमतामा वृद्धि गर्नु हो । (शर्मा, सुरेशराज : २०५७)

पितृसत्ता एक सामाजिक अभ्यास हो । जसले पुरुष प्रधानतालाई मान्यता दिन्छ । पित्तृसत्ताले संरचनात्मक रूपमा नै परिवारको महिलाहरू , अन्य पुरुषहरू, केटाकेटी वृद्धवृदा अशक्त र घरेलु कामदारलाई मूल पुरुषको अन्तर्गत नियन्त्रणमा राख्दछ । पितृसत्तामा घर,

परिवार, समाज र राष्ट्रको नै मुख्यको रूपमा पुरुषहरू रहेका हुन्छन् । भारतीय महिला अधिकारीवादी कमला भासिनका मत अनुसार पित्तृसत्तात्मक व्यवस्थामा महिलाहरूको उत्पादन, श्रमशक्ति, महिलाहरूको प्रजनन शक्ति, महिलाहरूको यौनिकता, महिलाहरूको गतिशीलता र सम्पति व्यवसाय तथा अन्य आर्थिक स्रोतसाधनमा पुरुषको नियन्त्रण हुन्छ । पितृसत्तात्मक व्यवस्थामा पुरुषहरूको स्थान उच्च हुन्छ । पुरुषहरू उच्च हुन्छन् भने महिलाहरू निम्न पुरुषका हातमा सामाजिक, आर्थिक, धार्मिक, शक्ति हुन्छ तर महिलाहरू शक्ति र अधिकारबाट वञ्चित हुन्छन् । फलस्वरूप नारीहरू पुरुषको इच्छा र चाहनाअनुसार दविएका हुन्छन् अनि शोषिएका हुन्छन् । महिला दमन र शोषण विश्वव्यापी रूपमा रहेको देखिन्छ । नेपालको सन्दर्भमा महिलाहरू पुरुषसरह सामाजिक सांस्कृतिक अधिकारहरूबाट बञ्चित छन् भने अमेरिका जस्तो विकसित मुलुकमा पनि महिलाहरूको पुरुष समान पहुँच छैन संसारका विभिन्न मुलुकमा महिलामाथि दमन गरिएको पाइन्छ । (आचार्य २०६१)

नेपालको सन्दर्भमा वर्तमान २१ औं शताब्दीमा पनि शिक्षाको उज्यालो घामबाट थुप्रै नेपाली वञ्चित छन् । नेपालमा सन् १९९० को जनगणनाअनुसार कुल ४० प्रतिशत साक्षरमा पनि लैङ्गिक जात जातिगत र क्षेत्रगत आधारमा निकै विभेद तथा असमानता देखिएको छ । सिङ्गो राष्ट्रिय विकासमा शिक्षाको ठूलो महत्त्व हुदाहुदै जनताको न्यून पहुँच रहनुले राष्ट्रिय विकासमा बाधा सिर्जना गरेको छ । (आचार्य, २०५७ )

ग्रामीण क्षेत्रमा अझै पनि छोरालाई मात्र स्कुल पठाउने र छोरीलाई घरधन्दा, मेलापात, घाँस-दाउरा, पानी पँधेरोमा नै सीमित राख्ने गरेको पाइन्छ । छोरालाई वंश र उत्तराधिकारीका रूपमा स्वीकार्नु र छोरीलाई परायधन, नासो र अर्काको भित्ता टाल्ने जात भनी उपेक्षापूर्ण व्यवहार गर्ने मानसिकताले गर्दा महिला वर्गको शिक्षा, स्वास्थ्य आर्थिक स्तरमा स्वाभाविक रूपमा खासै उत्साहजनक सहभागिता हुन सकेको छैन । (आचार्य, शोभा : २०६२)

बावुआमाले छोरीको शिक्षा भन्दा छोराको शिक्षालाई बढी ध्यान दिनु हुन्छ किनकि छोरालाई बुढेसकालको साहारा मानिन्छ । तर छोरीलाई माइतीघरको अस्थायी पाहुना मानिन्छ भनिएको छ । (आचार्य, २०५८)

प्रौढ साक्षरता ५० प्रतिसतले विस्तार गर्ने महिला साक्षरता बढाउन जोड दिदै २०१५ सम्ममा यो लक्ष्य पूरा गरी निरन्तर शिक्षाको अवसर लिन सक्ने महिला प्रौढहरू तयार गर्ने । (डकार सम्मेलनले निर्धारण गरेको सर्भेक्षणका लागि शिक्षाको लक्ष्यहरू)

समाजमा महिला र पुरुषलाई हेर्ने हेराइ र व्यवहार अन्यायपूर्ण छ । पुरुषको तुलनामा महिलालाई कामको भार बढी हुन्छ, तर पनि यस कामको समाजले मूल्य र मान्यता दिंदैन । आधाभन्दा बढी जनसङ्ख्या भएका महिलाहरूको पछौटेपनले सन्तुलित विकासमा बाधा पुग्दछ । त्यसैले महिलाहरूलाई शिक्षामा अवसर, न्यायोचित कानूनी व्यवस्था हुनुपर्दछ । योजना तर्जुमादेखि कार्यान्वयनको चरणसम्म महिलाको सहभागिता, राजनैतिक क्षेत्रमा अवसर समावेशीकरण गर्ने खालका नीति बनाउनु जरुरी छ । (शैक्षिक अभियान : २०६५)

नेपाल सरकारले वि. स. २०४९ देखि नै कक्षा ११ र १२ लाई उच्च माध्यमिक शिक्षा परिषद्अन्तर्गत सञ्चालन गर्ने  कार्यक्रम लिएकाले । (त्रि.वि: २०६८)

महिलाको शैक्षिक स्थिति उच्च भएको खण्डमा महिला र पुरुषको स्थिति लगभग उस्तै देख्न सकिन्छ । अशिक्षाको कारण महिलाहरू पुरुषमा निर्भर रहनु परेको छ । शिक्षाको अभावमा नेपाली महिलाहरू आत्मनिर्भर हुन सकेका छैनन् । नेपाली महिलाहरू अज्ञानताको कारण हीनता बोधको शिकार भएका छन् । (चौलागाई : २०६०)

१९९० को सविंधानको धारा २६ उपधारा ७ ले शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरेर सरकारले महिलालाई व्यापक रूपमा राष्ट्रिय विकासको कार्यमा सहभागिता गराउने नीति गर्ने । साथै धारा २६ उपधारा ९ ले शिक्षा, स्वास्थ्य, सुरक्षा तथा मानव सम्पूर्ण असहाय महिलाको हकअधिकार सुनिस्चित गर्ने व्यवस्था गरेको छ । (नयां श्विधान निमार्ण : नेपाली जनताका लागि मार्ग दर्शन पेज १०९)

**शिक्षा एक  अन्तरराष्ट्रिय अभियान**

मुलुकको चौतर्फी विकासका लागि शिक्षा प्रमूख माध्यम हो । सवैका लागि शिक्षा र विकासका लागि शिक्षाका अवधारणाहरूलाई आत्मसात् गरी शिक्षालाई राष्ट्रको यर्थाथतासगँ गाँसेर उपलब्ध स्रोत र साधनको समुचित प्रयोगबाट मात्र मुलुकको विकासलाई अघि

बढाउन सकिन्छ । 'सबैका लागि शिक्षा' आजको विश्वव्यापी नारा हो । अर्थात् सबै नागरिकहरूले सीक्षाको अवसर प्राप्त गर्नु हो भन्ने बुझिन्छ । "सबैका लागि शिक्षा" भन्ने अवधारणा सन् १९९० मा थाइल्याण्डको जोमटेनमा भएको घोषणापत्रमा सबैका लागि दिइने शिक्षालाई आधार शिक्षाका रूपमा उल्लेख गरेको छ । सन् १९९० को थाइल्याण्डका 'सबैका लागि शिक्षा सम्बन्धी अन्तरराष्ट्रिय सम्मेलनको घोषणापत्रमा प्रतिवद्धता जनाइएका विषयहरू निम्नानुसार छन्

- ❖ सबैले सिकाइको निर्धारित तहसम्म पुग्ने मौका पाउनुपर्छ ।
- ❖ शिक्षाका समान अवसरमा रहेको असमानतालाई न्यून गर्दै सबै जातजाति तथा पिछाडिएका वर्गका मानिस सम्म शिक्षाको पहुँच पुऱ्याउनुपर्छ ।
- ❖ अपाङ्गका लागि विशेष शिक्षाको व्यवस्था गरिनुपर्छ ।
- ❖ शिक्षाको उद्देश्य विद्यार्थी भर्ना गर्नु मात्र नभई विद्यार्थीले वास्तविक ज्ञानलाई नै शिक्षाको आधार मानिनु पर्दछ ।
- ❖ आधार शिक्षाका लागि सम्भाव्य सबै उपायहरू उपयोग गरिनुपर्दछ ।
- ❖ पौष्टिक आहार, शारीरिक र संवेगात्मक सहयोगजस्ता माध्यमबाट शिक्षामा वृद्धि गर्नुपर्दछ ।
- ❖ शिक्षाका सबै क्षेत्रको सहभागिता खोजिनुपर्दछ ।

सन् १९९० मा थाइल्याण्डको जोमटेन सम्मेलन र न्यूयोर्कमा सन् १९९० मा संयुक्त राष्ट्रसंघको तत्वावधानमा भएको बालहितसम्बन्धी अन्तरराष्ट्रिय सम्मेलनको प्रतिबद्धता जनाएको थियो । 'सबैका लागि शिक्षा' का विभिन्न पक्षहरू रहेका छन् ।

- ❖ प्राथमिक विद्यालय जाने सबै उमेरका बालबालिकालाई अनिवार्य शिक्षा प्रदान गर्ने युवा र प्रौढलाई शिक्षा दिने अनौपचारिक शैक्षिक कार्यक्रम ल्याउने ।
- ❖ महिला शिक्षा र विशेष शिक्षा आदि ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले सन् १९९० मा थाईल्याण्डभित्र सम्पन्न भएको 'सबैका लागि शिक्षा' विश्व सम्मेलनको प्रतिबद्धता अनुसार सन् २००० सम्ममा प्राथमिक उमेरका शतप्रतिशत बालबालिकाहरूलाई विद्यालयमा पुऱ्याउनु पर्ने सिफारिस गरेका थियो । सरकारले सो लक्ष्य हासिल गर्न सन् १९९२ मा आधारभूत शिक्षा परियोजना सञ्चालन गरेको छ । सोही नीतिं अनुरूप नवौं योजनाको अन्तसम्ममा ९० प्रतिशत र दशौ योजनाको अन्तरसम्ममा शतप्रतिशत बालबालिकाहरूलाई प्राथमिक शिक्षामा सहभागी गराउने लक्ष्य लिनु पर्ने सिफारिस उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले समेत गरेको छ । सोही उद्देश्य पूर्तिका लागि दशौं योजनामा प्राथमिक तह खुद भर्नादर ९० प्रतिशत पुऱ्याउने,महिला शिक्षितको अनुपात ३० प्रतिशत पुऱ्याउने प्रतिवर्ष ४ लाख ५० हजार बालबालिकालाई पौष्टिक आहार उपलब्ध गराउने जस्ता रणनीति तय गरेको छ ।

**डकार सम्मेलनले निर्धारण गरेका "सबैका लागि शिक्षा" का लक्ष्यहरू**

१) शिशु कक्षाको विस्तार गर्ने र खास गरी अति कठिन अवस्थामा रहेका र दलित तथा पीडित वर्गका बालबालिकाहरूको पहुँच बढाउने ।

२) सन् २०१५ सम्म महिला अति कमजोर एवं कठिन अवस्थामा रहेका जनजातिका वालवालिकाहरूलाई शिक्षाको पहुँच बढाई स्तरीय र अनिवार्य प्राथमिक शिक्षा उपलब्ध गराउने ।

३) सबै युवाहरूको पढाइप्रतिको चाहनालाई समान अवसर गर्ने, मूल्य र मान्यताको विकास गर्ने, असल आचरणको विकास गरी कामका लागि सक्षम तुल्याउने ।

४) प्रौढ साक्षरता पचास प्रतिशते विस्तार गर्ने, महिला साक्षरता बढाउन जोड दिई २०१५ सम्ममा यो लक्ष्य पूरा गरी निरन्तर शिक्षाको अवसर लिन सक्ने महिला तथा प्रौढहरू तयार गर्ने ।

५) सन् २०१५ सम्ममा प्राथमिक एवं माध्यमिक शिक्षाका लैङ्गिक विभेदको अन्त्य गर्ने सन् २०१५ सम्ममा शिक्षाका सबै तहमा लैङ्गिक समानता ल्याउने ।

६) गुणस्तरीय शिक्षाका लागि आवश्यक सबै पक्षहरूमा सुधार गर्ने र सबैले शिक्षा पाउने अवसरको व्यवस्था मिलाई हरहिसाब तथा अन्य जीवनपयोगी सीपहरू प्रदान गर्ने ।

७) डाकार फ्रेम वर्कअनुसार नेपालले सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा ल्यायो ।

८) आदिवासी समूहको आफ्नो मातृभाषामा शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरिनेछ ।

(कास्की शैक्षिक दर्पण २०६२-११-१६)

नेपालको सन्दर्भमा सन् १९५१ सम्म महिला शिक्षालाई सार्वजानिक रूपमा प्रोत्साहन गरेको देखिदैन । सन् १९५१ सम्म रहेको पुरानो निरङ्कुशं पारिवारिक नियमलाई हटाएको अथवा पराजित गरेपछि सम्पूर्ण जनताको भीडमा शिक्षाको ढोका खुल्ला भएको थियो । जुन महिला र पुरुष दुवैलाई विद्यालयको शिक्षा लिनु पर्छ भन्ने प्रोत्साहन गरिएको थियो । तर पुरुषको तुलनामा महिलाले विद्यालयको शिक्षाबाट प्राप्त हुन सक्ने शैक्षिक फाइदा लिनमा धेरै सामाजिक र पारिवारिक समस्याहरू भोग्नु पर्दथ्यो । किनकि नेपाल एक हिन्दु राष्ट्र जहाँ सामाजिक रूपले बाँधिएको पाइन्छ । यसै धारणामा रहेर समाजले एउटा पुरुष बच्चालाई प्रोत्साहन गर्दछ । तर महिलामा देखिएको विभेदले गर्दा अधिवक्ताहरूले महिलामा पनि समान शिक्षाका आवश्यकता छ भनि सामाजिक मूल्य ,मान्यता र भावना प्रति विरोधी भएको पाइन्छ । (luitel 1992 )

मानव विकासको इतिहासको विश्लेषणअनुसार मानव उत्पत्तिको चरणबाट नै शिक्षाको विकास भएको हो । प्राचीन पूर्व प्राचीनकालमा घरपरिवार वा समाजमा अभिभावकले आफूले जानेका ज्ञान र सीपहरू आफ्ना सन्तति वा कनिष्ठहरूमा स्थानान्तरण गर्ने गर्दथे । विविध समयका संस्कृति, मूल्य र मान्यताका आधारमा शिक्षालाई एक पिँढीबाट अर्को पिँढीमा सुरक्षित साथ सार्दै लगियो । मानव सभ्यताको विकासक्रमअनुसार नै जब विधिवत् रूपमा औपचारिक शिक्षाको थालनी भयो, कक्षामा पढाउने विषयबस्तु निर्धारण गरिनु पर्ने आवश्यकताको महसूस गर्न थालियो । (पाठ्यक्रम योजना २०६२)

तनहूँको किहूँमा रहेको सिद्धार्थ मा.वि.मा अध्ययनरत मगर छात्राहरूको शैक्षिक अवस्थालाई गोपाल कृष्ण सुवेदीले आफ्नो अनुसन्धानको विषय बनाएका छन् । जहाँ मगर छात्राहरूको विद्यालय टाढा हुनु, घरमा पढ्ने समय कम हुनु, कृषिको काममा बढी समय खर्चिनु पर्ने साथै समाजमा रुढिबादी संस्कृति,मूल्य मान्यता हुनाले शैक्षिक अवस्था माथि


उकास्न नसकिएको र विशेष रूपमा लाहुरे प्रथा र सानै उमेरमा विवाह गर्नाले शिक्षामा असर परेको यस्ता संस्कृति र व्यवहारलाई त्यागेर मगर समुदायले पनि बालिका शिक्षामा जोड दिने हो भने मात्र शिक्षाको स्तर राम्रो हुन्थ्यो । (सुवेदी २०६७)

मनी राना मगरले स्याङजा जिल्ला पुतली बजार नगरपालिकामा रहेको मातृभूमि उच्च मा.वि.मा अध्ययनरत छात्राहरूको शैक्षिक अवस्थालाई अध्ययन गर्ने क्रममा मगर समुदायमा रहेको परम्परागत रुढीबाढी, छिटो विवाह गर्ने प्रचलन, अभिभावकको शैक्षिक स्तर कमजोर, घरबाट विद्यालयको दूरी टाढा हुनाले, हाल सम्म मातृभाषामा प्राथमिक शिक्षा पाउने अधिकारलाई व्यवस्थित रूपमा लागू गर्न नसकेको कारणले पनि यस उच्च मा.वि.को छात्राहरूको शैक्षिक स्तर राम्रो नभएको । यसकारण यस उच्च मा.वि.मा अध्ययनरत मगर छात्राहरूको शैक्षिक अवस्थालाई राम्रो बनाउनाको निमित्त वर्तमान अवस्थामा रहेको परम्परागत संस्कृति र व्यवहारलाई त्यागेर मगर समुदायले पनि छात्रा शिक्षामा जोड दिने हो भने मात्र मगर समुदायमा नारीहरूको पहुँच राज्यका हरेक अङ्गहरूमा पुग्नसक्छ । (मगर २०६८)

आजको विश्व प्रविधिले धेरै नै प्रभाव पारेको छ । सूचना संचार कम्प्यूटर बाट अगाडि बढिरहेको छ । शिक्षाले सामाजिक सांस्कृतिक परिवर्तनमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । शिक्षाले व्यक्तिको जीवन स्तरमा परिवर्तन गराउन मद्दत गर्दछ । शिक्षित व्यक्तिले व्यावहारिक सीप आर्जन गरेको हुन्छ । यही सिपबाट रोजगारमा संलग्न भई आय आर्जन गरी आफ्नो परिवारको जीवन स्तर समेत सुखी बनाउन सकिन्छ । स्वास्थ्यप्रति पनि सचेत र चेतना फैलाउन सक्षम हन्छ । शिक्षाले लैङ्गिक विभेदको अन्त्य गराई परिवारका सदस्यमा सामाजिक साथै मानसिक ढङ्गको शान्ति कायम गराएको हुन्छ । यसरी शिक्षाको महत्त्व वर्तमान समयमा आधारभूत आवश्यकता र अपरिहार्य मानिएको छ । जस्तो महत्त्व छ यसको उपयोगिता पनि त्यति नै रहेको छ ।

संक्षेपमा यो शोधपत्र लैङ्गिकतासंग सम्बन्धित रही तयार पारिएको छ । जहाँ शिक्षामा लैङ्गिकको अवस्थितिलाई अध्ययन गरिएको छ । लैङ्गिकताले छात्राको शिक्षामा पारेको प्रभावलाई जोडिएको छ ।

## अवधारणा खाँका


लैङ्गिकता
सामाजिक
आर्थिक
सांस्कृतिक
धार्मिक
शिक्षा
पारिवारिक सहयोग
सकारात्मक
नकारात्मक
उच्चशिक्षामा
उच्च शिक्षामा
क्षमतामा विकास
क्षमतामा ह्रास
रोजगारको अवसर
रोजगारमा कमी
परिवारमा आर्थिक सहयोग
परिवारमा आर्थिक सहयोगको कमी
राष्ट्रको विकास
राष्ट्र विकासमा प्रभाव

लैङ्गिकता सामाजिक तथा सांस्कृतिक रूपले निर्मान् भएको हुन्छ । हरेक समाजमा महिला र पुरुषले निर्वाह गर्ने भूमिका फरक–फरक हुन्छ । लैङ्गिकताले पुरुष र महिला दुवैको पक्षमा अध्ययन गरी महिला र पुरुष बीच समान व्यवहार हुनुपर्छ भन्ने धारणा राख्दछ । तर नेपालको सन्दर्भलाई हेर्दा पुरुषको दमनमा महिला हरेक क्षेत्रमा पिछडिएको हुन्छ यसरी नै लैङ्गिकताले सामाजिक पक्षमा प्रभाव पारेको हुन्छ जहाँ छोरी भन्ने बित्तीकै समाजले कमजोर व्यक्तिको नाम दिन्छ । छोरी मान्छे सबै ठाउँमा खुला रूपमा हिड्नु हुदैंन, मान मर्यादामा बस्नु पर्छ भन्नेमा विश्वस्त रहेको पाइन्छ । संस्कृति, धर्म, परम्परा रीतिरिवाज मान्नु पर्ने हुदा आफ्नो खुसीले कुनै पनि काम गर्न पाउँदैन, किनकि समाजमा छोरीले आर्थिक कारोबार गर्न सक्दैन, जान्दैन,गर्नु हुदैन परिवारमा लोग्ने मान्छेले गर्नु पर्छ भन्ने जस्ता कुरामा लैङ्गिकताले प्रभाव पारेको हुन्छ । यसरी नै शिक्षामा पनि प्रभाव पर्नाले छोरीले धेरै पढ्नु हुदैन र शिक्षा प्राप्ति पछि के हुन्छ अर्काको घर गई खाने जात हो भन्ने गरिन्छ । तर शिक्षा प्राप्त गर्न सकेमा शिक्षाले समाजमा, परिवारमा सकारात्मक प्रभाव पार्दछ । जसले गर्दा उच्च शिक्षा प्राप्त गरेर उसले आफूमा क्षमता विकास गरी विभिन्न रोजगारको अवसर प्राप्त गर्न सक्छ, त्यस रोजगारको आम्दानीबाट परिवारमा केही मात्रामा आर्थिक सहयोग हुन्छ भने महिला शिक्षित हुनाले परिवारलाई शिक्षित बनाउनुको साथै राष्ट्रको विकास पनि हुन्छ । तर परिवारको सहयोग विना शिक्षा लिन सकिदैंन यसले गर्दा व्यक्तित्व विकास र क्षमतामा ह्रास हुन गई अवसरबाट वञ्चित हुनुपर्दछ । शिक्षाको कमीबाट रोजगार नहुनाले आर्थिक आम्दानी हुन सक्दैन यसले गर्दा परिवारमा नकारात्मक असर पर्न गई समाज विकासको साथै राष्ट्रमा पनि  विकास हुन सक्दैन ।

# अध्याय-तीन

# अनुसन्धान विधि

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

अहिलेको यो २१ औं शताव्दीको युगमा शिक्षाको महत्त्व र शिक्षा सबैको लागि हो भन्ने थाहा हुदाँ हुदैं पनि नेपालको शैक्षिक अवस्था निकै कमजोर रहेको पाइन्छ । यसमा पनि महिला शिक्षा पुरुषको तुलनामा निकै कम रहेको छ । यसरी महिलाको शिक्षाको दर कम हुनुमा एउटा कारणको रूपमा लैङ्गिकतालाई लिन सकिन्छ । जहाँ मानिस जन्मनु अघि देखि नै महिला र पुरुषमा विभेद हुन शुरु भएको हुन्छ । यसर्थ यस उच्च मा.वि.मा अध्ययनरत छात्राहरूको शिक्षामा लैङ्गिकताको प्रभाव कस्तो परेको छ । यसले गर्दा छात्राहरूको शिक्षा क्षेत्रमा के कस्तो अवस्था रहेको छ, शैक्षिक क्षेत्रमा छात्राको स्तरमा के परिवर्तन आएको छ भन्ने मनसायले कोल्मा गा. वि. स.मा रहेको कोल्मा उच्च मा. वी. मा अध्ययनरत छात्राको शैक्षिक अवस्थालाई हेर्न खोजिएको छ । यो कोल्मा उच्च मा.वि. वि. यस गा.वि.स.मा पहिलो उच्च शिक्षा प्रदान गर्ने विद्यालयको रूपमा चिन्न सकिन्छ । शिक्षा क्षेत्रमा महिलाको सङ्ख्या कम रहे पनि यहाँ भने महिलाको सङ्ख्या बढी रहेको पाइन्छ । तर विद्यालय आए पनि उनीहरूमा लैङ्गिकताको प्रभाव शिक्षामा कत्तिको परेको छ भन्ने हेर्न खोजिएको छ । यस वर्तमान समय सम्ममा पनि यहाँ शिक्षामा लैङ्गिकताको आधारमा कुनै पनि अध्ययन नभएको हुनाले यस क्षेत्रलाई अध्ययन क्षेत्र छनोट गरिएको छ । यस अध्ययनको परिणामले आउँदा दिनहरूमा शिक्षामा हुने लैङ्गिकताको विभेदलाई केही हदसम्म भए पनि कम गर्ने छ भन्ने अध्ययनको औचित्य रहेको छ ।

## ३.२ अनुसन्धान ढाँचा

कुनै पनि अनुसन्धान कार्यमा अनुसन्धान पद्धतिले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । अनुसन्धानमा उपयुक्त विधि अपनाई आफ्नो उद्देश्य उन्मुख हुन अति आवश्यक छ। अनुसन्धानको विश्वसनीयता र प्रभावकारिता कति छ भन्नाका लागि त्यो अनुसन्धान कति व्यवस्थित विधिबाट गरिन्छ र त्यो विधि लक्षित उद्देश्य हासिल गर्न कति सार्थक रहन्छ भन्ने कुरामा भर पर्दछ । एउटा वैज्ञानिक अनुसन्धानका लागि खास किसिमको अनुसन्धान विधिको

प्रयोगबाट वास्तविक तथ्यको चुरो पत्ता लगाउन सकिन्छ। सबै खालको अनुसन्धानमा एउटै प्रकारको विधि अपनाइँदैन। घटनाको प्रकृति हेरेर विधिको छनोट गरिन्छ। त्यही विधि अवलम्बन गरी घटना तथा समस्याको गहिराइसम्म पुगेर त्यसको सत्य तथ्य पत्ता लगाउन सकिन्छ, किनकि अनुसन्धानबाट समस्याको सही कारण पत्ता लागेमा त्यसको समाधानमा सम्भाव्य विकल्पहरू खोजी गर्न सजिलो हुन्छ। यस अनुसन्धानमा कोल्मा उच्च मा. वि.का छात्राहरूको शैक्षिक, पारिवारिक, सामाजिक र आर्थिक अवस्थावारे अध्ययन गरिने भएकाले यसमा लैङ्गिक दृष्ट्रिकोण प्रयोग गरिएको छ । घटनाको प्रकृति हेरेर अनुसन्धान विधिको छनोट गरिएको छ । त्यही विधिको माध्यमबाट घटना तथा समस्याको गहिराइ सम्म पुगेर सत्य तथ्य पत्ता लगाइएको छ। यस अनुसन्धानमा वर्णनात्मक र अन्वेषणात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ। यस कोल्मा उच्च मा. वि. का छात्राहरूको शैक्षिक स्तर हेरिने भएकाले छात्राहरूको शिक्षामा प्रभाव पार्ने विभिन्न तत्वको पहिचान गरिएको छ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोत

यस अध्ययनमा प्राथमिक र द्वितीय दुवै खालका तथ्याङ्क उत्तिकै रूपमा सङ्कलन गरिएको छ । आवश्यकताअनुसार सङ्ख्यात्मक र गुणात्मक तथ्याङ्क सङ्कलन गरिएको छ। प्राथमिक स्रोतअन्तर्गत कार्यक्षेत्र अध्ययन, अवलोकन, अन्तर्वार्ता अनुसूची आदी पर्दछन भने द्धितिय स्रोतअर्न्तगत अध्ययनसँग सम्बन्धित विभिन्न लेख, रचना, जर्नल, पुस्तक तथा अन्य सम्बन्धित साहित्यको सहयोग लिइएकोछ।

## ३.४ समग्र र नमुना छनोट विधि :

प्रस्तुत अनुसन्धानमा अध्ययनको क्षेत्र स्याङजा जिल्लाको कोल्मा गा.वि.स. को कोल्मा उच्च मा.वि.मा अध्ययनरत छात्राबाट उद्देश्यमूलक नमुना छनोट विधि प्रयोग गरी अध्ययन गरिएको छ । यस उच्च मा.वि मा जम्मा विद्यार्थी सङ्ख्या ८९ रहेको छ यस मध्येबाट ५६ जना छात्राहरूलाई मात्र अध्ययनमा उत्तरदाताका रूपमा राखिएको छ। यसमा सघन गणना विधि प्रयोग गरिएको छ।

## ३.५ पूर्व परीक्षण

अनुसन्धानकर्ताले प्रश्नावली भराउने समयमा केही मात्रामा भए पनि सहज होला भन्ने आशयले पूर्व परीक्षण गरिन्छ । सोहीअनुसार अनुसन्धानकर्ताले कार्य क्षेत्रका बारेमा बुझ्न, प्रभावकारिता जाँच गर्न पूर्व अध्ययनलाई लिइएको छ । पूर्व परीक्षणले प्रश्नहरूको स्पष्टताको परीक्षण मात्र नगरी वर्गीकरणको शुद्धता जाँच गर्न सक्दछ । योजनाको तहमा भन्दा समस्याको नयाँ अवस्थाको खोजको सम्भावनालाई हेरेको छ । शोधपत्र तयार गर्ने क्रममा आवश्यक तथ्यांङ्क सङ्कलन प्रश्नावलीको संरचना पूर्व परीक्षण गरिएको थियो । जसको लागि अनुसन्धानकर्ताद्वारा अनुसन्धान क्षेत्रमा जानुपूर्व तयार गरेको प्रश्नावली अनुसूची स्याङजा जिल्लाको ओरष्टे गा.वि.स.मा रहेको भविष्यनिर्माण उच्च मा.वि कक्षा ११/१२ मा अध्ययनरत १० जना छात्राहरूलाई प्रश्नावली भराइएको थियो । जस बाट उतर आउन असहज प्रश्नावलीलाई सुधार गरिएको थियो । यसरी गरिएको पूर्वपरीक्षणको सहायताले शोधपत्रको उद्देश्य अनुरूप तथ्यांङ्क सङ्कंलन गर्नमा सहयोग प्राप्त भएको छ ।

## ३.६ आचार संहिता

यस अनुसन्धानमा शोधकर्ताले अध्ययन गर्दा उत्तरदाताको भावनामा कुनै अवरोध नहुने गरी उनीहरूको राजीखुसीअनुसार अन्तर्वार्ता अनुसुची भराइएको थियो ।

## ३.७ प्रामाणिकता र विश्वसनीयता

अन्य अनुसन्धानमा जस्तै सामाजिक अनुसन्धानका क्षेत्रमा पनि विश्वसनीयताको उच्च महत्त्व रहन्छ । अनुसन्धानलाई विश्वसनीयता गराउन प्रामाणिकता शोध निर्देशक सम्बन्धित उत्तरदाता र सम्बन्धित विषयमा दक्ष व्यक्तिसंग सम्पर्क गरेर कायम गरिएको छ । तथ्यांङ्कको उद्देश्यलाई कायम राख्न जम्मा गरिएको विभिन्न तथ्यांङ्कसंग तुलना गरेर कमजोरीहरू हटाउन प्राथमिकता दिइएको छ । अझ विश्वसनीयताका लागि अन्तर्वार्ता अनुसूचीलाई पूर्वपरीक्षण पछि अनावश्यक प्रश्न हटाई आवश्यक थप गरि प्रयोग गरिएको छ । जुन विषयमा अध्ययन गर्न खोजिएको छ त्यही विषयमा केन्द्रित भएकोले यो प्रमाणिकता अनुसार विश्वासनीयता रहेको छ ।

## ३.८ प्राथमिक तथ्याङ्क सङ्कलन विधि

कुनै पनि अध्ययन अनुसन्धान कार्य सम्पन्न गर्दा विभिन्न किसिमका तथ्याङ्कका सङ्कलन विधिहरू अवलम्वन गरिएको हुन्छ । यस अध्ययनमा प्राथमिक र द्धितिय स्रोतलाई आधार मानिएको छ । प्राथमिक स्रोत अन्तर्गत अन्तर्वार्ता अनुसूची, अवलोकन र व्यक्तिगत अध्ययन गरि सुचना सङ्कलन गरिएको छ । अनुसन्धानको उद्देश्यको आवश्यकता अनुसार धेरै प्राथमिक र केही द्वितीय स्रोतका आधारमा तथ्यांक सङ्कलन गरिएको छ ।

### क. अन्तर्वार्ता अनुसूची

यस अध्ययनमा अन्तरवार्ता लिई आवश्यक तथ्यांङ्क तथा सूचना लिईएको छ । यसको लागि अध्ययन क्षेत्रमा गई प्रत्येक छात्राहरूलाई अन्तरवार्ता अनुसूची भराइएको छ । यसमा संरचित र असंरचित दुवै खाले प्रश्नहरू भराईएको छ । प्रत्येक छात्राहरूबाट आएको सुचनालाई तुलना गरेर मात्र मुख्य सामाग्रीको रूपमा प्रयोग गरिएको छ ।

### ख. अवलोकन विधि

अवलोकन तथ्याङ्क सङ्कलनको एक महत्वपूर्ण विधि हो । यस विधिद्वारा अध्ययन गर्दा विद्यालयको पढाई हुने समयमा पुगेर छात्राहरूको सहभागितात्मक क्रियाकलाप अवलोकन गरिएको छ । साथै विद्यालयको कार्यक्रममा छात्रा सहभागिता के कस्तो रहेको छ भन्ने कुरालाई पनि हेरिएको छ ।

### ग. वयैक्तिक अध्ययन

व्यक्तिगत अध्ययन गर्नुको उद्देश्य पनि समग्रमा मूल उद्देश्यलाई अझ छर्लङ्ग र प्रष्ट पार्नको लागि गरिएको हुन्छ । यसमा अध्ययनको लागी छनोटमा परेका छात्राहरूबाट पुन छनोट गरी व्याक्तिगत विवरण तयार गरिएको छ । जसमा दुई जना छात्राहरूलाई छनोट गरी व्यैक्तिक अध्ययन गरिएको छ । जहाँ छात्राहरूको सामाजिक, आर्थिक अवस्था उस्तै-उस्तै हुनाले दुई जनालाई मात्र हेरिएको छ ।

## ३.९ कार्य क्षेत्रका कठिनाइहरू

शोधकर्ताले कार्य क्षेत्रमा धेरै समस्याहरूको सामना गर्नु परेको थियो । एक, दुई पटकको भेटमा सम्पूर्ण उत्तरदाताहरू विद्यालयमा उपस्थिति नहुनाका कारणले गर्दा पटक-पटक जानु परेको थियो । उत्तरदाताहरूले सोधिएका प्रश्नको जवाफ दिन अलि ध्यान नदिएको जस्तो गर्दा जानकारी लिनाका लागि धेरै कुरा सम्झाउने र सिकाउने गर्नु गरेको थियो ।

## ३.१० तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण

अध्ययनको उद्देश्यअनुसार संकलन गरिएका गुणात्मक र संख्यात्मक रूपमा विश्लेषण गरिएको छ । सामान्यतया प्राप्त तथ्याङ्कहरूलाई तालिकीकरण, पाइचार्टको माध्यमबाट तथ्याङ्क विश्लेषण गरिएको छ । आवश्याकताअनुसार तथ्याङ्कको व्याख्या र विश्लेषण पनि गरिएको छ ।

# अध्याय-चार

## अध्ययन क्षेत्रको भौगोलिक अवस्थिति र सामाजिक एवम् जनसाङिख्यक अवस्था

हाम्रो देश नेपाल १४ अञ्चल ७५ जिल्लामा विभाजित रहेको छ । जसमध्ये स्याङजा जिल्ला पनि एक हो । जसलाई ६० गा.वि.स. र २ वटा नगरपालिकामा विभाजित छ । स्याङजा जिल्ला हरेक क्षेत्रमा अग्र स्थानमा रहेको जिल्लाको रूपमा चिनिन्छ । स्याङजा जिल्लाको सदरमुकाम पुतलीबजार नगरपालिकादेखि अग्लिदै गएको हरियो पहाड उच्च स्थानमा अवस्थित रहेको छ कोल्मा गा.वि.स. । यस गाँउको नामकरण कसरी भयो भन्ने सन्दर्भमा यहाँको बूढापाकाहरूको भनाइलाई आधार मान्दा पहिला यहाँ तोरी पेल्ने कोल भएको हुनाले तोरी पेल्न जाने क्रममा कसैले सोध्दा गुरुङ भाषामा कोल म्हावार यावा(तोरी पेल्न जाने) भन्ने उत्तर दिन्थे पछि यो शब्द अपभ्रंश भई गाउँको नाम कोल्मा रहन गयो भन्ने किम्बदन्ती पाइन्छ। कोल्मा गाउँ सदरमुकाम देखि पूर्व करिब १३ किलोमिटरको दूरीमा अवस्थित छ। कोल्मा गा.वि.स. २५ डिग्री ३ मिनेट उतरअक्षांश देखि २८ डिग्री १२ मिनेट उतरी अक्षांश सम्म र ८३ डिग्री ५५ मिनेट पूर्वी देशान्तरदेखि ८८ डिग्री १२ मिनेट पूर्वी देशान्तरको बिचमा पर्दछ । समुन्द्रि सतहदेखि करिब १५६६ उचाईमा रहेको यो गा.वि.स. को कुल क्षेत्रफल १२०५.८९ हेक्टर छ । यस गा.वि.स. लाई स्याङजा जिल्लाको पूर्वमा रहेको तनहुं जिल्ला अन्तर्गत पर्ने राईपूर गा.वि.स. बाट मन्धेरी खोलाले छुट्याईएको छ। भने पश्चिममा पर्ने स्याङजा जिल्लाकै बहाकोट गा.वि.स. को चिसापानी बूढो खोलाले छुट्टायाएको छ । उतरमा स्याङजा जिल्लाकै ठूलाडिही गा.वि.स. को ल्हेती खोला र दक्षिणमा स्याङजा जिल्लाकै ओरष्ठे गा.वि.स. को अँधेरी खोलाले यस गा.वि.स.लाई छुट्टयाकोछ। कोल्मामा गा.वि.स.मा हावापानी समशीतोष्ण प्रकारको पाइन्छ। यस क्षेत्रमा ग्रीष्म ऋतुमा औसत तापकम २६ डिग्री से. र हिउँदमा १२ डिग्री से. सम्म पाईन्छ।

## ४.१ भौगोलिक अवस्था र सामाजिक जनसांख्यिक विशेषता

### जिल्लाको भौगोलिक अवस्था

नेपालको पश्चिमाञ्चल विकास क्षेत्रअन्तरगत गण्डकी अञ्चलमा पर्ने एक जिल्ला हो स्याङजा । यो ८३ डिग्री २७ मिनेटदेखि ८४ डिग्री २ मिनेट पूर्वी देशान्त २७ डिग्री ५०

मिनेटदेखि २८ डिग्री १५ मिनेट उतरी अक्षांशमा अवस्थित छ । यस जिल्लाको क्षेत्रफल ११६४ वर्ग किलो मिटर रहेको छ । ३३६ देखि २५१२ मिटर सम्मको उचाइमा रहेको यस जिल्लाको सुदरमुकामको उचाइ ८५० मिटर छ । पूर्व पशिचम औसत लम्बाई ३२ किलो.मिटर र उतर दक्षिण औसत चौडाइ २० किलोमिटर छ । यस जिल्लाको पूर्व तनहूँ पश्चिममा पर्वत, गुल्मी र पाल्पा, उतरमा पर्वत र कास्की तथा दक्षिणमा पाल्पा जिल्ला पर्दछ । यहाँ १५ प्रतिशत भू-भागमा उष्ण जलवायु, ७० प्रतिशत भू-भागमा समशीतोष्ण जलवायु , १५ प्रतिशत भू-भागमा शीतोष्ण जलवायु पाइन्छ । अधिकतम तापक्रम ३१.७ डिग्री सेल्सियस सम्म हुन्छ भने न्यूनतम तापक्रम ६ डिग्री सेल्सियससम्म हुन्छ ।

२०५८ को जनगणनाअनुसार यस जिल्लाको कूल जनसङ्ख्या ३,१७,३२० मध्ये १,७३,७०१ ( ५४.६४ प्रतिशत ) महिला र १,४३,६१९ ( ४५.२६ प्रतिशत ) पुरुष छन् । साक्षरता प्रतिशत ६६.७ प्रतिशत, पुरुष : ७७.९ प्रतिशत र महिला : ५७.७ प्रतिशत छ । यहाँ हिन्दू धर्म ८६.०७ प्रतिशत, जैन धर्म ०.०१ प्रतिशत र अन्य ०.८० प्रतिशत रहेको छ । यस जिल्लालाई महिला विकासको सूचकाङ्कमा हेर्नू पर्दा महिला सशक्तीकरण पहिलो स्तरमा, लैङ्गिक विभेद अनुपात दशौ स्तरमा महिला प्राथमिक शिक्षाको दर सातौ स्तरमा प्रा.वि तहमा बालिका कार्यक्रम सूचना तथा अभिलेख केन्द्र,(२०६६) स्याङजा ।

## ४.२ अध्ययनको क्षेत्रको भौगोलिक अवस्थिति

कोल्मा गा.वि.स. स्याङजा जिल्लाको सदरमूकामदेखि पूर्व करिब १३ कि.मी.को दूरीमा अवस्थित छ । २५ डिग्री ३ मिनेट अक्षांश देखि २८ डिग्री ५५ मिनेट पूर्वी देशान्तरदेखि ८८ डिग्री १२ मिनेट पूर्वी देशान्तरको बीचमा यो गा.वि.स. पर्दछ । समून्द्री सतहदेखि करिब १५६६ मिटर उचाईमा रहेको यस कोल्मा गा.वि.स.बाट मन्धेरी खोलाले छुट्ायाएको छ । उत्तरमा स्याङजा जिल्ला अन्तर्गत बहाकोट गा.वि.स.बाट ल्हेती खोला र दक्षिणमा यस गा.वि.स.लाई छुट्याएको छ । गुरुङ, मगर, बाह्मण, क्षत्री,भूजेल, दमै, कामी, नेवार आदि जस्ता विभिन्न जातिहरूको बसोबास रहेको यो गा.वि.स.को बडा नं १,२,३,र४ मा मगरहरूको बाहुल्यता देखिन्छ ।

## ४.३ हावापानी

नेपाल राष्ट्रको मध्यपहाडी क्षेत्रमा अवस्थित रहेको यो गा.वि.स.को हावापानी समशीतोष्ण प्रकारको छ । भौगोलिक दृष्टिकोणले नेपालमा गीष्ममा बगालको खाडीबाट उत्पत्ति भई आएको मनसुनद्वारा वर्षा हुने र शीत ऋतुमा स्थलीय शीतकालीन मनसुन भएकाले यस गा.वि.स. मा पनि ग्रीष्मयाममा मनसुनद्वारा वर्षा हुन्छ भने हिउँदमा सुख्खा हुने गर्दछ । यहाँको सबैभन्दा गर्मी महिना आषाढ,श्रावण हो जति खेर औसत तापक्रम २५ देखि २७ डिग्रीसम्म हुने गर्दछ । यो अवस्था गर्मी ठाउँको तुलनामा ज्यादै कम मानिन्छ । भने ठण्डी महिना पौष र माघ महिना मानिन्छ । जहाँ ९४५.५ मि.मि वर्षा हुने गर्दछ । यस गा.वि.स.को स्थानीय जलवायुलाई उचाइले प्रत्यक्ष प्रभाव पारेको छ बेसीमा न्यानो समशीतोष्ण मनसुनी हावापानी र कोल्माको डाँडामा ठन्डा समशीतोष्ण मनसुनी हावापानी पाइन्छ । करिब १५०० मी. को उचाइसम्ममा न्यानो समशीतोष्ण र त्यसभन्दा माथि ठण्डा समशीतोष्ण हावापानी पाइन्छ ।

## ४.४ जनसङ्ख्या

कुनै एक निश्चित भौगोलिक सीमाभित्र अस्थायी तथा स्थायी रूपले बसोबास गर्ने, महिला, पुरुष, बालबालिका, युवायुवती तथा वृद्धाहरूको जमातलाई जनसङ्ख्या भनिन्छ । जसले कुनै पनि स्थानको सामाजिक संचरनामा परिवर्तन ल्याउने गर्दछ । वि.स.२०५८ सालको जनगणनाअनुसार यस गा.वि.स. को कुल जनसङ्ख्या १३२३ महिला रहेको छ । जुन नेपालको कुल जनसङ्ख्याको ०.०१ प्रतिशत हुन आउछ । यहाँ गुरुङ ३० प्रतिशत, मगर ४० प्रतिशत, बाह्मण ४ प्रतिशत, दलित १९ प्रतिशत र अन्य ६ प्रतिशत जात जातिहरू बसोबास गरेको थियो भने हाल २०६७/०६८ मा अध्ययनले गरेको एक सर्वेक्षणबाट यस कोल्मा बराहचौर गा.वि.स.मा कुल ४५९ घरधुरीमा २५४६ जनसङ्ख्या रहेको र त्यसमा पुरुष १२४६ र महिला १३०० रहेको पाइन्छ । (स्थलगत सर्वेक्षण २०६५)

## ४.५ संस्कृति तथा चाडपर्वहरू

धर्म र संस्कृति भनेको वास्तवमा मानव जातिले आफ्नो आवश्यकता परिपूर्ति गर्नाका लागि, परम्परादेखि नै अवलम्बन गर्दै आएको एउटा सामाजिक तथा सांस्कृतिक

व्यवहार हो आस्था हो । जसलाई पछिका पुस्ताहरूले कतिपय जस्ताको तस्तै आत्मसात् गर्दै आएका छन् भने कतिपयले समयअनुसार परिवर्तन गर्दै आइरहेका छन् । साथै संस्कृति भनेको समाजको गहना हो अर्थात् मानवीय तथा अभौतिक वस्तु, चिज तथा अवधारणाहरूलाई संस्कृति भनिन्छ । धार्मिक रूपबाट समानता देखिए तापनि आ-आफ्ना जातअनुसार विभिन्न संस्कार, परम्परा, रीतिरिवाज, चाडपर्वहरू आ-आफ्नै तरिकाले मान्दै र अवलम्वन गर्दै आइरहेका छन् । धार्मिक रूपबाट हेर्दा अधिकांश मानिसहरू हिन्दू धर्मप्रति आस्थावान् देखिन्छन् । भने केहि रूपमा बौद्ध धर्म पनि अवलम्बन गरेको पनि देखिन्छ । यहाँका मानिसहरूले दशैं, तिहार,माघे संक्रान्ति,वैशाखे पूर्णिमा,श्रावण संक्रान्ति, तीज, जनै पूर्णिमा, पौष १५ (ल्होसार) आदि चाडपर्वहरू सबै जनताहरूले धूमधामसँग मनाउने गर्दछन्। त्यसको साथै ब्राहमणहरू वेदपाठ, चण्डीपाठ, सप्ताह गर्ने, देवदेवीका नाममा भजन कीर्तन गर्ने, कुलपूजा, ब्रतवन्ध, पितृको नाममा गरिने श्राद्ध आदिलाई आफ्नो प्रमुख संस्कृतिका रूपमा मान्दछन् । भने गुरुङहरू बच्चा जन्मेपछि छैटी, न्वारन, पास्नी, छेवार, मान्छे मरेपछि गरिने पितृकार्य (अर्घौ) त्यसतै गुरुङ मगर दुवै जातिहरू भ्फोरा, सोरठी, घाटु, रोधी, कौरा, सालैजो र समय समयमा बुद्धका भजनहरू गरेर विभिन्न खेलकूद गरी आफ्नो आध्यामिक मनोरञ्जनात्मक आवश्यकता पूर्ति गरेको पाइन्छ । यसरी हेर्दा कोल्मा गा.वि.स. सामाजिक तथा सांस्कृतिक रूपले निकै धनी तथा हिन्दू र बौद्ध धर्मको संगमथलो हो ।

## ४.६ विद्यालयको ऐतिहासिक पृष्ठभूमि

यस श्री कोल्मा बराहचौर उच्च माध्यमिक विद्यालय वि.स.२०१० सालमा प्रा.वि.स्थापना भई वि.स. २०१९ सालमा नि.मा.वि. वि.स. २०२३ सालमा मा.वि. तथा वि.स.२०५८ सालमा उच्च मा.वि. मा परिणत रही अस्थायी सम्बन्धन प्राप्त गरी उ.मा.वि. सञ्चालनमा आएको छ । उक्त विद्यालय स्थापनाको निमित्त छिमेकी गा.वि.स.राङभाङ ,बहाकोट, राईपुर, किचनास, ओरष्टेसमेतको सक्रिय सहयोग रहेको कुरा निर्विवाद सत्य हो । उक्त गा.वि.स.का बुद्धिजीवी तथा समाजसेवी र शिक्षा प्रेमीहरूको सक्रियतामा यो विद्यालय निर्माण तथा स्थापना भएको हो । शुरुमा विद्यालय १ तले ५ कोठे ढुङ्गले छाएको भवन रहेको र कक्षा ५ सम्म अध्ययन अध्यायपन भइआएको थियो । पछि गएर २०२२-२३ सालमा विभिन्न गा.वि.स.हरूबाट चन्दा सङ्कलन गरी १० कोठे पक्की २ तले माटे गाह्रो भवन निर्माण भई मा.वि. कक्षाहरू सञ्चालन हुँदै आएको थियो । २०२५ सालमा ८ जना

विद्यार्थीहरू प्रवेशिका सम्मिलित गराउने स्याङजा जिल्लाकै शैक्षिक क्षेत्रको पुरानो विद्यालय हो । वि.सं. २०३० सालमा भारतीय दूतावासबाट प्राप्त रकमबाट छात्रावास भवन ५ कोठे निर्माण भएको  थियो । वि.स.२०४४-४५ सालमा ४ कोठे एक तले भवन पुनः निर्माण गर्ने क्रममा केही शिक्षक  तथा बुद्धिजीवीहरूको समेतको ऋण सहयोगमा निर्माण भई अहिलेको अवस्था रहेको छ । पछि २०३६/२०३७ सालमा  पुन १ तले ४ कोठे भवन बनेको थियो । उच्च मा.वि. निर्माण गर्ने क्रममा २०४५/४६ देखि नै आजीवन सदस्यहरूबाट जनही १,१११ एक हजार एक सय एकका दरले चन्दा सहयोग उठाई ४ कोठे १ तले भवन निर्माण भएको थियो । वि.स. २०३१ सालमा  १ तले कार्यशाला भवन श्री ५ को सरकारको सहयोगमा निर्माण भएको थियो । वि.स. २०४३ /०४४ मा बेल्जियम रेडक्रसको सहयोग र स्थानिय चन्दा सहयोगबाट जु.रे.स. भवन निर्माण भएको र शैक्षिक सत्र २०५९/०६० मा २ कोठे एक तले पक्की टिनको छानो वाला भवन निर्माण भएको थियो ।

यस विद्यालयको भौतिक अवस्था हेर्दा ७ वटा भवनमा २५ वटा कोठा, एक खेल मैदान, एक पुस्तकालय, ९ थान कम्प्यूटर, ४ कोठा शौचालयको साथै बिजुली बत्तीको सुविधा रहेको छ , भने खानेपानीको त्यति राम्रो सुविधा छैन ।

## ४.७ विद्यालयको अवस्थिती

यो उ.मा.वि. कोल्मा गा.वि.स. को अति रमणीय ठाउँ बराहचौर डाँडामा रहेको छ । विद्यालयको दक्षिणमा विशाल खेल मैदान साथै विद्यालयमा आंशिक पर्खाल र बगान रहेको छ । यस विद्यालय कोल्मा वडा ६ मा रहेर अन्य वडाहरूमा पूर्व उत्तरमा नाम्चे जनविकास प्रा.वि., भारती नि.मा.वि. काल्खु क्रमशः वडा नं.२ र ४ पर्दछ । त्यहाँ पुरै मगर जाति र वडा १ नाम्चेमा मगर, गुरुङ जाती रहेका छन् भने वडा नं. ६,७ र ८ बराहचौरमा गुरुङ बस्ती, दमै, कामी, रहेका छन् । जसमा कोल्माकोट स्याङजाको नामीकोट वडा नं ७ मा पर्छ र वडा नं ८ को सिमानामा तनहूँ  जिल्लाको राईपुर, विद्यालयको दक्षिणमा ओरष्टे गा.वि.स र उत्तरमा बहाकोटको पूरै गा.वि.स. पर्दछ ।

## ४.८ विद्यालयमा अध्ययनरत कक्षागत छात्रछात्रा विवरण

**तालिका ४.१**

| जनजाति | लिङ्ग | कक्षा | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बालविकास | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| दलित | छात्रा | १५ | ५ | ७ | ७ | ५ | ४ | ९ | ५ | ७ | ६ | ३ | ४ | ३ |
| | छात्र | ७ | ६ | २ | ५ | ६ | १० | ५ | ५ | ४ | १ | ३ | २ | २ |
| | जम्मा | २२ | ११ | ९ | १२ | ११ | १४ | १४ | १० | ११ | ७ | ६ | ६ | ५ |
| जनजाति | छात्रा | १३ | २ | १ | १ | १ | २ | २ | ६ | ८ | ८ | ९ | ४ | १७ |
| | छात्र | ५ | | | | १ | ३ | ६ | ३ | ४ | ९ | ४ | ८ | १० |
| | जम्मा | १८ | २ | १ | १ | २ | ५ | ८ | ९ | १२ | १७ | १३ | १२ | २७ |
| अन्य | छात्रा | | | | | | | १ | १ | ३ | १ | ६ | ३ | २५ |
| | छात्र | | | | | | | | | | १ | ८ | ४ | ७ |
| | जम्मा | | | | | | | १ | १ | ३ | २ | १४ | ६ | ३२ |
| जम्मा | छात्रा | १८ | १० | ७ | ९ | ६ | ६ | ११ | १२ | १८ | १५ | १८ | ११ | ४५ |
| | छात्र | १२ | | २ | ६ | ७ | १३ | ११ | ८ | ८ | ११ | १५ | १४ | ९ |
| | जम्मा | ३० | १० | ९ | १५ | १३ | १९ | २२ | २० | २६ | २६ | ३३ | २५ | ५४ |

विद्यालय सुधार योजना २०६८

माथिको तालिकामा विद्यालयका सबै कक्षाको विद्यार्थी सङ्ख्यालाई प्रस्तुत गरिएको छ । जहाँ जम्मा विद्यार्थी सङ्ख्या ३१२ मध्ये छात्राको सङ्ख्या १७९ र छात्रको सङ्ख्या १३३ रहेको छ । कक्षा ११ र १२ को जम्मा सङ्ख्या ८९ छ । जसमा छात्राको सङ्ख्या ५६ र छात्रको सङ्ख्या ३३ रहेको छ ।

यस विद्यालयमा अध्ययपन गराउने शिक्षकको जम्मा सङ्ख्या २१ रहेको छ जसमा २ महिला शिक्षिका र अन्य पूरुष शिक्षिक रहेको छ । र परिचर दुई जना रहेका छन् । जहाँ जनजाति शिक्षक शिक्षिका १२ जना रहेका छन् भने अन्य सबै जना ब्राहमण रहेका छन् ।

## ४.९ धर्म

धर्म आध्यात्मिक शक्तिमाथिको एक विश्वास हो, जसमा पवित्र र अपवित्र प्रतिको धारणा विकास गरिएको हुन्छ । मानवले वैयक्तिक र सामाजिक गरी दुई प्रकारको जीवन व्यतित गरेको हुन्छ । वैयक्तिक जीवनमा मानवलाई खास आनन्द मिल्दैन र त्यो जीवन निराश जस्तो लाग्दछ । तर सामाजिक जीवनमा प्रवेश गर्नासाथ उसलाई आनन्दको अनुभव हुन थाल्दछ, र त्यसमा एक प्रकारको भिन्न उत्साह हुन्छ । समूहमा एउटाको उत्साहले अर्कोलाई पनि प्रेरणा मिल्दछ । सामूहिक विधिविधान धर्मको उत्पति हुनु भन्दा पहिले भएको अनुमान गरिन्छ । आफ्ना गोत्र चिन्हका वन्धुबान्धवका साथ सामूहिक भेटघाटका अवसरमा मानवले वैयेक्तिक जीवनकासारा कुरा विर्सेर अर्कै आनन्दको अनुभव गर्दछ । धर्मको उत्पति त्यसै आनन्दको परिणाम हो । धर्म एउटा सामाजिक संस्कार हो । धर्ममा आवद्ध मानिसहरूले आफ्नो धार्मिक दर्शन अनुसार के गर्न हुन्छ के गर्न हुदैन भन्ने सामाजिक व्यवहार निर्धारण गरेको हुन्छ । नेपालका विभिन्न धार्मिक समूहहरू रहेका छन् जातजाति अनुसार फरक-फरक धर्म मान्ने प्रचलन रहेको पाइन्छ । जहाँ विशेष गरेर हिन्दु, बौद्ध, क्रिश्चियन,मुशलमान, शिख आदि रहेको पाइन्छ जहाँ बढी मा हिन्दु धर्मको बाहुल्य रहेको पाइन्छ । यसै गरी उत्तरदाताको धार्मिक विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२**

**धर्मको आधारमा उत्तरदाताको विवरण**

| धर्म | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | ४४ | ७८.५७ |
| बौद्ध | १२ | २१.४३ |
| जम्मा | ५६ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०६९**

तालिका ४.२ अनुसार हिन्दु धर्म मान्नेको सङ्ख्या ४४ अर्थात् ७८.५७ प्रतिशत रहेको पाइयो, भने बौद्ध धर्म मान्नेको सङ्ख्या १२ अर्थात् २१.४३ प्रतिशत रहेको पाइयो । जहाँ हिन्दू धर्म मान्नेको सङ्ख्या सबैभन्दा बढी ४४ जना रहेको पाइयो ।

## ४.१० जाति/जनजाति

नेपाल एक बहुजाती देश हो । त्यसैले पृथ्वीनारायण शाहले नेपाललाई चारजात ३६ वर्णको फूलबारी भनेका थिए । यहाँ विभिन्न जात र जनजाति बसोबास गर्दै आएको पाइन्छ । नेपाल जात/जनजातिहरूको बसोबास भएको मुलुक हो । यो गा.वि.स. (कोल्मा) मा विशेष गरेर जनजातिको नै बाहुल्य रहेको छ । यस गा.वि.स.मा विशेष गरेर गुरुङ, मगर, बाह्रमण, क्षत्री, नेवार, कामी, दमाई, सार्की, सुनार, घर्ती आदि छन् । अध्ययन क्षेत्रको जातिगत आधारमा जनसङ्ख्याको बनावटलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ । जहाँ उत्तरदाताको विवरणलाई मात्र प्रस्तुत गरिएको छ ।

**तालिका ४.३**

**जातिगत आधारमा उत्तरदाताको विवरण**

| जातजाति | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ब्रहामण/क्षेत्री | २८ | ५०.० |
| दलित | ७ | १२.५ |
| जनजाति | २१ | ३७.५ |
| जम्मा | ५६ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०६९**

तालिका ४.३ अनुसार ब्राह्मण/क्षत्रीको सङ्ख्या २८ अर्थात् ५० प्रतिशत छ , दलितको सङ्ख्या ७ अर्थात् १२.५ प्रतिशत रहेको छ भने जनजातिको सङ्ख्या २१ अर्थात् ३७.५ प्रतिशत रहेको पाइयो । जहाँ सबैभन्दा बढी सङ्ख्या २८ ले ब्रहामण/क्षत्रीको बाहुल्य रहेको पाइयो ।

## ४.११ भाषागत विवरण

भाषालाई सञ्चारको एक महत्त्वपूर्ण माध्यम मानिन्छ । भाषाको माध्यमबाट एक व्यक्तिले अर्को व्यक्तिका अभिव्यक्तिहरू बुझ्ने र बुझाउने काम गर्दछ । यस कारण भाषा विना मानिसले आफ्नो क्रिया र प्रतिक्रिया अभिव्यक्त गर्न सक्दैनन् । भाषा परिवारबाट नै शुरु हुन्छ जसले गर्दा परिवारमा जुन भाषाको प्रयोग गरिन्छ त्यही भाषा बालबालिकाले नि प्रयोग गरेको पाइन्छ । यसलाई नै हामी मातृभाषा भनी बुझ्दछौ । नेपालको सन्र्दभमा धेरै भाषाभाषी बोल्ने जातजाति बसोबास गर्ने हुनाले यहाँ पनि विभिन्न भाषा बोल्ने उत्तरदाताहरू रहेको पाइयो । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.४ भाषागत आधारमा उत्तरदाताहरूको विवरण**

| भाषा | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| गुरुङ | १२ | २१.४३ |
| मगर | ७ | १२.५ |
| नेपाली | ३७ | ६६.०७ |
| जम्मा | ५६ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०६९**

तालिका ४.४ अनुसार गुरुङ भाषा बोल्ने उत्तरदाताको सङ्ख्या १२ अर्थात् २१.४३ प्रतिशत पाइयो भने मगर भाषा बोल्ने ७ अर्थात् १२.५ प्रतिशत र नेपाली बोल्नेको सङ्ख्या ३७ अर्थात् ६६.०७ प्रतिशत रहेको पाइयो । जहाँ सबैभन्दा बढी ३१ जना नेपाली भाषा बोल्नेको बाहुल्यता रहेको देखियो ।

## ४.१२ उमेर

उमेर एउटा समयको अन्तर थाहा पाउने माध्यम हो । जसले गर्दा को कति सालको भयो कुन कति सालले ठूलो सानो छ भन्ने कुरा थाहा पाउन सकिन्छ । यही उमेरको अन्तरले नै विभिन्न गतिविधिमा फरक देख्न सकिन्छ । यसै क्रममा १६ वर्ष उमेर पुगेका र ६० वर्ष सम्मकालाई हामीले आर्थिक रूपमा सक्षम मानिन्छ । उनीहरूले यस उमेरमा केही न केही आम्दानी गरेका हुन्छन् । यसै गरी यस उच्च मा.वि. मा अध्ययनरत छात्राहरूको उमेर कतिदेखि कतिसम्म रहेको छ भन्ने कुरालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.५**

**उमेरका आधारमा उत्तरदाताको विवरण**

| उमेर | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १५ देखि २० | ५१ | ९१.०७ |
| २० देखि माथि | ५ | ८.९३ |
| जम्मा | ५६ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०६९**

तालिका ४.५ अनुसार उमेरको आधारमा उत्तरदाताको उमेर हेर्नु पर्दा १५ देखि २० वर्षका उत्तरदाताको सङ्ख्या ५१ अर्थात् ९१.०७ प्रतिशत रहेको पाइयो भने २० देखि माथिका उत्तरदाताको सङ्ख्या ५ अर्थात् ८.९३ प्रतिशत रहेको पाइयो । जहाँ सबैभन्दा बढी सङ्ख्या १५ देखि २० वर्ष सम्मका ५१ जना रहेको पाइयो ।

## ४.१३ कक्षा

विद्यार्थी जीवनमा कक्षा एकदमै महत्त्वपूर्ण पक्ष मानिन्छ किनभने कक्षाको कारणबाट को कति कक्षामा अध्ययनरत रहेको छ भन्ने कुरा थाहा पाउन सकिन्छ । यसको साथै विद्यार्थीको पढाइको स्तर र कुन कति उमेरको विद्यार्थी कतिमा पढ्दै गरेको छ भन्ने कुराको बारेमा थाहा पाउन सकिन्छ । जहाँ विद्यार्थीले जति बढी पढ्दै गयो त्यती नै उसको कक्षा पनि पास भएअनुसार एक, दुई, तीन हुदै क्रमश बढ्दै जान्छ । यसरी विद्यार्थीको पढाइ कुन कक्षामा हुदै छ भन्ने कुरामा निर्धारण गर्ने हुँदा अनुसन्धानको क्रममा उत्तरदाताको कक्षा कतिमा कति जना अध्ययनरत रहेका छन् भन्ने कुरा जानकारी दिन तलको तालिका प्रस्तुत गरिएको छ ।

**तालिका ४.६**

**कक्षाको आधारमा उत्तरदाताको विवरण**

| कक्षा | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ११ | ११ | १९.६४ |
| १२ | ४५ | ८०.३६ |
| जम्मा | ५६ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०६९**

तालिका ४.६ अनुसार कक्षा ११ मा पढ्नेको सङ्ख्या ११ अर्थात् ५५.३६ प्रतिशत रहेको पाइयो भने कक्षा १२ मा पढ्नेको सङ्ख्या ४५ अर्थात् ८०.३६ प्रतिशत रहेको पाइयो । जहाँ कक्षा १२ मा पढ्ने विद्यार्थी सङ्ख्या सबैभन्दा बढी ३१ जनाको बाहुल्य रहेको पाइयो ।

## ४.१४ वैवाहिक स्थिति

विवाह एक सामाजिक संस्था हो । यसले दुई परिवार बीचको सम्बन्धलाई जोड्दछ । विवाहले परिवारलाई पुस्ता-पुस्तासम्म जोगाई रहनका लागि महत्त्वर्पूण भूमिका खेल्दछ । विवाहले मानिसको नातासम्बन्धमा परिवर्तन गराउछ साथै मानिसको काम कर्तव्यमा पनि परिवर्तन गराउने गर्दछ । जसका कारण विवाहपश्चात् महिलाले पढ्ने अवसर कम पाएको देखिन्छ । यसै कममा यस उच्च मा.वि.मा अध्ययनरत छात्राहरूको वैवाहिक स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.७**
**वैवाहिक स्थितिको आधारमा उत्तरदाताको विवरण**

| वैवाहिक स्थिति | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| विवाहित | ११ | १९.६४ |
| अविवाहित | ४५ | ८०.३६ |
| जम्मा | ५६ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०६९**

तालिका ४.७ अनुसार विवाहित भएको छात्राको सङ्ख्या ११ अर्थात् १९.६४प्रतिशत र अविवाहितको सङ्ख्या ४५ अर्थात् ८०.३६ प्रतिशत रहेको छ । जहाँ अविवाहितको सङ्ख्या सबैभन्दा बढी ४५ रहेको पाइयो ।

# अध्याय पाँच

# उच्च माध्यमिक तहमा महिलाहरूको शैक्षिक अवस्था

शिक्षा मानव जीवनमा एक महत्त्वपूर्ण अगं हो किनभने शिक्षाले नै मानिसलाई अँध्यारोबाट उज्यालोतर्फ लैजान प्रेरित गर्दछ । शिक्षा अहिले एक अपरिहार्य विषय मानिन्छ । महिला शिक्षाको अवस्था हालैका एकाध दशक यता सुधारोन्मुख रहेको छ । विद्यालय स्तरको शिक्षामा महिलाहरूको पहुँच नै चुनौतीपूर्ण रहेको बेला उच्च मा. वि र उच्च शिक्षा तहमा महिला शिक्षा थप चुनौतीपूर्ण रहेको छ । यस परिपेक्ष्यमा अझ ग्रामिण परिवेशमा अवस्थित यस कोल्मा गा.वि.स.मा महिला शिक्षाको अवस्था अवश्य नै चुनौतीपूर्ण छ । यस सन्दर्भमा गरिएको अध्ययनले अध्ययन क्षेत्रमा महिला शिक्षाको अवस्था तल उल्लेख गरिएको छ ।

## ५.१ छात्राहरूको पारिवारिक पेशा

परिवार चलाउनाका लागि कुनै न कुनै पेशा गर्नु आवश्यक हुन्छ । यसै क्रममा ग्रामीण क्षेत्रको मुख्य पेशा कृषि प्रणाली गुजारा किसिमकै हुन्छ । कृषि प्रणालीमा सुधार आउन सकेको छैन । यसैले मानिसले परिवार चलाउनाको लागि विभिन्न किसिमका पेशा, व्यापर, व्यवसाय गर्ने गर्दछ । त्यसबाहेक वैदेशिक रोजगारी खास गरी विदेशी सेना, पुलिस तथा विविध प्रकारका सेवामा कार्यरत रहेको पाइन्छ । विदेशी सेना (लाहुरे) सम्मानित पेशाका रूपमा लिने गर्दछन् । यस्तै प्रकारका पारिवारिक पेशाको पृष्ठभूमिमा यी छात्राहरू सम्लग्न छन् ।

## ५.२ छात्राहरू पढ्ने स्कूल

शिक्षा प्राप्त गर्न पाउनु सबैको अधिकार हो । तर सबैले शिक्षा पाएको हुँदैन र पाएकाले पनि विभिन्न थरीका विद्यालयबाट लिएको पाइन्छ । किनभने विद्यालय दुई प्रकारको हुन्छ । त्यसमा नीजी र सरकारी गरी विभाजन गरेको हुन्छ । सरकारी विद्यालयको पढाइलाई कमसल मानिन्छ भने नीजीको लाई राम्रो मान्ने प्रचलन रहेको हुन्छ । यसै क्रममा उच्च मा.वि.को छात्राहरूले एस.एल.सी. सम्मको शिक्षा कुन विद्यालयबाट लिएको छ भन्ने कुरालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ५.१**

**अध्ययनरत छात्राहरूको प्रवेशिका तहसम्म संलग्न विद्यालयको किसिम**

| छात्राहरू संलग्न विद्यालयको किसिम | छात्रा सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सरकारी | ५३ | ९४.६४ |
| नीजी | ३ | ५.३६ |
| जम्मा | ५६ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०६९**

तालिका ५.१ अनुसार उत्तरदाताले एस.एल.सी.सम्मको पढाइ सरकारी विद्यालयबाट लिएको सङ्ख्या ५३ अर्थात् ९४.६४ प्रतिशत र नीजी विद्यालयबाट लिएको सङ्ख्या ३ अर्थात् ५.३६ प्रतिशत रहेको पाइयो ।

## ५.३ दाजुभाइ पढ्ने स्कूल

शिक्षा प्राप्त गर्न पाउनु सबै नागरिकको नैसर्गिक अधिकार हो । तर सबैले शिक्षा भने पाएका छैनन् । किनभने विभिन्न कारणले गर्दा पढ्न पाएका हुँदैन । यसैले गर्दा नेपालमा साक्षरतादरलाई हेर्नु पर्दा पुरुषको तुलनामा महिलाको शैक्षिक स्तर ज्यादै न्यून देखिन्छ । किनकि नेपाल एक पित्तृसत्तात्मक देश भएका कारणले छोरीलाई शिक्षा प्राप्तिमा भेदभाव गरी छोरालाई बढी मात्रमा नीजी विद्यालयमा र छोरीलाई सरकारी स्कूलमा पढाएको पाइन्छ । अहिले भने केही मात्रामा भए पनि छोरीलाई पनि निजी स्कूलमा पढाउने गरेको पाइन्छ । यसरी यस उच्च मा.वि.मा अध्ययनरत छात्राहरूको शिक्षा एस.एल.सी.सम्मको शिक्षा कुन विद्यालयबाट लिएका छन् भन्ने कुरालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.२**

**दाजुभाइ अध्ययनरतको आधारमा उत्तरदाताको विवरण**

| विद्यालयका प्रकार | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सरकारी | ३८ | ६७.८६ |
| नीजी | १८ | ३२.१४ |
| जम्मा | ५६ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०६९**

तालिका ५.२ अनुसार उत्तरदाताको दाजुभाइ कस्तो विद्यालयमा पढ्ने रहेछन् भन्ने कुरालाई देखाइएको छ । जहाँ सरकारी विद्यालयमा पढ्नेको सङ्ख्या ३८ अर्थात् ६७.८६ प्रतिशत रहेको छ भने नीजी विद्यालयमा पढ्नेको सङ्ख्या १८ अर्थात् ३२.१४ प्रतिशत रहेको छ । जहाँ सबैभन्दा बढी सरकारी विद्यालय पढ्नेको सङ्ख्या ३८ र सबैभन्दा कम नीजी विद्यालय पढ्ने को सङ्ख्या १८ रहेको छ ।

## ५.४ स्कूलबाट फर्केपछि गर्ने काम

उच्च मा.वि.मा अध्ययनरत विद्यार्थीहरू प्राय सानै उमेरका हुन्छन् यसैले उनीहरू घरमा नै बसेका हुन्छन्, उनीहरूले जागिर गरेका हुदैनन् । यसकारण उनीहरू घरायसी काममा नै व्यस्त हुन्छन् । यसमा पनि अधिकांश महिला नै काममा व्यस्त हुन्छन् । किनभने पुरुषले घरायसी काम कम मात्रामा गर्ने गर्दछन् । अलि अप्ठ्यारो, महिलाले गर्न गाह्रो हुने जस्ता काम गर्दछन् । उनीहरूलाई घरबाहिर जाने स्वतन्त्र हुन्छ भने महिलालाई त्यति हुदैन । यसरी महिला छात्राहरूले विद्यालयबाट आएपछि के के काम गर्दछन् त भन्ने कुरालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ५.३**

**स्कूलबाट फर्केपछि गर्ने कामको आधारमा उत्तरदाताको विवरण**

| छात्राले गर्ने कामका प्रकारहरू | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| पढ्ने काममात्र | १२ | २१.४३ |
| घाँसदाउरा | ५ | ८.९३ |
| खेतबारीमा | ९ | १६.०७ |
| घरायसी | ३० | ५३.५७ |
| जम्मा | ५६ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०६९**

तालिका ५.३ अनुसार छात्राहरूले स्कूलबाट फर्केपछि के के काम गर्दछन् भन्ने क्रममा पढ्ने काम मात्र गर्नेको सङ्ख्या १२ अर्थात् २१.४३ प्रतिशत, घाँसदाउरा गर्नेको सङ्ख्या ५ अर्थात् ८.९३ प्रतिशत, खेतबारीमा काम गर्नेको सङ्ख्या ९ अर्थात् १६.०७ प्रतिशत, घरायसीमा गर्नेको सङ्ख्या ३० अर्थात् ५३.५७ प्रतिशत रहेको पाइन्छ । जहाँ सबै भन्दा बढी घरायसी काम गर्नेको सङ्ख्या ३० रहेको छ ।

## ५.५ विद्यालयबाट फर्केपछि दाजुभाइले गर्ने काम

महिला र पुरुषले गर्ने काममा नै फरक देख्न सकिन्छ । किनभने महिला र पुरुषको काम फरक फरक हुन्छ नेपालमा महिला भएपछि जस्तो काम पनि गर्न सक्छन् गर्न हुन्छ भन्ने छैन काम गर्दा धेरै सोच विचार गरेर गर्नुपर्छ । तर पुरुषले गर्ने काम मा कुनै बन्देज छैन जस्तो काम पनि गर्न सक्छन् । छोरा मान्छेले घरको पकाउने, सरसफाइको काम गर्ने होइन कसरी हुन्छ कमाउने काम गर्नुपर्छ भन्ने धारणा रहेको छ । तर उच्च मा.वि. पढ्ने छात्रहरूले कस्तो काम गर्दछन् त स्कूलबाट फर्केपछि भन्ने कुरालाई तल तालिकामा देखाइएको छ ।

**तालिका ५.४**

**दाजुभाइले गर्ने कामको आधारमा उत्तरदाताको विवरण**

| दाजुभाईले गर्ने काम | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| पढ्ने काम | ३२ | ५७.१४ |
| घाँसदाउरा | ६ | १०.७२ |
| खेतबारीमा | १६ | २८.५७ |
| घरायसी | २ | ३.५७ |
| जम्मा | ५६ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०६९**

तालिका ५.४ अनुसार दाजुभाइ स्कूलबाट फर्केपछि के काम गर्दछन् भन्ने कममा पढ्ने काम मात्र गर्नेको सङ्ख्या ३२ अर्थात् ५७.१४ प्रतिशत, घाँसदाउरा गर्नेको सङ्ख्या ६ अर्थात् १०.७२ प्रतिशत, खेतबारीमा गर्नेका सङ्ख्या १६ अर्थात् २८.५७ प्रतिशत र घरायसी काम गर्नेको सङ्ख्या २ अर्थात् ३.५७ प्रतिशत रहेको छ । जहाँ सबैभन्दा बढी पढ्ने काम मात्र गर्नेको सङ्ख्या ३२ रहेको पाइयो ।

## ५.६ शिक्षाको अलावा गर्ने काम

मानिसले शिक्षा लिदै विभिन्न क्षेत्रमा पनि समावेश भई काम गरिरहेको हुन्छ । जसले नोकरी गरेको हुन्छ त्यो सरकारी, गैह्रसरकारी, घरायसी जस्तो पनि हुन सक्छ । यसरी उच्च मा.विमा अध्ययनरत छात्राहरूले शिक्षाको अलावा अन्य अरु के काममा लागेका छन् कि छैनन् भन्ने कुरालाई यसले समेट्छ, तर उच्च शिक्षा प्राप्ति विद्यार्थीहरू त्यति धेरै

शिक्षाको अलावा अन्य काममा लागेका त हुदैनन् तर लागेकाहरू केमा समावेश भएका छन् भन्ने कुरालाई तल तालिकामा देखाइएको छ ।

**तालिका ५.५**

**शिक्षाको अलवा गर्ने कामको आधारमा उत्तरदाताको विवरण**

| कामका प्रकार | उत्तरदाताको सङ्ख्या | प्रतिशत | नोकरी कस्तो | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| नोकरी | ७ | १२.५ | सरकारी | ४ | ५७.१४ |
| घरायसी | ४९ | ८७.५ | गैह्रसरकारी | ३ | ४२.८६ |
| जम्मा | ५६ | १०० | जम्मा | ७ | १०० |


**स्रोत : स्थलगत सर्वेक्षण २०६९**

माथिको तालिका ५.५ अनुसार शिक्षाको अलावा गर्ने कामको आधारमा उत्तरदाताको विवरणमा नोकरी गर्नेको संख्या ७ अर्थात् १२.५ प्रतिशत, घरायसी काम गर्नेमा ४९ अर्थात् ८७.५ प्रतिशत रहेको छ । यसमा घरायसी काम गर्नेको बाहुल्य रहेको पाइन्छ ।

यसै तालिकामा नोकरी गर्नेमा पनि सरकारी नोकरी गर्नेको संख्या ४ अर्थात् ५७.१४ प्रतिशत र गैह्रसरकारी काम गर्नेको संख्या ३ अर्थात् ४२.८६ प्रतिशत रहेको पाइयो ।


**चित्र न.५.१ (क)**

**शिक्षाको अलावा गर्ने कामको विवरण देखाउने वृत्तचित्र**



तालिका ५.५ र चित्र ५.१ (क) अनुसार उत्तरदाताले शिक्षाको अलवा कस्तो प्रकारको काम गर्दछन् भन्ने कुरालाई देखाइएको छ । जहाँ नोकरी गर्नेको सङ्ख्या ७ अर्थात् १२.५ प्रतिशत,घरायसी काम गर्नेको सङ्ख्या ४९ अर्थात् ८७.५ प्रतिशत रहेको छ । यसमा सबैभन्दा बढी घरायसी काम गर्नेको सङ्ख्या ४९ रहेको पाइयो ।

**चित्र ५.१ (ख)**
**उत्तरदाताले गर्ने नोकरीको प्रकारलाई देखाउने वृत्तचित्र**




नोकरी पनि दुई प्रकारको हुन्छ सरकारी र गैह्रसरकारी । माथिको तालिका ५.५ र चित्र ५.२ (ख) अनुसार सरकारी काम गर्नेको सङ्ख्या ४ अर्थात् ५७.१४ प्रतिशत, गैह्रसरकारी काम गर्नेको सङ्ख्या ३ अर्थात् ४२.८६ प्रतिशत रहेको छ । जहाँ सबैभन्दा बढी सरकारी काम गर्नेको सङ्ख्या ४ रहेको पाइयो ।

## ५.७ परिवारको आर्थिक अवस्था

शिक्षा प्राप्तिमा परिवारको आर्थिक अवस्थाले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । जसको आर्थिक अवस्था राम्रो र माथिल्लो स्तरमा रहेको हुन्छ । उसको सम्पूर्ण अवस्था राम्रो हुन्छ । यसकारण परिवारको आर्थिक अवस्था राम्रो हुदा शिक्षा लिने कममा आर्थिक स्थिति राम्रो हुनेले नीजी विद्यालयमा पढाउने गर्दछ भने कमजोर हुनेको शिक्षा प्राय सरकारीमा पढेको पाइन्छ । यसरी यस उच्च मा.वि.मा अध्ययनरत छात्राहरूको पारिवारिक आर्थिक अवस्था कस्तो खालको छ भन्ने कुरालाई तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ५.६**
**परिवारको आर्थिक अवस्थाको आधारमा उत्तरदाताको विवरण**

| आर्थिक अवस्था | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| न्यून | ९ | १६.०७ |
| मध्यम | ४४ | ७८.५७ |
| उच्च | ३ | ५.३६ |
| जम्मा | ५६ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण**

तालिका ५.६ अनुसार उत्तरदाताको पारिवारको आर्थिक अवस्थालाई देखाइएको छ । जहाँ न्यून आर्थिक अवस्था हुनेको सङ्ख्या ९ अर्थात् १६.०७ प्रतिशत, मध्यम खालको आर्थिक अवस्था हुनेको सङ्ख्या ४४ अर्थात् ७८.५७ प्रतिशत र उच्च आर्थिक अवस्था हुनेको सङ्ख्या ३ अर्थात् ५.३६ प्रतिशत रहेको छ । यसमा सबैभन्दा बढी मध्यम आर्थिक स्तर हुनेको सङ्ख्या ४४ पाइयो ।

## ५.८ परिवारमा नोकरी

उत्तरदाताको परिवारमा कसैको नोकरी छ कि छैन भन्ने कुरालाई हेर्न खोजिएको छ । नोकरी भन्नासाथ आम्दानी कमाउने बाटो हो । जुन सरकारी र वैदेशिक (निजी) दुवै खालको कामलाई मानिन्छ । यही नोकरीको माध्यमबाट नै अधिकांशको घरव्यवहार चलिरहेको पाईन्छ । परिवार चलाउनाको निमित्त नोकरीको अति आवश्यक पर्दछ त्यो चाहे देशको होस् चाहे विदेशको । यसैले गर्दा उत्तरदाताको परिवारमा नोकरी गर्ने छ कि? छैन ? छ भने कस्तो खालको नोकरी गरेका छन् त भन्ने कुरालाई तलको तालिकामा देखाइएको छ ।


**तालिका ५.७**
**परिवारको नोकरी**

| परिवारको नोकरी | सङ्ख्या | प्रतिशत | कस्तो नोकरी | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| छ | ४८ | ८५.७१ | सरकारी | १६ | ३३.३३ |
| छैन | ८ | १४.२९ | वैदेशिक | ३२ | ६६.६७ |
| जम्मा | ५६ | १०० | जम्मा | ४८ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०५९**

**चित्र ५.२(क)**


**परिवारको नोकरीको विवरण**




माथिको तालिका ५.७ र चित्र ५.३ (क) अनुसार उत्तरदाताको परिवारमा कसैको नोकरी छ कि छैन भन्ने कुरालाई हेर्न खोजिएको छ जहाँ नोकरी छ भन्ने को सङ्ख्या ४८ अर्थात् ८५.७१ प्रतिशत, छैन भन्नेको सङ्ख्या ८ अर्थात् १४.२९ प्रतिशत रहेको छ। यसमा सवैभन्दा बढी छ भन्नेको सङ्ख्या ४८ र सबैभन्दा कम छैन भन्नेको ८ रहेको छ।

**चित्र ५.२(ख)**

**नोकरीको किसिम**




माथिको तालिका ५.७ र चित्र ५.४ (ख) अनुसार परिवारमा कस्तो प्रकारको नोकरी गरेको छ भन्ने क्रममा सरकारी नोकरी गर्नेको सङ्ख्या १६ अर्थात् ३३.३३ प्रतिशत र

वैदेशिक नोकरी गर्नेको सङ्ख्या ३२ अर्थात् ६६.६७ प्रतिशत रहेको छ । जसमा सबैभन्दा बढी वैदेशिक रोजगारी गर्नेको सङ्ख्या ३२ र सबैभन्दा कम सरकारी नोकरी गर्नेको सङ्ख्या १६ रहेको छ ।

## ५.९ परिवारमा आर्थिक स्रोतका माध्यम

परिवारमा आर्थिक स्रोतका माध्यमहरू परिवारअनुसार फरक-फरक हुन्छ । किनभने कुनै परिवारमा सरकारी नोकरीबाट परिवार सञ्चालन गरेको हुन्छ । भने कसैको परिवारमा निजी, वैदेशिक, कृषि, पशुपालन, ज्याला मजदुरी आदि पनि गर्दछन् । यही आर्थिक स्रोतमा माध्यमहरूमा कस्ता खालका स्रोतहरू उत्तरदाताको परिवारले गरेका छन् भन्ने कुरा तलको तालिका प्रस्तुत गरिएको छ ।

**तालिका ५.८**

**आर्थिक स्रोतका आधारमा उत्तरदाताको विवरण**

| आर्थिक स्रोतका प्रकारहरू | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| नोकरी | २२ | ३९.२८ |
| वैदेशिक रोजगार | २१ | ३७.५ |
| कृषि, पशुपालन | ८ | १४.२९ |
| ज्याला मजदुरी | ५ | ८.९३ |
| जम्मा | ५६ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०६९**

तालिका ५.८ अनुसार उत्तरदाताको पारिवारिक आर्थिक स्रोतका माध्यमहरूलाई देखाइएको छ । जहाँ नोकरी गर्नेको सङ्ख्या २२ अर्थात् ३९.२८ प्रतिशत, वैदेशिक रोजगारी गर्नेको सङ्ख्या २१ अर्थात् ३७.५ प्रतिशत, कृषि, पशुपालन गर्नेको सङ्ख्या ८ अर्थात् १४.२९ प्रतिशत र ज्यालामजदूरी गर्नेको सङ्ख्या ५ अर्थात् ८.९३ प्रतिशत रहेको पाइयो । यसमा सबैभन्दा बढी नोकरी  गर्नेमा २२ जना रहेको पाइयो ।

## ५.१० परिवारको आर्थिक कारोवार कसले गर्दछ ?

परिवार सञ्चालन गर्नाको निमित्त आम्दानीमात्र भएर हुदैन त्यसलाई सञ्चालन पनि गर्ने व्यक्तिको आवश्यक पर्दछ । जसले घरको आर्थिक कारोबार गर्दछ ऊ अधिकांश मात्रमा घरको मूलीले नै गरेको पाईन्छ । किनकि आर्थिक कारोवारलाई राम्ररी व्यवस्थापन गरे मात्र जीवनपद्धति राम्रोसँग चलाउन सकिन्छ । नेपाल एक पितृसत्तात्मक राष्ट्र भएकाले आर्थिक कारोवार बुबाले चलाएको देखिन्छ भने केही मा त्रमा आमाले पनि चलाएको पाईन्छ । यसरी यस उत्तरदाताको परिवारमा आर्थिक कारोवार कसले गरेको छ भन्ने कुरालाई तलको तालिकामा देखाईएको छ ।

**तालिका ५.९**

**आर्थिक कारोवार गर्ने आधारमा उत्तरदाताको विवरण**

| आर्थिक कारोबार | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| बुवा | २४ | ४२.८६ |
| आमा | १५ | २६.७८ |
| दाजुभाइ | – | – |
| परिवारको सहमतिमा | १७ | ३०.३६ |
| जम्मा | ५६ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०६९**

तालिका ५.९ अनुसार परिवारको आर्थिक कारोवार कसले गर्दछ भन्ने कुरालाई देखाइएको छ । जहाँ आर्थिक कारोबार गर्नेमा बुवाको सङ्ख्या २४ अर्थात् ४२.८६ प्रतिशत, आमाको सङ्ख्या १५ अर्थात् २६.७८ प्रतिशत, दाजुभाइको सङ्ख्या शून्य रहेको छ भने परिवारको सहमतिमा १७ अर्थात् ३०.३६ प्रतिशत रहेको छ । जहाँ सबैभन्दा बढी आर्थिक कारोबार गर्नेमा बुवाको सङ्ख्या २४ रहेको पाइयो ।

## ५.११ कतिसम्म पढ्ने विचार

शिक्षा लिनु सबैलाई आवश्यक हुन्छ । किनभने शिक्षा विनााको जीवन अन्धकारमय हुन्छ त्यही हो शिक्षा कुन स्तरसम्मको लिने भन्ने कुरा उसको इच्छा, पारिवारिक सहयोग, आर्थिक अवस्थालगायत विभिन्न कारणहरू हुन सक्छन् । तर यस उच्च मा.वि.मा

अध्ययनरत छात्राहरूको पढ्ने विचार १२ देखि अझ माथि छ या छैन भन्ने कुरालाई अझ स्पष्ट हुनाका निमित्त तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१०**

**पढ्ने विचारको आधारमा उत्तरदाताको विवरण**

| पढ्ने विचार | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १२ पास मात्र | १४ | २५ |
| १२ देखि माथि | २८ | ५० |
| परिवारले पढाउनु भए | १४ | २५ |
| जम्मा | ५६ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०६९**

तालिका ५.१० अनुसार उत्तरदाताले १२ कक्षाको अध्ययन पछि पढ्ने कि नपढ्ने भन्ने क्रममा १२ पास मात्र गर्नेको सङ्ख्या १४ अर्थात् २५ प्रतिशत, १२ देखि माथि पढ्नेको सङ्ख्या २८ अर्थात् ५० प्रतिशत र परिवारले पढाउनु भए पढ्ने भन्नेको सङ्ख्या १४ अर्थात् २५ प्रतिशत रहेको छ । जसमा सबैभन्दा बढी १२ देखि माथि पढ्नेको सङ्ख्या २८ रहेको पाइयो ।

## ५.१२ परिवारले १२ पासपछि के गर्ला जस्तो लाग्छ

कानुनी रूपमा छोरीलाई पनि छोरा जति नै पढ्ने अधिकार दिएको छ । अधिकार प्राप्त भएको भए पनि छोराको तुलनामा शिक्षितको सङ्ख्या ज्यादै कम देखिन्छ । यस उच्च मा.वि.मा अध्ययनरत छात्राहरूको विचार कस्तो रहेको छ ? १२ पासपछि परिवारले के गर्छ जस्तो लाग्छ । साथै परिवारले अझ माथिसम्म पढाउँछ या सकेर पनि पढाउदैन भन्ने कुरालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका ५.११


### १२ पासपछि परिवारले के गर्ला भन्ने आधारमा उत्तरदाताको विवरण

| परिवारको विचार | उत्तरदाताको सङ्ख्या | प्रतिशत | सकेर नपढाएमा के कारण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १२ देखि माथि पढाउनुहुन्छ | २९ | ५१.७९ | शिक्षाको महत्त्व नबुझेर | २ | ३३.३३ |
| पढाउन सक्नुहुँदैन | १० | १७.८६ | जागिर नपाउने भएर | – | |
| सकेर पनि पढाउनु हुदैन | ६ | १०.७१ | छोरी भएर | ३ | ५० |
| विवाह गरिदिनु हुन्छ | ११ | १९.६४ | चेतनाको कमी भएर | १ | १६.६७ |
| जम्मा | ५६ | १०० | जम्मा | ६ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०६९**

### चित्र ५.३(क)


### १२ पास पछि परिवारले उत्तरदातालाई गरिदिने निर्णय




तालिका ५.११ र चित्र ५.५ (क) अनुसार परिवारले १२ पासपछि के गर्ला भन्नेमा १२ देखि माथि पढाउनु हुन्छ भन्नेको सङ्ख्या २९ अर्थात् ५१.७९ प्रतिशत पढाउन सक्नुहुँदैन भन्नेको सङ्ख्या १० अर्थात् १७.८६ प्रतिशत सकेर पनि पढाउनुहुँदैन ६ अर्थात् १०.७१ प्रतिशत विवाह गरिदिनु हुन्छ। जहाँ सबैभन्दा बढी १२ देखि माथि पढाउनु हुन्छ र सबैभन्दा कम सकेर पनि पढाउनु हुँदैन भन्ने रहेको छ।

चित्र ५.३ (ख)

१२ पास पछि परिवारले सकेर पनि नपढाउनुका विविध कारण




माथिको तालिका ५.११ र चित्र ५.६ (ख) अनुसार परिवारले सकेर पनि नपढाउनुमा शिक्षाको महत्त्व नबुझ्रेर भन्नेको सङ्ख्या २ अर्थात् ३३.३३ प्रतिशत, जागिर नपाउने भएर भन्नेमा शून्य रहेको छ । छोरी भएर भन्नेको सङ्ख्या ३ अर्थात् ५० प्रतिशत र चेतनाको कमी भएर भन्नेको सङ्ख्या १ अर्थात्  १६.६७ प्रतिशत रहेको छ । जहाँ सबैभन्दा बढी छोरी भएर भन्नेमा ३ र सबैभन्दा कम चेतनाको कमीमा १ रहेको छ ।

## ५.१३ पढेर के गर्ने विचार छ

मानिस शिक्षित भएपछि उनीहरूमा केही गर्ने लक्ष्य हुन्छ । मानिसअनुसार फरक–फरक विचारहरू हुन्छन् । धेरै मात्रामा मानिस शिक्षित भएपछि जागिर खाने भन्नेको बहुमत बढी पाइन्छ । यसैले पढेर के गर्ने विचार छ भन्ने मा उनीहरूको विचारलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१२**

**पढेर के गर्ने विचारको आधारमा उत्तरदाताको विवरण**

| पढाइ पछिको विचार | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| जागिर खाने | ४२ | ७५ |
| व्यापार गर्ने | ४ | ७.१४ |
| विदेश जाने | ६ | १०.७२ |
| सामान्य जीवन विताउने | ४ | ७.१४ |
| जम्मा | ५६ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०६९**

तालिका ५.१२ अनुसार पढेर के गर्ने विचार छ भन्नेमा जागिर खाने भन्नेको सङ्ख्या ४२ अर्थात् ७५ प्रतिशत, व्यापार गर्नेको सङ्ख्या ४ अर्थात् ७.१४ प्रतिशत, विदेश जानेको सङ्ख्या ६ अर्थात् १०.७२ प्रतिशत र सामान्य जीवन बिताउनेको सङ्ख्या ४ अर्थात् ७.१४ प्रतिशत रहेको पाइयो । जहाँ सबैभन्दा बढी जागिर खाने भन्नेमा ७५ प्रतिशत रहेको पाइयो ।

## *वैयक्तिक अध्ययन १*

*कोल्मा गा.वि.स.वडा न. ५ निवासी सुश्री शर्मिला गुरुङ अठार बर्षीया छात्रा हुन् । उनी अहिले कक्षा ११ मा अध्ययनरत छिन् । उनको परिवारमा बाबा,आमा लगायत ४ दिदी बहिनी र २ दाजुभाइ गरी जम्मा ८ जनाको रहेको छ । घरको आर्थिक अवस्थालाई भन्नु पर्दा न्यून वर्गीय रहेको देखिन्छ । जसका कारण परिवारमा आर्थिक समस्या निकै रहेको छ । परिवारको आम्दानीको स्रोत भने कृषि उत्पादन र ज्यालादारी रहेको छ । यसमा पनि आफ्नो जग्गा जमिन नभएका कारणले गर्दा कृषि उत्पादनका लागि अरुको जग्गामा अधियाँ गर्ने गर्दछन् । यसरी घरमा आर्थिक समस्या भएको कारणले उनको एस.एल.सी. सम्मको अध्ययन पनि यसै सरकारी विद्यालयबाट भएको पाइन्छ । अन्य दिदी बहिनी र दाजु भाइ पनि यसै सरकारी विद्यालयबाट शिक्षा लिएका छन् । अहिले आएर उनीले उच्च शिक्षा लिनु पर्छ र यो आवश्यकता छ भन्ने लागेर विभिन्न समस्याहरू झेल्दै पढि रहेकी छिन् । किनभने उनको उच्च शिक्षामा परिवारको आर्थिक हैसियत कमजोर हुँदा हुँदै पनि बिहान र विदाको दिन पारेर ज्यालादारी काम गरेर आफ्नो पढाइको खर्च चलाएकी छिन् । उनको भनाइ अनुसार शिक्षा अहिलेको समयमा नभई नहुने आधारभूत आवश्यकता हो । शिक्षा विनाको जीवन अन्धकार छ । शिक्षाले नै विभिन्न अवसरहरू पाउन सकिन्छ । शिक्षाले नै आफूमा हुने अन्याय र विभेदबाट छुटकारा पाउन सकिन्छ भन्ने कुरा राखिन् । तर उनले अझ माथि पढ्ने मन र विचार पनि यो सम्भव देखिंदैन किनभने आर्थिक अवस्था कमजोर छ साथै १२ देखि माथिको कक्षा लिन सदरमुकाम नै झर्नु पर्ने अवस्था भए पनि मिलेसम्म अझ माथि पढ्ने विचार भएको बताइन् ।*

# अध्याय - छ

# शैक्षिक प्रभावमा परिवारको भूमिका

शिक्षा सबैले पाउनु पर्ने नैसर्गिक अधिकार हो । शिक्षा अहिलेको परिस्थितिमा शिक्षा अपरिहार्य आधारभूत आवश्यकता हो । शिक्षाले नै मानवीय जीवनलाई सहज बनाउन मद्दत गर्दछ । किनभने शिक्षा जीवनको अँध्यारोलाई हटाई उज्यालोतर्फ लैजाने एक माध्यम पनि हो । यसर्थ, शिक्षाको महत्त्व अत्यन्त रहेको छ । यो समानता, विकास र शान्ति प्राप्त गर्ने उपाय पनि हो । शिक्षाले गर्दा महिला र पुरुषबीच राम्रो सम्बन्ध कायम हुन सक्छ भने शिक्षामा महिलाहरूको पहुँच पुरुषसरह हुनै पर्छ । शिक्षाद्वारा नै महिलाको स्वास्थ्य, पोषणको स्थिति सुधार गरी महिलालाई निर्णय गर्ने तहमा पुऱ्याउन सकिन्छ । तर शिक्षा सबैले पाउने नैसर्गिक अधिकार रहेता पनि सम्पूर्णले शिक्षा प्राप्त गर्न सकिरहेको छैन । शिक्षामा विभिन्न पक्षले प्रभाव पारेको हुन्छ । शिक्षा प्राप्तिमा परिवारको ठूलो भूमिका हुन्छ । किनभने परिवारको सहमतिमा नै सन्तानले शिक्षाको अवसर लिन सक्दछ । तर हाम्रो समाज एक पितृसत्तात्मक समाज र परम्परागत रुढीबादीमा आधारित रहेको हुनाले अझ पनि समाजले शिक्षा क्षेत्रमा त्यति राम्रो फड्को मार्न सकिरहेको छैन । यसरी समाजमा शिक्षाको क्षेत्रमा लैङ्गिकता, परम्परागत मूल्य मान्यता, सामाजिक गतिविधि, संस्कृतिले ठूलो प्रभाव परेको पाइन्छ । तर महिला र पुरुषलाई समान अधिकार दिनुपर्छ भन्ने नियम कानूनको निर्माण भए पनि केही मात्रामा मात्र लागू हुन सकेको छ भने यस्ता समस्यालाई पूर्ण रूपमा समाधान गर्न सकिएको छैन ।

## ६.१ परिवारमा समान अधिकार

परिवार एउटा संङ्गठित रूप हो । जहाँ एक अर्काको साथ र सहयोगविना अधुरो छ । यसरी नै परिवारमा सम्पूर्ण सदस्यले आफ्ना - आफ्ना हक अधिकार प्राप्त गर्न पाउनु पर्छ । किनकि नियम कानूनबाट नै चाहे छोरा चाहे छोरी भए पनि उनीहरूले पाउनु पर्ने अधिकार पाउनु जरुरी छ । यसर्थ, यस उच्च मा.वि.मा अध्ययनरत उत्तरदाताहरूले आफ्नो परिवारबाट समान अधिकार पाएको छ कि छैन यसमा घरायसी काम, स्वास्थ्य, शिक्षा,

खानपान र बाहिरी स्वतन्त्र भन्ने कुरालाई यसले समेट्दछ । यसमा के कस्ता कुराहरूमा समान अधिकार दिएको छ त भन्ने कुरालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ६.१**
**परिवारमा समान अधिकारको अवस्था**

| अधिकारको अवस्था | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| छ | ३४ | ६०.७१ |
| छैन | २२ | ३९.२९ |
| जम्मा | ५६ | १००% |

**स्रोत : स्थलगत सर्वेक्षण २०६९**

तालिका ६.१ अनुसार परिवारमा छोरा छोरीलाई समान अधिकार दिएको छ कि छैन भन्ने कुरालाई देखाइएको छ । जहाँ समान अधिकार दिएको छ भन्नेको सङ्ख्या ३४ अर्थात् ६०.७१ प्रतिशत र छैन भन्नेको सङ्ख्या २२ अर्थात् ३९.२९ प्रतिशत रहेको छ । सबैभन्दा बढी समान अधिकार छ भन्नेमा ६०.७१ प्रतिशत रहेको पाइयो ।

## ६.२ असमान अधिकार

असमान अधिकार भन्नाले पाउनु पर्ने अधिकारहरू समान रूपमा नपाएको अवस्थालाई असमान अधिकार हो भन्ने बुझिन्छ । परिवारमा विभिन्न पक्षमा विभेद भएको पाइन्छ । यसरी विभेद हुनुमा समाजको परम्परागत मूल्यमान्यता,परिवारमा शैक्षिक चेतनाको कमी आदि जस्ता कारण हुन सक्छ । तर यस अध्ययनमा छात्राहरूले परिवारबाट कुन-कुन कुरामा असमान अधिकार भोगेका छन् भन्ने कुरालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ६.२**
**परिवारमा असमान अधिकारको अवस्था**

| असमान अधिकार | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| शिक्षा | १५ | ६८.१८ |
| स्वतन्त्रता | २ | ९.०९ |
| घरको काम | ३ | १३.६४ |
| माथिको सबै | २ | ९.०९ |
| जम्मा | २२ | १००% |

**स्रोत : स्थलगत सर्वेक्षण २०६९**

तालिका ६.२ अनुसार छात्राहरूले परिवारबाट कुनै न कुनै कुरामा असमान व्यवहार भएको महशुस गर्दछन् । त्यसमध्ये कुन-कुन कुरामा असमान अधिकार छ त भन्ने कुरालाई देखाउन खोजिएको छ । जहाँ शिक्षामा १५ अर्थात् ६८.१८ प्रतिशत, स्वतन्त्रतामा २

अर्थात् ९.०९ प्रतिशत, घरको काममा ३ अर्थात् १३.६४ प्रतिशत,माथिको सबै भन्नेमा २ अर्थात् ९.०९ प्रतिशतमा असमान अधिकार लागू भएको पाइन्छ । यहाँ सबै भन्दा बढी शिक्षामा ६८.१८ प्रतिशत रहेको पाइयो ।

## ६.३ सामाजिक रोक

समाजको कुनै पनि कियाकलाप हुँदा घरपरिवारले छोराछोरीलाई कस्तो अधिकार दिएको हुन्छ बाहिर हिड्ँन दिएको हुन्छ, हुँदैन भन्ने कुरालाई यसले विशेष जोड दिएको हुन्छ । छोरीलाई छोराको तुलनामा कतिको स्वतन्त्रता दिएको हुन्छ त ? किनकि लैङ्गिकताको हिसाबले गर्दा छोरी समाजमा छोरा जतिको खुला रूपमा हिड्ँन हुँदैन भन्ने परम्परागत रुढीबाद रहेको छ । यसरी कस्तो परिवारले सामाजिक रोक लगाएको छ भन्ने कुरालाई देखाउन खोजिएको छ ।

समाजमा कानूनी रूपले छोराछोरी बराबर छन्, समान अधिकार दिनुपर्छ भन्ने कुरा गरे पनि छोरीले धेरै कुरामा पछाडि परेको हुन्छ । उसले पाउने अधिकार पाएको हुँदैन । जहाँ सामाजिक रोक लगाउने गर्दछ । यसरी सामाजिक रोक लगाउँछ भने कुन कारणले लगाउँछ त भन्ने कुरालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ६.३**


**सामाजिक आधारमा उत्तरदाताको विवरण**

| सामाजिक रोक | उत्तरदाताको सङ्ख्या | प्रतिशत | रोक लगाउछ भने किन | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| लगाउछ | १४ | २५ | छोरी भएकाले | ८ | ५७.१४ |
| लगाउदैन | ४२ | ७५ | परिवार शिक्षित नहुनाले | ६ | ४२.८६ |
| | | | माथिको सबै | – | – |
| जम्मा | ५६ | १००% | जम्मा | १४ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०६९**

**चित्र ६.१(क)**


**सामाजिक रोकको आधारमा उत्तरदाताको विवरण**




तालिका ६.३ र चित्र ६.१ अनुसार छात्राहरूलाई सामाजिक रोक लगाँउछ भन्नेको सङ्ख्या १४ अर्थात् २५ प्रतिशत र लगाउँदैन भन्नेको सङ्ख्या ४२ अर्थात् ७५ प्रतिशत रहेको छ। यसमा सबै भन्दा बढी लगाउँदैन भन्नेको २५ प्रतिशत रहेको पाइयो।

**चित्र ६.१(ख)**

**सामाजिक रोक लगाउनुका कारणउ**



माथिको तालिका ६.३ र चित्र ६.२ (ख) अनुसार यदि छात्रालाई सामाजिक रोक लगाउँछ भने के कारणले लगाउँछ भन्नेमा छोरी भएकाले हो भन्नेको सङ्ख्या ८ अर्थात् ५७.१४ प्रतिशत, परिवार शिक्षित नहुनाले भन्नेको सङ्ख्या ६ अर्थात् ४२.८६ प्रतिशत जहाँ सबैभन्दा धेरै छोरी भएकाले भन्नेको सङ्ख्या ५७.१४ प्रतिशत रहेको पाइयो ।

## ६.४ संघसंस्थामा आबद्ध

अहिलेको समयमा सरकारी, गैह्रसरकारी दुबै थरीका संस्थाहरू स्थापना भएको पाइन्छ । प्राय मानिसहरू यस्ता संस्थाहरूमा आबद्ध रहेको हुन्छ । र आबद्ध हुनु पनि पर्दछ किनकि त्यस संस्थाबाट केही न केही राम्रा कुराहरू सिक्न पाइन्छ साथै अन्य विभिन्न फाइदाजनक कुराहरू पनि लिन सकिन्छ । यसै क्रममा यस उच्च मा.वि.मा अध्ययनरत छात्राहरू उमेरले अलि सानै भए पनि कुनै न कुनै संघसंस्थामा त आबद्ध रहेका छन् भन्ने कुरालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ६.४**

**संस्थामा आबद्धताको आधारमा उत्तरदाताको विवरण**

| आवद्ध | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| छु | १२ | २१.४३ |
| छैन | ४४ | ७८.५७ |
| जम्मा | ५६ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०६९**

माथिको तालिकामा छात्राहरू संघसंस्थामा आबद्ध रहेको छ भन्नेको सङ्ख्या १२ अर्थात् २१.४३ प्रतिशत र आबद्ध छैन भन्नेको सङ्ख्या ४४ अर्थात् ७८.५७ प्रतिशत रहेको छ । जहाँ सबैभन्दा बढी छैन भन्नेको सङ्ख्या ७८.५७ प्रतिशत रहेको पाइयो ।

## ६.५ आबद्ध छ भने के मा

यदि संघसंस्थामा आबद्ध छन् भने छात्राहरू कस्ता प्रकारका संस्थामा आबद्ध भएका छन् त भन्ने कुरालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ६.५**

**आबद्ध संस्थाको आधारमा उत्तरदाताको विवरण**

| आबद्ध | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| बालक्लब | ४ | ३३.३३ |
| आमा समूह | – | – |
| बचत समूह | ५ | ४१.६७ |
| गैह्रसरकारी संस्था | ३ | २५.०० |
| जम्मा | १२ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०६९**

तालिका ६.५ अनुसार बालक्लबमा ४ अर्थात् ३३.३३ प्रतिशत, आमा समूहमा आबद्ध हुनेको सङ्ख्या शून्य, बचत समूहमा ५ अर्थात् ६१.६७ प्रतिशत, गैह्रसरकारीमा ३ अर्थात् २५ प्रतिशत रहेको छ । जहाँ सबैभन्दा बढी बचत समूहमा ३३.३३ प्रतिशत र सबैभन्दा कम गैह्रसरकारी संस्थाामा आबद्ध हुनेको २५ प्रतिशत रहेको पाइयो ।

## ६.६ तालिम

तालिम भन्नाले कुनै पनि काममा दक्ष हुनाका निमित्त प्रख्यात र त्यस कामबाट जानकारीहरूले अन्य व्यक्तिहरूलाई जानकारी र सिकाउने कार्यलाई हामी तालिमका रूपमा बुझ्न सक्छौ । यसरी यस उच्च मा.वि.मा अध्ययनरत छात्राहरूले कुनै पनि प्रकारको तालिम लिएको छ कि छैन भन्ने कुरालाई यहाँ प्रस्तुत गरिएको छ ।

यदि तालिम लिएको भए पनि कुन र कस्ता संस्थाबाट लिएको छ त भन्ने कुरालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ६.६**


**तालिमका आधारमा उत्तरदाताको विवरण**

| तालिम | उत्तरदाताको सङ्ख्या | प्रतिशत | कसबाट | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| छ | १२ | २१.४३ | सरकारी संस्था | ५ | ४१.६७ |
| छैन | ४४ | ७८.५७ | गैह्रसरकारी | ७ | ५८.३३ |
| जम्मा | ५६ | १०० | जम्मा | १२ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०६९**

**चित्र ६.२ (क)**


**तालिमका आधारमा उत्तरदाताको विवरण**




तालिका ६.६ र चित्र ६.३ (क) अनुसार तालिम लिएको छ भन्नेको सङ्ख्या १२ अर्थात् २१.४३ प्रतिशत र छैन भन्नेको सङ्ख्या ४४ अर्थात् ७८.५७ प्रतिशत रहेको छ । जहाँ सबैभन्दा बढी तालिम लिएको छैन भन्नेको सङ्ख्या ४४ रहेको पाइयो ।

**चित्र ६.२(ख)**

**तालिम लिएको संस्था**



तालिका ६.६ र चित्र ६.४ (ख) अनुसार सरकारी संस्थाबाट तालिम लिएको छ भन्नेको सङ्ख्या ५ अर्थात् ४१.६७ प्रतिशत र गैह्रसरकारी संस्थाबाट भन्नेको सङ्ख्या ७ अर्थात् ५८.३३ प्रतिशत रहेको छ । जहाँ सबैभन्दा बढी तालिम लिएको छैन भन्नेको सङ्ख्या ५८.३३ प्रतिशत रहेको पाइयो ।

## ६.७ तालिमबाट फाइदा

तालिम लिएको भए त्यस तालिमले छात्राहरूको कुन पक्षमा बढी फाइदा पुऱ्यायो । तालिम भन्ने कुरा फाइदा मात्रा नभइयसले मानिसको विभिन्न पक्षमा सकारात्मक प्रभाव पुऱ्याउछ जसलाई तल प्रस्तुत गरिएको छ ।

**तालिका ६.७**

**तालिमले केमा फाइदा गरेको छ**

| फाइदा | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| शिक्षामा | ४ | ३३.३३ |
| व्यक्तित्व विकासमा | ५ | ४१.६७ |
| सामाजिक कार्य | १ | ८.३३ |
| माथिको सबै | २ | १६.६७ |
| जम्मा | १२ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०६९**

तलिका ६.६ अनुसार तालिमले शिक्षामा ४ अर्थात् ३३.३३ प्रतिशत, व्यक्तित्व विकासमा ५ अर्थात् ४१.६७ प्रतिशत, सामाजिक कार्यमा १ अर्थात् ८.३३ प्रतिशत र माथिको सबै भन्नेमा २ अर्थात् १६.६७ प्रतिशत रहेको छ । जहाँ सबैभन्दा बढी व्यक्तित्व विकासमा ४१.६७ प्रतिशतको फाइदा भएको पाइयो ।

## ६.८ नारी शिक्षा

शिक्षा भन्ने बित्तिकै सबैले प्राप्त गर्न पाउने नैसर्गिक अधिकार हो । यसर्थ शिक्षा विनाको जीवन अन्धकार हुन्छ । किनकि शिक्षा नै अँध्यारोबाट उज्जालोतर्फ अग्रसर गराउने माध्यम हो । वर्तमान समयमा शिक्षाको महत्त्व ज्यादै बढ्दो कममा छ । साथै हुनु पनि जरुरी छ, किनकि यो २१ औ शताब्दी हो । प्रत्येक घर घरमा शिक्षा पुगेको हुनुपर्छ र सबै शिक्षित पनि हुनुपर्दछ । यो कानूनी रूपमा भनिए पनि अझ सबै नागरिक शिक्षित छैन ।

यसै कममा हाम्रो देशमा छोरा छोरीलाई हेर्ने दृष्टिकोण अझ पनि संकुचित रहेको छ यसैले गर्दा छोराको तुलनामा छोरीको निमित्त महत्त्वपूर्ण पक्ष मानिन्छ ।

## ६.९ नारी शिक्षामा पछाडि पर्नुका कारण

कानूनी रूपमा छोराछोरीलाई समान अधिकार दिने भनिए पनि अझ सबै पक्षमा समान अधिकार पाएको छैन । शिक्षा अझ पनि पछाडि परेको पाइन्छ । तर के कारणले गर्दा पछि परेको छ त भन्ने कुरालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ६.८**

**शिक्षामा नारी पछाडि पर्नुका कारणको विवरण**

| शिक्षाबाट बञ्चित | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| चेतनाको कमी | २१ | ३७.५ |
| आर्थिक अभाव | १२ | २१.४३ |
| सामाजिक कारण | १७ | ३०.३६ |
| नारीको आफ्नै कमजोरी | ६ | १०.७१ |
| जम्मा | ५६ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०६९**

तालिका ६.७ अनुसार नारी शिक्षामा पछाडि पर्नुका कारणमा चेतनाको कमी भन्नेको सङ्ख्या २१ अर्थात् ३७.५प्रतिशत, आर्थिक अभावमा १२ अर्थात् २१.४३ प्रतिशत, सामाजिक कारणमा १७ अर्थात् ३०.३६ प्रतिशत र नारीको आफ्नै कमजोरीमा ६ अर्थात् १०.७१ प्रतिशत रहेको छ । जहाँ सबैभन्दा बढी चेतनाको कमी भन्नेको सङ्ख्या २१ र सबै भन्दा कम नारीको आफ्नै कमजोरी भन्नेमा ६ रहेको छ ।

## ६.१० शिक्षामा परिवारको भेदभाव

अभिभावक हाम्रो परिवारको घरमूली सदस्यलाई मान्दछौं । अभिभावकको मनजुरीमा हामीले आफ्नो कियाकलापहरू सञ्चालन गर्दछौं । अभिभावकको नै ठूलो हात हुन्छ कि परिवारको अन्य सदस्यलाई कस्तो रूपमा सञ्चालित गरेको छ र परिवारको सदस्यमा कुनै पनि पक्षमा भेदभाव गरेको छ कि छैन अझ बढी मात्रामा शिक्षामा अभिभावकको भूमिका कस्तो छ त भेदभाव गरेको छ कि छैन भन्ने कुरालाई तलको तालिका प्रस्तुत गरेको छ ।

**तालिका ६.९**

**परिवारको सदस्यहरूको भेदभावको आधारमा उत्तरदाताको विवरण**

| भेदभाव | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| बाबा | २२ | ३९.२८ |
| आमा | १४ | २५ |
| दिदी/बहिनी | ८ | १४.२९ |
| दाजुभाइ | १२ | २१.४३ |
| जम्मा | ५६ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०६९**

तालिका ६.९ अनुसार परिवारको सदस्यहरूले छात्राहरूको शिक्षामा बाबाले विभेद गर्छ भन्नेमा २२ अर्थात् ३९.२८ प्रतिशत, आमाले १४ अर्थात् २५ प्रतिशत, दिदी/बहिनीले ८ अर्थात् १४.२९ प्रतिशत र दाजुभाइले गर्छ भन्नेमा १२ अर्थात् २१.४३ प्रतिशत रहेको पाईयो । जहाँ बाबाले गर्ने विभेदमा ३९.२८ प्रतिशतको बाहुल्य रहेको पाइयो ।

## ६.११ विद्यालयमा विभेद

विभेद भन्ने कुरा जहाँ पनि हुन सक्छ चाहे घर, चाहे बाहिर जहाँ पनि हुन्छ । यसै क्रममा विद्यालयमा शिक्षामा विभेद छ कि छैन भन्ने कुरालाई प्रस्तुत गरिएको छ ।

**तालिका ६.१०**

**विद्यालयका सदस्यका आधारमा भेदभावको विवरण**

| भेदभाव | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| शिक्षक | २० | ३५.७१ |
| शिक्षिका | – | – |
| कर्मचारी | १५ | २६.७९ |
| छात्रछात्रा | २१ | ३७.५ |
| जम्मा | ५६ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०६९**

तालिका ६.१० अनुसार विद्यालयमा विभेद गर्नेमा शिक्षकको सङ्ख्या २० अर्थात् ३५.७१ प्रतिशत, शिक्षिकामा शून्य, कर्मचारीमा १५ अर्थात् २६.७९ प्रतिशत र छात्रछात्रामा २१ अर्थात् ३७.५ प्रतिशत रहेको छ । जहाँ सबैभन्दा बढी छात्रछात्रामा २१ र सबैभन्दा कम कर्मचारीमा रहेको छ ।

***वैयक्तिक अध्ययन २***

*उन्नाईस बर्षीय पूजा गुरुङ कक्षा १२ मा अध्ययनरत छिन् । उनको जन्म बहाकोट गा.वि.स. वडा नः ९ काहुले गाउँमा भएको थियो । उनको परिवारमा ४ छोराछोरी , बुवा, आमा गरी जम्मा ६ जनाको परिवार रहेको छ । उनको परिवारलाई मध्यम वर्गीय भन्न सकिन्छ । घरमा आर्थिक स्रोतको माध्यममा कृषि, पशुपालन र पेन्सन ( भारतीय पेन्सनर ) रहेको छ । परिवारमा कृषि उत्पादनले ६ महिनालाई पुगे पनि पेन्सनले नै घरको खर्च चलाउने गर्दछ । उनको शिक्षा भने एस.एल.सी. देखि उच्च मा.वि.को शिक्षा यसै विद्यालयबाट लिएको पाइन्छ र दिदीहरूले पनि यसै सरकारी विद्यालयबाट पढेको पाइन्छ । घरमा अन्य सेवा सुविधा, हक अधिकार छोराछोरीलाई समान अधिकार छ । यसरी समान अधिकार भए पनि शिक्षाको क्षेत्रमा भने ठूलो विभेद देख्न सकिन्छ । किनकि पूजाको भाइलाई कक्षा १ दॆखि नै नीजी विद्यालयमा पढाएको पाइन्छ भने छोरीहरू सबै सरकारी विद्यालयमा पढेको पाइन्छ । यस्तो किसिमको विभेद उनको परिवारमा बावु, आमा अशिक्षित, सामाजिक रुढीबादी साथै पित्तृसत्तात्मक समाज हुनाले गर्दा भएको भन्ने धारणा व्यक्त गरिन् । तर उनको विचारलाई प्रस्तुत गर्नुपर्दा उनको पनि निजी विद्यालयमा पढ्ने इच्छा रहेको बताइन् । उनले निजी विद्यालय पढ्न नपाए पनि सरकारी विद्यालयमा भए पनि पढ्न पाएकामा खुसी नै छिन् ।*

# अध्याय सात

# अध्ययनको सारांश, निष्कर्ष तथा सुझावहरू

## ७.१ अध्ययनको सारांश

मूलत : यो अध्ययन छात्राहरूको शिक्षामा लैङ्गिकताको प्रभाव भन्ने विषयमा आधारित एउटा समाजशास्त्रीय अध्ययन रहेको छ । यो अध्ययन स्याङ्जा जिल्ला कोल्मा गा.वि.स.मा रहेको कोल्मा उच्च माध्यमिक विद्यालयमा केन्द्रित रहेर गरिएको अध्ययन हो । जसमा छात्रा शिक्षामा लैङ्गिकताले कस्तो किसिमको प्रभाव पारेको छ भन्ने कुरालाई विशेष प्राथमिकता दिएको छ । उक्त उद्देश्यहरू प्राप्त गर्नका निमित्त त्यस उच्च मा.वि.मा अध्ययनरत छात्र, छात्रा, शिक्षक तथा केही अभिभावकसंग भेटघाट गरेर अन्तर्वार्ता अनुसूची विधिको प्रयोग गरी प्राथमिक तथ्यांक सङ्कलन गरिएको थियो । यस शोधपत्रमा समाजशास्त्रीय पद्धति अनुसार तयार गरिएको छ । अध्ययनलाई व्यवस्थित रूप दिनको लागि मान्यता प्राप्त तथ्यांकशास्त्रीय विधिअनुरूप तालिकीकरण, प्रतिशत तथा तथ्यांकको प्रस्तुतीकरण र आवश्यकताअनुसार वर्णानात्मक शैलीको प्रयोग गरिएको छ ।

नेपाल विकासोन्मुख राष्ट्र हो । यस देशमा तीव्र गतिमा आर्थिक विकास हुन सकेको छैन । देशको विकासको आर्थिक विकास हुनु जरुरी छ । विकासका लागि शैक्षिक विकास महत्त्वपूर्ण पक्ष हो । शैक्षिक विकास विना राष्ट्रिय विकास असम्भव छ । नेपालको सरकारी विद्यालयको संङ्ख्यात्मक रूपमा वृद्धि भए पनि गुणस्तरमा भने सन्तोषजनक सुधार हुन सकेको छैन । महिला र पुरुष एक रथका दुई पाङग्रा भनिए तापनि समाजमा महिलालाई पुरुषको तुलनामा कमजोर व्यक्तिका रूपमा परिचित गरिएको हुन्छ । यसर्थ, हरेक क्षेत्रमा पुरुषको तुलनामा महिला अधिकारबाट वञ्चित साथै असमान हक पाएको हुन्छ । यसैले महिलाले बाहिरी संसार त्यति बुझ्न पाएको हुँदैन । अभिभावकहरूमा शैक्षिक चेतनाको कमीले गर्दा छात्राहरूको शिक्षामा प्रभाव पारेको पाइन्छ । किनभने परम्परागत रुढीवादीमा लागेर छोरीलाई शिक्षा किन दिनु पर्‍यो यदि शिक्षित बनाउनु परे पनि सरकारी विद्यालयमा पढाउने प्रचलन बढी छ । आर्थिक रूपमा सम्पन्न व्यक्तिले आफ्ना छोराछोरीलाई नीजी विद्यालयमा पढाउने भएकाले पनि छात्रा शिक्षामा प्रभाव परेको छ । यसरी तालिकीकरण र आवश्यकता अनुसार विश्लेषण गरी निम्न निस्कर्ष निकालिएको छ ।

## मुख्य प्राप्तीहरू

- अध्ययन गरिएको क्षेत्रमा उत्तरदातामध्ये ५० प्रतिशत ब्राहमण/ क्षत्री, जनजातिमा ३७.५ प्रतिशत र दलितमा १२.५ प्रतिशत जहाँ ब्राहमण/क्षत्रीको बाहुल्य रहेको पाईयो ।

- उत्तरदाताहरूले बोल्ने भाषामा ६६.०७ प्रतिशत नेपाली , १२.५ प्रतिशत मगर र २१.४३ प्रतिशत गुरुङ भाषा बोल्ने भेटियो ।

- छात्राहरूले मनाउने धर्ममा ७८.५७ प्रतिशत हिन्दू र २१.४३ प्रतिशत बौद्ध रहेको पाइयो ।

- उत्तरदाताको उमेरलाई हेर्दा १५–२० बर्षका छात्राहरू ९१.०७ प्रतिशत र २० देखि माथिका ८.९३ प्रतिशत रहेको पाईयो ।

- उत्तरदाताहरूमा ८०.३६ प्रतिशत छात्रा १२ कक्षामा र १९.६४ प्रतिशत ११ कक्षामा अध्ययनरत रहेको देखियो ।

- अध्ययन गरिएका छात्राहरूमध्ये ८०.३६ अविवाहित र १९.६४ विवाहित रहेको पाइयो ।

- छात्राहरूले एस.एल.सी. सम्मको अध्ययन ९०.६४ प्रतिशत सरकारी, ५.३६ प्रतिशत निजी विद्यालयमा अध्ययन गरेको देखियो भने छात्राहरूको दाजुभाइले ६७.८६ प्रतिशत सरकारी र ३२.१४ प्रतिशत निजी विद्यालयमा अध्ययन गरेको पाइयो ।

- छात्राहरूले शिक्षाको अलावा ८७.५ प्रतिशतले घरायसी काम गर्ने र १२.५ प्रतिशतले नोकरी गर्ने गरेको पाइयो । यसमा ५७.१४ प्रतिशतले सरकारी र ४२.८६ प्रतिशतले गैह्सरकारी नोकरी गरेको पाइयो ।

- छात्राहरूले स्कूलबाट फर्केपछि घरायसी काम गर्नेमा ५३.५७ प्रतिशत, घाँसदाउरा गर्नेमा १६.०७ प्रतिशत र पढ्ने मात्र भन्नेमा २१.४३ प्रतिशत रहेको पाइयो ।

- छात्राहरूको दाजुभाइले स्कूलबाट फर्केपछि गर्ने काममा ५७.१४ प्रतिशतले पढ्ने काम मात्र ३.५७ प्रतिशतले घरायसी काम, १०.७२ प्रतिशतले घाँस दाउरा र २८.५७ प्रतिशतले खेतबारीमा गरेको पाइयो ।

- उत्तरदाताको घरको आर्थिक अवस्थालाई हेर्नु पर्दा ७८.५७ प्रतिशत मध्यम, १६.०७ प्रतिशत न्यून र ५.३६ प्रतिशत उच्च आर्थिक अवस्था रहेको पाइयो ।

- उत्तरदाताहरूको परिवारमा ८५.७१ प्रतिशत नोकरी भएको र १४.२९ प्रतिशतमा नोकरी नभएको पाइयो । भने नोकरीमा पनि २८.५७ प्रतिशतले सरकारी नोकरी र ५७.१४ प्रतिशतले वैदेशिक नोकरी गर्ने गरेको पाइयो ।

- आर्थिक स्रोतको माध्यमहरूमा ३९.२८ प्रतिशत नोकरी, ३७.५ प्रतिशत वैदेशिक रोजगारी, १४.२९ प्रतिशत कृषि पशुपालन र ८.९३ प्रतिशतले ज्यालामजदूरी गर्ने गरेको पाइयो ।

- छात्राहरूको परिवारको आम्दानीबाट खर्च चलाउन सकिन्छ भन्नेमा ४४.६४ प्रतिशत, निर्वाह मात्र हुन्छ भन्नेमा ४१.०७ प्रतिशत र १४.२९ प्रतिशतले सकिदैन भन्ने रहेको पाइयो ।

- उत्तरदाताहरूको परिवारमा आर्थिक कारोबार बाबाले गर्छ भन्नेमा ४२.८६ प्रतिशत, परिवारको सहमतिमा ३०.३६ प्रतिशत र आमाले गर्छ भन्नेमा २६.७८ प्रतिशत रहेको पाइयो ।

- छात्राहरूलाई कतिसम्म पढ्ने विचार छ भन्नेमा १२ देखि माथि भन्नेमा ५० प्रतिशत, १२ पास मात्र भन्नेमा २५ प्रतिशत र परिवारले पढाएमा पढ्छु भन्नेमा २५ प्रतिशत रहेको पाइयो ।

- उत्तरदातालाई १२ पासपछि परिवारले के गर्छ जस्तो लाग्छ भन्नेमा ५१.७९ प्रतिशतले १२ देखि माथि पढाउनु हुन्छ, १९.६४ प्रतिशतले विवाह गरिदिनु हुन्छ, १७.८६ प्रतिशतले पढाउन सक्नुहुँदैन र सकेर पनि पढाउनु हुँदैन भन्नेमा १०.७१ प्रतिशत रहेको पाइयो ।

- छात्राहरूलाई सकेर पनि नपढाएकामा छोरी भएर भन्नेमा ५० प्रतिशत, शिक्षामो महत्व नबुझेर भन्नेमा ३३.३३ प्रतिशत र चेतनाको कमी भन्नेमा १६.६७ प्रतिशत रहेको पाइयो ।

- उत्तरदातालाई पढेर के गर्ने विचार छ भन्नेमा जागिर खानेमा ७५ प्रतिशत , व्यापार गर्ने ७.१४ प्रतिशत, विदेश जानेमा १०.७२ प्रतिशत र सामान्य जीवन बिताउनेमा ७.१४ प्रतिशत रहेको पाइयो ।

- छात्राहरूमा यदि छोरा भएको भए अझ शिक्षा राम्रो हुन्थ्यो भन्नेमा ७८.५७ प्रतिशत र केही फरक हुदैन भन्नेमा २१.४३ प्रतिशत रहको पाइयो ।

- यदि राम्रो हुन्थ्यो भने किन भन्नेमा पढ्ने समय प्रशस्त हुन्थ्योमा ५६.८२ प्रतिशत, घरमा काम गर्न पर्दैनथ्यो भन्नेमा २७.२७ प्रतिशत र जति बेला नि हिड्न पाउथ्यो भन्नेमा १५.९१ प्रतिशत रहेको पाइयो ।

- छात्राहरूमा लाग्दैन भन्नेमा ५८.३३ प्रतिशत अप्ठारो छैन र पढेर पनि केही हुदैन भन्नेमा ४१.६७ प्रतिशत रहेको पाइयो ।

- छात्राहरूको परिवारमा समान अधिकार छ भन्नेमा ६०.७१ प्रतिशत र छैन भन्नेमा ३९.२९ प्रतिशत रहेको र समान अधिकार छैन । यहाँ समान अधिकार छ भन्नेको धेरै बहुमत रहेको पाइयो ।

- समान अधिकार नहुनेमा शिक्षामा ६८.१८ प्रतिशत, घरको काममा १३.६४ प्रतिशत र स्वतन्त्रतामा ९.०९ प्रतिशत र माथिका सबै भन्नेमा ९.०९ प्रतिशत रहेका पाइयो ।

- छात्राहरूलाई सामाजिक रोक लगाउछ भन्नेमा २५ प्रतिशत र लगाउदैन भन्नेमा ७५ प्रतिशत रहेको पाइयो र यदि रोक लगाँउछ भने के मा भन्नेमा छोरी भएकोमा ५७.१४ प्रतिशत र परिवार शिक्षित नहुनाले भन्नेमा ४२.८६ प्रतिशत रहेको छ ।

- उत्तरदाताहरू संघसंस्थामा आबद्ध छ भन्नेमा २१.४३ प्रतिशत र छैन भन्नेमा ७८.५७ प्रतिशत र आबद्ध भएमा बचत समूहमा ४१.६७ प्रतिशत, बालक्लबमा ३३.३३ प्रतिशत र गैह्रसरकारी संस्थामा २५ प्रतिशत रहको पाइयो ।

- सरकारी संस्थाबाट तालिम लिएकामा ४१.६७ प्रतिशत र ५८.३३ प्रतिशत गैह्सरकारी संस्थाबाट लिएको पाइयो ।

- छात्राहरूलाई नारी शिक्षा महत्वपूर्ण लाग्छ र शिक्षामा पछाडि पर्नुमा चेतनाको कमि भन्नेमा ३७.५ प्रतिशत, सामाजिक कारणमा ३०.३६ प्रतिशत, आर्थिक अभावमा २१.४३ प्रतिशत र नारीको आफ्नै कमजोरी हो भन्नेमा १०.७१ प्रतिशत रहेको पाइयो ।

- छात्राहरूको शिक्षामा बाबाले ३९.२८ प्रतिशत ,आमाले २५ प्रतिशत , दाजुभाई १२ प्रतिशत र दिदी बहिनीले १४.२९ प्रतिशतले विभेद गर्दछ । र विद्यालयमा शिक्षकले ३५.७१ प्रतिशत,दाजुभाईले २१.४३ प्रतिशतले र छात्रछात्राले ३७.५ प्रतिशत र कर्मचारीले २६.७९ प्रतिशतले विभेद गरेको पाइयो ।

## निष्कर्ष

विद्यार्थीहरूको शैक्षिक जीवनमा विभिन्न पक्षहरूले प्रभाव पार्ने गर्दछ । हाम्रो समाजमा गर्भको अवस्थादेखि नै महिलाहरूप्रतिको विभेद शुरुवत हुने गर्दछ । यसरी महिला छात्राहरूमा शिक्षाको कममा लैङ्गिकताले कस्तो प्रभाव पारेको छ भन्ने कुरालाई अध्ययन गर्ने कममा यो शोधपत्र स्याङजा जिल्ला कोल्मा गा.वि.स.–६ मा अवस्थित कोल्मा उच्च मा.वि.मा अध्ययनरत ११/१२ का छात्राहरूलाई विशेष केन्द्रित रहि गरिएको अध्ययन हो । यस अध्ययनबाट छात्राहरूमा लैङ्गिकताको साथै, सामाजिक, आर्थिक, सांस्कृतिक परम्परागत मूल्य-मान्यताहरूले पनि प्रभाव पारेको देखिन्छ । छात्राहरूमा एस.एल.सी सम्मको अध्ययनमा बढी मात्रामा सरकारी विद्यालयमा नै पढेका र दाजुभाइ भने केही मात्रामा भए पनि नीजी विद्यालयमा अध्ययन गरेको पाइन्छ । छात्राहरूमध्ये थोरै मात्रा जागिर गरेको पाईयो । जहाँ छात्रको तुलनामा छात्राहरू बढी मात्रामा घरायसी काममा व्यस्त रहने गरेको देखिन्छ । पारिवारिकसंरचना अनुसार मध्यम वर्गीय परिवार रहेको पाइन्छ । वर्तमान

अवस्थामा प्राय गरी शिक्षाबाट खासै वञ्चित रहेको पाइँदैन । छात्राहरूले आफूहरूमा भएको लैङ्गिक विभेदका कारणले छोरा भएको भए अझ जीवनमा राम्रो गर्न सकिन्थ्यो पढाइलाई बढी समय दिन सकिन्थ्यो भन्ने विचार धारणा व्यक्त गरेको पाइन्छ । छात्राहरूले नारी शिक्षा आफैमा एक महत्त्वपूर्ण विषय हो भन्ने धारणा व्यक्त गरेको पाइन्छ । छात्राहरूले पनि शिक्षा लिन सके आफ्नो व्यक्तित्व विकास गर्न सक्दछन्, साथै परिवारलाई पनि शिक्षित बनाउन सक्छन् ।

## सुझावहरू

यस अध्ययनहरूबाट कोल्मा उच्च मा.वि.मा अध्ययनरत छात्राहरूका सवालमा विभिन्न किसिमका चुनौतीहरूसमेत देखापरेका छन् । लैङ्गिक रूपमा यहाँका छात्राहरूले विभिन्न समस्याहरू भोग्नु परेको यथार्थता यस अध्ययनबाट स्पष्ट भएको छ । यस उच्च मा.वि.मा अध्ययनरत छात्राहरूका पक्षमा निम्न सुझावहरू प्रस्तुत गरिएको छ

- शिक्षा प्राप्त गर्नमा आफ्नो ध्यान शिक्षामा भए जस्तो सुकै विद्यालय भए पनि मिहिनेत र परिश्रम ठूलो हो भन्ने कुरालाई बुझ्न जरुरी छ ।
- परिवारले समानुपातिक तवरमा हरेक क्रियाकलापमा समान भूमिका निर्वाह गर्नुपर्छ ।
- घरायसी कामको अलावा पढ्ने समयमा वृद्धि गराउने ।
- घरायसी निर्णय र आर्थिक कारोवारमा महिला सहभागिता बढाउन पितृसत्तात्मक सोचको अन्त्य हुनुपर्छ ।
- हरेक क्षेत्रमा छात्र/छात्रामा समान सहभागिता गरी देशमा विकास प्रक्रिया अगाडि बढाउनका लागि सकारात्मक विभेदको नीति अवलम्बन गर्नु जरुरी छ ।
- छात्राहरूको क्षमता अभिवृद्धि एवम् जीवनस्तर सुधार गर्नामा परिवारले पूर्ण भूमिका निर्वाहको आवश्यकता पर्दछ ।
- छात्राहरूको रोजगारी र सामार्थ्य बृद्धि गर्न परिवारले कुनै किसिमको अवरोध खडा नगरी स्वतन्त्रता दिनुपर्दछ ।
- महिलालाई अर्काको घर खाने जात हो भनी शिक्षाबाट वञ्चित नगरी अगाडिको शिक्षामा अग्रसर गराउनु पर्छ ।

# सन्दर्भ सामग्री

आचार्य, बलराम (२०६१). ***लैङ्गिगक अध्ययन ;*** काठमाण्डौ : नेशनल वुक्स सेन्टर ।

आर्चाय, बलराम (२०५९). ***अनुसन्धान पद्धति तथा प्रतिवेदन ;*** काठमाडौ : नेशनल बुक्स सेन्टर ।

आचार्य, मिना (२०५८). ***जेण्डर एण्ड डेमोक्रेसी* इन**; नेपाल : सेन्टरल डिर्पाटमेन्ट अफ हेभि साइन्स त्रि.वि.

ओकली, ऐन (१९८५). ***सेक्स, जेण्डर एण्ड सोसाइटी ;*** लण्डन : गोवर पब्लिसिङ्ग कम्पनी, इङ्गल्याण्ड ।

काफ्ले, रामेश्वर (२०६४). ***जनसख्या शिक्षाको आधार;*** काठमाण्डौ : नेशनल पब्लिकेशन सेन्टर ।

*कास्की शैक्षिक दर्पण २०६२-११-१६ ।*

*गा.वि.स.को वस्तुगत विवरण ।*

चौलागाई, तिलकप्रसाद पोखरेल नानिराज, सापकोटा, केशवराज (२०६०). ***लैङ्गिगक अध्ययन ;*** काठमाण्डौ : न्यूहिरा वुक्स इन्टर प्राइजेज कीर्तिपुर ।

चौलागाईं तिलक प्रसाद, श्रेष्ठ डा. केशवकुमार, सापकोटा केशवराज (२०६६), ***लैङ्गिक अध्ययन; काठमाडौ :*** एकेडेमिक बुक सेन्टर कीर्तिपुर ।

***जि.वि.स.को वस्तुगत विवरण*** (२०६६) स्याङजा ।

जोशी, सविता ठाकुर (१९९९). ***विमिन एण्ड डेभलमेन्ट;*** न्यू दिल्ली : मित्तल पब्लिकेशन ।

***डकार, सम्मेलनले निर्धारण गरेको सर्वेक्षणका लागि शिक्षाको लक्ष्यहरु ।***

तुम्बाहाङ्फे, शिवमाया (२०५९). ***नेपालमा महिला आन्दोलन;*** अखिल नेपाल महिला संघ, नेपाल ।

*दक्षिण एसियाली महिला संजाल २०१०।*

दास, प्रभाकरलाल (२०५७). ***लैङ्गिक अध्ययन*** ; काठमाडौ : रेखारानी प्रकाशन ।

***नयाँ संविधान निर्माण नेपाली जनताका लागि मार्ग दर्शन*** **पेज १०९ ।**

पौडेल, तुलसीराम (२०५९). ***लैङगिक अध्ययनको रुपरेखा,*** काठमाडौ : प्रर्दशनी मार्ग ।

भासिन, कमला (१९९३). ***पितृसत्ता के हो?;*** काली फर वीमन न्यू दिल्ली ।

भासिन, कमला (२०००). ***अन्डर स्ट्याण्डिङ जेन्डर कलिफर विमिन ;*** न्यू दिल्ली ।

मगर, राना मनी (२०६८). ***मगर समुदायमा छात्राहरुको शैक्षिक अवस्था;*** मातृभूमि उच्च मा.वि.,स्याङजा-११, अप्रकाशित शोधपत्र, समाजशास्त्र/मानवशास्त्र विभाग, पृथ्वीनारायण क्यापस पोखरा ।

महिला जागरण तथा विकास केन्द्र (श्रावण, २०६२), ***महिला शशक्तिकरणका लागि कानूनी अधिकार ।***

रायमाझी, हिक्मतबहादुर *(२०६१).* ***नेपालको जनसङ्ख्या ;*** काठमाडौ : न्यू हिरा बुक्स इन्टर प्राइजेज ।

***विद्यालय सुधार योजना*** २०६८

शर्मा, सुरेशराज (२०५७). ***वर्तमान शिक्षा प्रणालीको विश्लेषणात्मक विवेचना*** ; प्रथम संस्करण ।

***शैक्षिक अभिमत*** (२०६५). प्रकाशक, नेपाल शिक्षकसंघ कास्की ।

शर्मा एण्ड शर्मा, (२०६५). ***नेपालमा प्राथमिक शिक्षा*** ; काठमाडौं : एम. के पब्लिर्सस एण्ड डिष्ट्रिव्युटर्स ।

शर्मा, चिरञ्जीवी (२०६३). ***पाठ्यक्रम योजना र अभ्यास,*** काठमाडौ : एम.के पब्लिर्शस एण्ड डिष्ट्रिव्यूटर्स भोटाहिटी ।

त्रिभुवन विश्वविद्यालय २५ औ वार्षिक दिवश विशेषाङ्क २०६८ ।

## English reference

Geortivin, Margrete (1993). ***A Gender Perspective to Irregation Management*.** IN. I. M.E /I.O.E. Seminar Series on Irregation management, Kathmandu.

Gidens, Anthoni (2001). ***Sociology, Precise Association which Black one*** Publisher Limited U.K.

Gordon, marshall (1998). ***The concise oxford Dictionary of sociolog;*** oxford university : press newyork.

Luitel, Samira (1992). ***women in Development;*** karnali offset printing support press : nayabazar phiko tole .

Ritzer, George (1996). ***Modern sociological Theory;*** MC Graw Hill company New Delhi.

## अनुसूची १

### उत्तरदाताबाट सूचना सङ्कलन गर्नमा प्रयोग गरिएको अन्तर्वार्ता अनुसूचि

उत्तरदाताको नाम थर : धर्म :

उमेर : वैवाहिक स्थिति :

जातजाति : पारिवारिक सङ्ख्या :

भाषा :

१) तपाईकति कक्षामा पढ्नुहुन्छ ?

क) ११ ख) १२

२) तपाईं स्वइच्छा वा परिवारको करकापले पढ्नुभएको हो ?

क) स्वइच्छा ख) करकापले

३) यदि करकापले हो भने कसको करकापले हो ?

क) बुवा ख) आमा

ग) दाजुभाइ घ) दिदी बहिनी

४) तपाईंको शिक्षालाई परिवारले हेर्ने दृष्टिकोण कस्तो छ ?

क) सकारात्मक ख) नकारात्मक

५) तपाईंको दाजुभाइ कस्तो विद्यालयमा पढ्नुहुन्छ ?

क) सरकारी ख) नीजी

६) तपाईंले एस. एल. सी. सम्मको शिक्षा कस्तो विद्यालयबाट लिनुभयो ?

क) सरकारी ख) निजि

७) तपाई शिक्षाको अलावा के गर्नु हुन्छ ?

क) नोकरी ख) घरायसी

८) यदि नोकरी गर्नुहुन्छ भने के मा गर्नुहुन्छन् ?

क) सरकारी ख) गैरसरकारी

९) तपाईं विद्यालयबाट फर्केपछि के काम गर्नुहुन्छ ?

क) पढ्ने काममात्र ख) घाँस-दाउरा

ग) खेतबारीमा घ) घरायसी काम

१०) विद्यालयबाट फर्केपछि तपाईंको दाजुभाइ के गर्नुहुन्छ ?

क) पढ्ने काममात्र ख) घाँस-दाउरा

ग) खेतबारीमा घ) घरायसी काम

११) तपाईंको घरको आर्थिक अवस्था कस्तो छ ?

क) न्यून ख) मध्यम ग) उच्च

१२) तपाईंको परिवारमा कसैको नोकरी छ कि छैन ?

क) छ ख) छैन

१३) यदि नोकरी छ भने कस्तो प्रकारको छ ?

क) सरकारी ख) वैदेशिक रोजगार

१४) तपाईंको परिवारमा आर्थिक स्रोतका माध्यम के-के छन् ?

क) नोकरी ख) वैदेशिक रोजगार

ग) कृषि-पशुपालन घ) ज्याला मजदुरी

१५) तपाईंको परिवारको आम्दानीबाट खर्च धान्न सकिन्छ ?

क) सकिन्छ ख) सकिदैन ग) निर्वाह मात्र हुन्छ

१६) घरको आर्थिक कारोबार कसले गर्छ ?

क) बुवा ख) आमा

ग) दाजुभाइ घ)परिवारको सहमतिमा

१७) परिवारले तपाइँ र दाजुभाइलाई समान अवसर र स्वतन्त्रता दिएको छ ?

क) छ ख) छैन

१८) यदि छैन भने के मा असमानता छ जस्तो लाग्छ ?

क) शिक्षा ख)स्वतन्त्रता

ग) घरको काम घ) माथिका सबै

१९) तपाईलाई सामाजिक कार्यमा जान परिवारले रोक लगाउँछ कि लगाउँदैन ?

क) लगाउँछ ख) लगाउँदैन

२०) यदि रोक लगाउँछ भने किन होला जस्तो लाग्छ ?

क) छोरी भएकाले ख) परिवार शिक्षित नभएकाले

ग) समाजमा चेतनाको कमी घ) माथिका सबै

२१) तपाइँ कुनै सङ्सस्थामा आबद्ध हुनुहुन्छ ?

क) छु ख) छैन

२२) यदि हुनुहुन्छ भने के मा आबद्ध हुनुहुन्छ ?

क) बाल क्लब ख) आमा समूह

ग) बचत समूह घ) गैरसरकारी सस्था

२३) तपाइँले कुनै प्रकारको तालिम लिनुभएको छ ?

क) छ ख) छैन

२४) यदि छ भने कसले दिएको थियो ?

क) सरकारी सस्था      ख) गैरसरकारी संस्था

२५) यदि तालिम लिनु भएको छ भने के मा फाइदा लिनुभयो ?

क) शिक्षामा      ख) व्याक्तित्व विकासमा

ग) सामाजिक कार्य      घ) माथिका सबै

२६) तपाईंले कति सम्म पढ्ने विचार गर्नु भएको छ ?

क) १२ पास मात्र      ख) १२ देखि माथि

ग) परिवारले पढाउनु भयो भने पढ्छु ?

२७) १२ पासपछि परिवारले के गर्छ जस्तो लाग्छ ?

क) १२ देखि माथि पढाउनुहुन्छ      ख) पढाउन सक्नुहुँदैन

ग) सकेर पनि पढाउनु हुँदैन      घ) विवाह गरिदिनुहुन्छ

२८) यदि सकेर पनि पढाउनु हुँदैन जस्तो लाग्छ भने किन होला ?

क) शिक्षाको महत्त्व नबुफेर      ख) जागिर नपाउने भएर

ग) छोरी भएर      घ) चेतनाको कमी भएर

२९) पढेर के गर्ने विचार छ तपाईंको ?

क) जागिर खाने      ख) व्यापार गर्ने

ग) बिदेश जाने      घ) सामान्य जीवन बिताउने

३०) तपाईंलाई यदि छोरा भएको भए शिक्षामा अफै राम्रो गर्थै जस्तो लाग्छ कि लाग्दैन ?

क) लाग्छ      ख) लाग्दैन

३१) यदि लाग्छ भने किन ?

क) घरमा काम गर्नु पर्दैनथ्यो । ख) पढ्ने समय प्रशस्त हुन्थ्यो ।

ग) जति वेला पनि हिड्न पाइन्थ्यो ।

३२) यदि लाग्दैन भने किन ?

क) परिवारमा केही अप्ठायारो छैन ख) म आफै पढ्न सक्दिन ।

ग) पढेर पनि केही हुँदैन घ ) छोरीले पढेर के हुन्छ ।

३३ ) नारीलाई शिक्षा सबैभन्दा ठूलो कुरा हो जस्तो लाग्छ कि लाग्दैन ?

क ) लाग्छ ख ) लाग्दैन ।

३४ ) नारी शिक्षामा पछाडि पर्नुमा के कारण हुन सक्छ जस्तो लाग्छ ?

क ) चेतनाको कमी ख ) आर्थिक अभाव

ग ) सामाजिक कारण घ ) नारीको आफ्नै कमजोरी

३५ ) शिक्षा प्राप्तिमा घरका अभिभावकहरुमा कसले बढी विभेद गर्दछ ?

क ) बाबा ख ) आमा

ग ) दिदी - बहिनी घ ) दाजुभाइ

३६ ) शिक्षा आर्जनमा विद्यालयमा कसले बढी विभेद गर्दछ ?

क ) शिक्षक ख ) शिक्षिका

ग )कर्मचारी घ ) छात्र -छात्रा

३७ ) नारीको शिक्षामा सुधार गर्न तपाइँको परिवार तथा राज्यको के गरोस् जस्तो लाग्छ ?

........................................................................................................................

३८ ) तपाईलाई केही भन्न मन लागेको छ ?

........................................................................................................................।